# नेपाल राजपत्र


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख २१ गते, २०८३ साल (संख्या ५


## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ०२

### भन्सार नियमावली, २०८३

भन्सार ऐन, २०८२ को दफा १३० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "भन्सार नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले भन्सार ऐन, २०८२ सम्झनु पर्छ।

(ख) "छनौट प्रणाली" भन्नाले वस्तु जाँचपास गर्दा जोखिम सूचक र जोखिम प्रोफाइलको आधारमा ऐनको दफा २३ को उपदफा (२) बमोजिमका मार्ग व्यवस्था गर्ने कार्यको लागि कम्प्युटर प्रणालीमा राखिने छनौट प्रणाली (सेलेक्टिभिटि मोड्युल) सम्झनु पर्छ।

(ग) "जोखिम विश्लेषण समिति" भन्नाले नियम २३ को उपनियम (१) बमोजिमको समिति सम्झनु पर्छ।

(घ) "जोखिम व्यवस्थापन इकाइ" भन्नाले नियम २४ को उपनियम (१) बमोजिमको इकाइ सम्झनु पर्छ।

(ङ) "मिल्दोजुल्दो वस्तु (सिमिलर गुड्स)" भन्नाले देहायको वस्तु सम्झनु पर्छ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) मूल्याङ्कन गर्न लागिएको वस्तुसँग सबै पक्षमा समान नभए पनि उस्तै बनोट सामग्रीको अंश, उस्तै विशेषता भएको कारणले उस्तै काम गर्नसक्ने र वस्तुको गुण, ख्याति तथा व्यापारिक चिन्ह (ट्रेडमार्क) को हिसाबले मिल्दोजुल्दो भई कमर्सियल रूपमा साटासाट गर्न सकिने प्रकृतिको वस्तु, र

(२) मूल्याङ्कन गर्न लागिएको वस्तु उत्पादन भएको मुलुकमा नै सोही उत्पादकबाट उत्पादन भएको वा सोही उत्पादकबाट उत्पादन भएको वस्तु उपलब्ध नभएको अवस्थामा अन्य उत्पादकले उत्पादन गरेको मिल्दोजुल्दो वस्तु।

(च) "समरूपको वस्तु (आइडेण्टिकल गुड्स)" भन्नाले देहायको वस्तु सम्झनु पर्छ :-

(१) वस्तुको मूल्यलाई प्रभाव नपार्ने गरी हेर्दा देखिने सानोतिनो भिन्नता बाहेक भौतिक विशेषता, गुण तथा ख्याति लगायत सबै पक्षमा समान वस्तु, र

(२) मूल्याङ्कन गर्न लागिएको वस्तु उत्पादन भएको मुलुकमा नै सोही उत्पादकद्वारा उत्पादन गरिएको वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोही उत्पादकबाट उत्पादन भएको वस्तु उपलब्ध नभएको अवस्थामा सोही मुलुकमा अन्य उत्पादकले उत्पादन गरेको समरूपको वस्तु।

## परिच्छेद-२
## छोटी भन्सार सम्बन्धी व्यवस्था

३. **छोटी भन्सार कार्यालय रहने :** भन्सार प्रशासनको संरचनामा मूल भन्सार कार्यालय अन्तर्गत अनुसूची-१ बमोजिमका छोटी भन्सार कार्यालय रहनेछन्।

४. **छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न सकिने :** (१) छोटी भन्सार कार्यालयबाट देहायका वस्तु निकासी वा पैठारी गर्न सकिनेछ :-

(क) निकासीतर्फ अप्रशोधित कृषि उत्पादन तथा नेपालका स्थानीय प्राकृतिक उत्पादन,

(ख) पैठारीतर्फ एक पटकमा दश हजार रुपैयाँसम्मको वस्तु।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकको स्वीकृति लिई जुनसुकै प्रकारको यन्त्रचालित सवारी साधन स्थायी वा अस्थायी रूपमा पैठारी गर्न सकिनेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लग्मा जटही (जनकपुर) छोटी भन्सार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालय र गुलरिया (राजापुर) छोटी भन्सार कार्यालयबाट जतिसुकै मूल्यको वस्तु पैठारी गर्न सकिनेछ।

(४) यस नियमबमोजिम वस्तु निकासी वा पैठारी गर्दा सीमावर्ती विदेशी मुलुक बाहेक अन्य विदेशी मुलुकमा निकासी गर्न वा सीमावर्ती विदेशी मुलुकबाट बाहेक अन्य विदेशी मुलुकबाट पैठारी गर्न सकिने छैन।

## परिच्छेद-३

## वाहनको आगमन, प्रस्थान, घोषणा, जाँच र जाँचपास सम्बन्धी व्यवस्था

**५.** **वाहन र वस्तुको विवरण पेस गर्नुपर्ने :** ऐनको दफा १७ को उपदफा (१) बमोजिम वाहन र वस्तुको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा पेस वा कम्प्युटर प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

**६.** **वाहनको जाँच गराउने :** (१) वायुयान बाहेकका वाहन विदेशबाट नेपालको भन्सार क्षेत्रमा प्रवेश गर्दा सम्बन्धित व्यक्तिले देहायबमोजिम जाँच गराउनु पर्नेछ :-

(क) यात्रुबाहक वाहनमा रहेका सबै यात्रु ओराली वाहन, वस्तु र यात्रुको जाँच गराउने,

(ख) प्रवेश अनुमति लिनुअघि वाहन दर्ता, सवारी चालक अनुमतिपत्र लगायतका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य आधिकारिक कागजात जाँच गराउने।

(२) वायुयान बाहेकका वाहन नेपालको भन्सार क्षेत्रबाट विदेश प्रस्थान गर्नुअघि सम्बन्धित व्यक्तिले देहायबमोजिम जाँच गराउनु पर्नेछ :-

(क) भन्सारको छेकबारमा पुग्नु अगावै यात्रुबाहक वाहनमा रहेका सबै यात्रु ओराली वाहन, वस्तु र यात्रुको जाँच गराउने,

(ख) प्रस्थान अनुमति लिनुअघि वाहन दर्ता, सवारी चालक अनुमतिपत्र लगायतका आधिकारिक कागजात जाँच गराउने।

(३) मालवाहक वाहन भन्सार क्षेत्र प्रवेश गर्दा प्रवेश अनुमति लिई प्रवेश गर्नु पर्नेछ।

(४) भन्सार जाँचपास भएको वस्तु लोड गरी बाहिर निस्कँदा जाँचपास भएको प्रज्ञापनपत्र र प्रस्थान अनुमति साथमा राख्नु पर्नेछ।

७. **प्रज्ञापनपत्रको ढाँचा :** (१) निकासी वा पैठारी हुने वस्तु घोषणा गर्ने प्रज्ञापनपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको प्रज्ञापनपत्रको रङ्ग देहायबमोजिम हुनेछ :-

(क) निकासीको लागि पहेंलो,

(ख) मूल भन्सार कार्यालयबाट हुने पैठारीको लागि निलो, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) छोटी भन्सार कार्यालयबाट हुने पैठारीको लागि रातो।

८. **वस्तु पैठारी गर्दा संलग्न गर्नुपर्ने कागजात :** (१) वस्तु पैठारी गर्दा देहायका कागजात संलग्न गरी घोषणा गर्नु पर्नेछ :-

(क) बीजक,

(ख) प्याकिङ लिष्ट,

(ग) बिल अफ लेडिङ वा एयरवे बिल वा रेलवे रिसिप्ट वा बिल अफ ट्रान्सपोर्ट, र

(घ) भुक्तानी सम्बन्धी कागजात।

(२) भारत वा चीनबाट ट्रान्जिट भई पैठारी गरिने वस्तुको हकमा भन्सार पारवहन घोषणा सम्बन्धी कागजात समेत कम्प्युटर प्रणालीमा समावेश गर्नु पर्नेछ।

(३) वस्तुको उत्पत्तिको आधारमा भन्सार महसुलमा कुनै छुट सुविधा पाउने भए वस्तुको उत्पत्तिको प्रमाणपत्र कम्प्युटर प्रणालीमा वा त्यस्तो प्रणाली लागु नभएको कार्यालयको हकमा प्रज्ञापनपत्रसाथ पेस गर्नु पर्नेछ।

(४) कुनै वस्तु पैठारी गर्दा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको इजाजतपत्र, सिफारिसपत्र वा प्रमाणपत्र आवश्यक पर्ने भएमा त्यस्तो कागजात समेत पेस गर्नु पर्नेछ।

(५) कुनै वस्तु पैठारी गर्दा प्रचलित कानूनबमोजिम निकासी गर्ने मुलुकको आधिकारिक निकायले जारी गरेको वस्तुको गुणस्तर, स्वस्थता वा निरोगिताको प्रमाणपत्र आवश्यक पर्ने भएमा त्यस्तो प्रमाणपत्रसमेत पेस गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट सफ्टवेयर पैठारी गर्दा नेपाल राष्ट्र बैङ्कले प्रमाणित गरेको पैठारी सम्बन्धी सम्झौता, बीजक र रकम भुक्तानी भएको प्रमाणका आधारमा कार्यालयमा घोषणा गरी लाग्ने महसुल भुक्तानी गर्नु पर्नेछ।

९. **<u>वस्तु निकासीको घोषणा गर्दा संलग्न गर्नुपर्ने कागजात :</u>** (१) वस्तु निकासी गर्दा देहायका कागजात संलग्न गरी घोषणा गर्नु पर्नेछ :-

(क) वस्तुको प्याकिङको विवरण भएको बीजक,

(ख) उत्पत्तिको प्रमाणपत्र वा सामान्य ग्राह्यता प्रणाली (जेनरलाइज्ड सिष्टम अफ प्रिफरेन्स) को प्रमाणपत्र,

(ग) भुक्तानी सम्बन्धी कागजात।

तर भारतमा गरिने निकासीको हकमा यस खण्ड बमोजिमको कागजात अनिवार्य हुने छैन।

(२) कुनै वस्तु निकासी गर्दा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको इजाजतपत्र, सिफारिसपत्र वा प्रमाणपत्र आवश्यक पर्ने भएमा त्यस्तो कागजात समेत पेस गर्नु पर्नेछ।

(३) कुनै वस्तु निकासी गर्दा प्रचलित कानूनबमोजिम आधिकारिक निकायले जारी गरेको वस्तुको गुणस्तर, स्वस्थता वा निरोगिताको प्रमाणपत्र आवश्यक पर्ने भएमा त्यस्तो प्रमाणपत्र वा कागजातसमेत पेस गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै वस्तु निकासी गर्नुपूर्व प्रतितपत्र खोलिएको वा अग्रिम भुक्तानी प्राप्त भएकोमा सम्बन्धित बैङ्कबाट प्रमाणित गरिएको प्रतितपत्र वा अग्रिम भुक्तानी प्रमाणपत्र र विदेशी विनिमय नियन्त्रण फाराम संलग्न गरी पेस गर्नु पर्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट सफ्टवेयर निकासी गर्दा निकासी सम्बन्धी सम्झौता, बीजक र भुक्तानी प्राप्त भएको प्रमाणका आधारमा नेपाल राष्ट्र बैङ्कले प्रमाणित गरेपछि सफ्टवेयर निकासी भएको मानिनेछ।

**१०. अस्थायी वा अपूर्ण घोषणाको अनुमतिको लागि संलग्न गर्नुपर्ने कागजात :** ऐनको दफा २० को उपदफा (६) बमोजिम अस्थायी वा अपूर्ण घोषणाको अनुमतिको लागि निवेदन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) बीजक (इन्भ्वाइस),

(ख) बिल अफ लेडिङ वा एयरवे बिल वा रेलवे रिसिप्ट वा बिल अफ ट्रान्सपोर्ट,

(ग) भुक्तानी सम्बन्धी कागजात।

**११. अस्थायी वा अपूर्ण घोषणा गर्दा राखेको नगद धरौटी फिर्ता दिने :** (१) अस्थायी वा अपूर्ण घोषणा गरी जाँचपास गरेको वस्तुको स्थायी वा पूर्ण घोषणा गर्दा महसुल फरक पर्न गएमा फरक महसुल बुझाई देहायका कागजात संलग्न गरी अपूर्ण वा अस्थायी घोषणा गरी वस्तु जाँचपास गर्दा राखेको नगद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धरौटी फिर्ताको लागि भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) अस्थायी वा अपूर्ण घोषणा गरेको प्रज्ञापनपत्र,

(ख) पूर्ण घोषणा गरेको प्रज्ञापनपत्र,

(ग) महसुल बुझाएको रसिद।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा भन्सार अधिकृतले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो नगद धरौटी फिर्ता दिनु पर्नेछ।

१२. **<u>वस्तु घोषणा गर्ने प्रक्रिया :</u>** वस्तु घोषणा गर्दा देहायको कुनै भन्सार प्रक्रिया अपनाउन सकिनेछ :-

(क) स्थायी निकासी,

(ख) अस्थायी निकासी,

(ग) पुनः निकासी,

(घ) स्थायी पैठारी,

(ङ) अस्थायी पैठारी,

(च) पुनः पैठारी,

(छ) वेयरहाउस वा अग्रिम महसुल भुक्तानी गरी हुने पैठारी,

(ज) ट्रान्जिट,

(झ) विभागले निर्धारण गरेको अन्य प्रक्रिया।

१३. **<u>वस्तुको शीघ्र जाँचपास सम्बन्धी व्यवस्था :</u>** (१) ऐनको दफा २२ को उपदफा (१) बमोजिम शीघ्र जाँचपास गर्नुपर्ने वस्तु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयमा आइपुग्नु अगावै घोषणाकर्ताले अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा ऐनको दफा २२ बमोजिमका वस्तुको जाँचका लागि कार्यालयले छुट्टै क्षेत्र तोक्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको क्षेत्रमा रहेको वस्तु आवश्यक कागजात सहित घोषणा गरेमा कार्यालयले प्राथमिकता दिई शीघ्र जाँचपास गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको वस्तु प्रयोगशालाबाट परीक्षण गर्नुपर्ने प्रकृतिको भएको तर तत्काल परीक्षण प्रतिवेदन उपलब्ध हुनसक्ने अवस्था नदेखिएमा नियम १४ बमोजिमको प्रक्रिया अपनाई शीघ्र जाँचपास गर्न सकिनेछ।

(५) यस नियमबमोजिम आवश्यक कागजात सहित घोषणा हुन आएको वस्तु कार्यालय समय अघिपछि तथा सार्वजनिक बिदाको दिनमा समेत शीघ्र जाँचपास गर्न सकिनेछ।

१४. **परीक्षण प्रतिवेदन वा विशेषज्ञको राय प्राप्त नहुँदै वस्तुको जाँचपास :** (१) जाँचपासका लागि घोषणा गरेको प्रचलित कानूनबमोजिम प्रयोगशालामा परीक्षण गर्नुपर्ने वा विशेषज्ञको राय लिनुपर्ने प्रकृतिको वस्तुको सम्बन्धमा घोषणाकर्ताले देहायको अवस्था विद्यमान रहेको भनी भन्सार अधिकृतसमक्ष दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुमा लाग्ने महसुल बापतको रकम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धरौटी लिई प्रयोगशाला परीक्षण प्रतिवेदन वा विशेषज्ञको राय प्राप्त नहुँदै जाँचपास गर्न सक्नेछ :-

(क) घोषणा गरेको वस्तु प्रचलित कानूनबमोजिम निषेधित वा प्रतिबन्धित नभएको,

(ख) घोषणा गर्नुपूर्व कुनै सरकारी निकायको इजाजत वा सिफारिस आवश्यक पर्नेमा त्यस्तो इजाजत वा सिफारिस प्राप्त गरेको,

(ग) कार्यालय परिसरमा रहेको प्रयोगशालाबाट परीक्षण गर्न सम्भव नभएको,

(घ) वस्तुको नमुना प्रयोगशाला परीक्षण वा विशेषज्ञको रायको लागि पठाइएको र त्यसको परीक्षण प्रतिवेदन तत्काल प्राप्त हुन नसक्ने देखिएको, र

(ङ) कार्यालय परिसर वा भन्सार वेयरहाउसमा राख्दा वस्तु बिग्रने वा क्षति हुनसक्ने सम्भावना रहेको।

(२) उपनियम (१) बमोजिम वस्तु जाँचपास गर्दा भन्सार अधिकृतले पैठारीकर्तालाई देहायका सर्त तोक्न सक्नेछ :-

(क) प्रयोगशाला परीक्षण प्रतिवेदन वा सम्बन्धित विशेषज्ञको राय प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नहुँदासम्म वस्तुको प्रयोग वा बिक्री नगरी सुरक्षित राख्ने,

(ख) प्रयोगशाला परीक्षण वा विशेषज्ञको रायबाट वस्तुको मूल्य वा वर्गीकरणमा फरक पर्ने सम्भावना भएमा सोबमोजिम लाग्न सक्ने थप महसुल र जरिबाना बुझाउने,

(ग) प्रयोगशाला परीक्षणको प्रतिवेदनबाट त्यस्तो वस्तु पैठारीको लागि प्रतिबन्धित देखिएमा तत्काल कार्यालयमा दाखिला गर्ने।

**१५. <u>वस्तु घोषणा गर्नु अगावै नमुना लिने वा अवलोकन गर्ने :</u>** (१) ऐनको दफा २५ को उपदफा (५) बमोजिम घोषणाकर्ताले वस्तुको नमुना लिन वा भौतिक अवलोकन गर्न चाहेमा अनुसूची-५ बमोजिमको ढाँचामा भन्सार अधिकृतसमक्ष निवेदन पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा भन्सार अधिकृतले कार्यालयको कर्मचारी खटाई निजको रोहवरमा त्यस्तो वस्तुको नमुना लिन वा भौतिक अवलोकन गर्न अनुमति दिन सक्नेछ।

(३) वस्तुको नमुना लिँदा वा भौतिक अवलोकन गर्दा त्यस्तो वस्तुको गुणस्तर वा मूल्य वा परिमाणमा ह्रास आउने वा अन्य वस्तुलाई असर पर्ने वा भन्सार वेयरहाउसको कार्यमा बाधा पर्ने गरी गर्न पाइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यस नियमबमोजिम वस्तुको नमुना लिँदा लाग्ने सम्पूर्ण खर्च वस्तुधनीले व्यहोर्नु पर्नेछ।

**१६. <u>सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्ने :</u>** (१) ऐनको दफा २६ को उपदफा (१) बमोजिम घोषणाकर्ताले आफूले पैठारी गरेको वस्तु भन्सार क्षेत्रभन्दा बाहिर वा गोदाममा गई जाँच गराउन वा निकासी गर्ने वस्तु भन्सार क्षेत्रभन्दा बाहिर वा वस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गराउन चाहेमा देहायका कागजात संलग्न गरी अनुसूची-६ बमोजिमको ढाँचामा भन्सार अधिकृतसमक्ष निवेदन पेस गर्नु पर्नेछ :-

(क) कार्यालयमा वस्तु घोषणा गरेको प्रज्ञापनपत्र,

(ख) वस्तु ढुवानी सम्बन्धी कागजात।

(२) पैठारी भएको वस्तु कार्यालयदेखि जाँच गर्ने स्थानसम्म लैजाँदा भन्सार अधिकृतले कार्यालयको सिल लगाई सुरक्षित रूपमा लैजाने व्यवस्था गर्नु पर्नेछ।

(३) निकासी हुने वस्तु जाँच गर्ने कर्मचारीले जाँच गरी आफ्नै रोहवरमा त्यस्तो वस्तु ढुवानीको साधनमा राख्न लगाई सो ढुवानीको साधनमा सिल लगाउनु पर्नेछ र निकासी हुँदाको बखत कार्यालयले सिल दुरुस्त भएको यकिन गरी निकासी गर्न दिनु पर्नेछ।

**१७. <u>वस्तुको आंशिक घोषणा र जाँचपास :</u>** (१) पैठारीकर्ताले भन्सार वेयरहाउसमा राखिएको एउटै बीजकमा उल्लेख भएको वस्तु एकैपटक जाँचपास नगराई आंशिक रूपमा जाँचपास गराई लैजान चाहेमा त्यसको मनासिब कारण खुलाई भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा भन्सार अधिकृतले आंशिक रूपमा जाँचपास गर्न नमिल्ने कानून बमोजिमको कुनै कारण भएमा बाहेक जाँचपास गराउन चाहेको वस्तुको परिमाण मात्र आंशिक रूपमा घोषणा गर्न लगाई त्यस्तो वस्तुमा लाग्ने महसुल लिई जाँचपास गरिदिन सक्नेछ।

(३) एउटै बीजकमा उल्लेख गरी पैठारी हुन आएका वस्तुमध्ये कुनै वस्तु प्रयोगशालामा परीक्षण गर्दा पैठारी गर्न नपाउने देखिएमा त्यस्तो वस्तु बाहेक अन्य वस्तुको मात्र महसुल लिई भन्सार अधिकृतले जाँचपास गरिदिन सक्नेछ।

१८. **वस्तु कार्यालयमा आइपुग्नु अगावै घोषणा र महसुल दाखिला :** (१) कुनै पैठारीकर्ताले वस्तु सम्बन्धित कार्यालयमा आइपुग्नु अगावै घोषणा गरी सो वस्तुमा लाग्ने महसुल बुझाउन चाहेमा भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा वस्तुको अग्रिम घोषणा गर्न दिई महसुल लिन मनासिब देखिएमा भन्सार अधिकृतले घोषणा गर्न अनुमति दिनेछ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त भएमा घोषणाकर्ताले वस्तु आइपुग्नु अगावै कम्प्युटर प्रणालीमा घोषणा गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम घोषणा गरेको वस्तुमा लाग्ने महसुल पैठारीकर्ताले कार्यालयमा बुझाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम निर्धारण भई बुझाएको महसुल र वस्तु जाँचपास हुँदाको दिनको महसुल फरक पर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गएमा वस्तु जाँचपास हुँदाको दिन कायम रहेको महसुल दर लागू हुनेछ।

(६) उपनियम (४) बमोजिम महसुल बुझाएको वस्तु कार्यालयमा आइपुगेमा आवश्यक प्रक्रिया पूरा गरी प्राथमिकता दिई जाँचपास गरिदिनु पर्नेछ।

१९. **भूलवश नेपालमा आएको वस्तु (मिसह्याण्डलिङ कार्गो) फिर्ता पठाउने :** (१) हवाईमार्गबाट भुलवश नेपालमा आएको वस्तु फिर्ता पठाउन सम्बन्धित व्यक्तिले सोको आधार र कारण खुलाई तिस दिनभित्र सम्बन्धित कार्यालय प्रमुखसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी वस्तु फिर्ता पठाउने अनुमति दिन सक्नेछ।

तर तिस दिनभित्र निवेदन नपरेमा त्यस्तो वस्तु जफत हुनेछ।

(३) यस नियमबमोजिम फिर्ता पठाइने वस्तुमा महसुल लाग्ने छैन।

२०. **वस्तु फिर्ता पठाउने :** (१) ऐनको दफा २१ को उपदफा (२) को खण्ड (च) बमोजिम वस्तु फिर्ता पठाउनु पर्ने भएमा पैठारीकर्ताले नियम ८ बमोजिमको कागजात संलग्न गरी भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा भन्सार अधिकृतले वस्तुको प्रकृति अनुसार अन्य कागजात आवश्यक पर्ने देखेमा त्यस्तो कागजात पेस गर्न लगाई निवेदनको व्यहोरा र आफ्नो राय उल्लेख गरी वस्तु फिर्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पठाउने स्वीकृतिको लागि महानिर्देशकसमक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी आएको विषयमा जाँचबुझ गर्दा त्यस्तो वस्तु फिर्ता पठाउन मनासिब देखेमा महानिर्देशकले फिर्ता पठाउने स्वीकृति दिनेछ ।

(४) उपनियम (३) बमोजिम स्वीकृति प्राप्त भएमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई तिस दिनभित्र वस्तु फिर्ता पठाउन आदेश दिनेछ।

(५) उपनियम (४) बमोजिम आदेश दिँदा वस्तु पैठारी गर्दा भुक्तानी गरेको विदेशी मुद्रा छ महिनाभित्र नेपाल फिर्ता ल्याउने गरी पैठारीकर्तालाई कबुलियत गराउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको अवधिभित्र विदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ। त्यस्तो प्रमाण पेस नगर्ने पैठारीकर्तालाई विदेशी मुद्रा हिनामिना वा अपचलन सम्बन्धी प्रचलित कानूनबमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

२१. **विदेशबाट नेपालको हवाईमार्ग प्रयोग गरी अन्य मुलुकमा वस्तु लैजाने :** (१) वस्तु कुनै विदेशी मुलुकबाट नेपाललाई ट्रान्जिटको रूपमा प्रयोग गरी हवाईमार्गमार्फत अर्को कुनै विदेशी मुलुकमा लैजान सकिनेछ।

(२) उपनियम (१) बमोजिम वस्तु लैजाँदा ट्रान्ससिपमेन्टबाट समेत लैजान सकिनेछ।

(३) उपनियम (१) बमोजिम विदेशबाट नेपालको हवाईमार्ग प्रयोग गरी अर्को कुनै विदेशी मुलुकमा वस्तु लैजान चाहने वस्तुधनीले कम्प्युटर प्रणाली मार्फत ट्रान्जिट फाराम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भरी बिल बीजक समेतका कागजात सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त फाराम सम्बन्धित कार्यालयले जाँचबुझ गर्दा प्रतिबन्धित वस्तु नदेखिएमा प्रति ट्रान्जिट फाराम दश हजार रुपैयाँ सेवा शुल्क लिई कम्प्युटर प्रणाली मार्फत जारी भएको ट्रान्जिट फाराम प्रमाणित गरी एक प्रति वस्तुधनी र एक प्रति अभिलेखको लागि कार्यालयमा राखी नेपालको हवाईमार्ग प्रयोग गरी अर्को विदेशी मुलुकमा वस्तु लैजान अनुमति दिनेछ।

(५) उपनियम (४) बमोजिमको अनुमति प्राप्त गरेको वस्तु विदेशी मुलुकमा निकासी गर्नु पर्नेछ। त्यसरी निकासी नगरी नेपालमा बिक्री वा उपयोग गरेमा त्यस्तो वस्तुमा लाग्ने महसुल र सो बराबरको थप महसुल समेत वस्तुधनीबाट असुल गरिनेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको हवाईमार्ग प्रयोग गरी अर्को मुलुकमा वस्तु लैजाँदा द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता विपरीत नहुने गरी लैजानु पर्नेछ।

## परिच्छेद-४
## जोखिम विश्लेषण सम्बन्धी व्यवस्था

२२. **जोखिम विश्लेषणको आधारमा वस्तुको जाँचपास :** (१) ऐनको दफा २३ बमोजिम निकासी वा पैठारी गरिने वस्तुको जोखिम पहिचान, विश्लेषण तथा निर्धारण गरी छनौट प्रणालीको आधारमा जाँचपास गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) छनौट प्रणालीबाट हरियो मार्ग, पहेँलो मार्ग वा निलो मार्गको लागि छनौट भइसकेको कुनै वस्तु गलत घोषणा गरेको सूचना प्राप्त भएमा भन्सार अधिकृतले त्यस्तो वस्तुलाई रातो मार्गमा परिवर्तन (रिरुट) गरी भौतिक परीक्षण गर्न वा गराउन सक्नेछ।

२३. **<u>जोखिम विश्लेषण समिति :</u>** (१) ऐनको दफा २३ बमोजिम जोखिम विश्लेषणको आधारमा वस्तुको जाँचपास गर्ने कार्यलाई प्रभावकारी बनाउन महानिर्देशकले विभागको जोखिम व्यवस्थापन हेर्ने उपमहानिर्देशकको संयोजकत्वमा विभागको नीति तथा महसुल शाखा, भन्सार मूल्याङ्कन शाखा, प्रत्यक्ष निगरानी शाखा, अनुसन्धान शाखा, वर्गीकरण शाखा, सूचना प्रविधि प्रणाली स्वचालन तथा विकास शाखाका निर्देशक सदस्य र जोखिम व्यवस्थापन शाखाका निर्देशक सदस्य-सचिव रहेको एक जोखिम विश्लेषण समिति गठन गर्नेछ।

(२) जोखिम विश्लेषण समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) जोखिम व्यवस्थापन सम्बन्धी प्रक्रिया निर्धारण गर्ने,

(ख) केन्द्रीय जोखिम व्यवस्थापन इकाइले पेस गरेको जोखिमको विवरण (प्रोफाइल) कार्यान्वयनको लागि स्वीकृति दिने,

(ग) जोखिम व्यवस्थापन इकाइका कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) समग्र जोखिम व्यवस्थापनको निरन्तर अनुगमन र समीक्षा गर्ने,

(ङ) जोखिम व्यवस्थापनको लागि अन्य सरकारी निकाय तथा सरोकारवालासँग समन्वय गरी सूचना सङ्कलनको संयन्त्र बनाउने,

(च) वस्तुको जाँचपासमा हुनसक्ने जोखिमको न्यूनीकरण र नियन्त्रणका उपाय पहिचान गर्ने,

(छ) जोखिम व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्नको लागि कम्प्युटर प्रणालीमा आवश्यकता अनुसार परिमार्जन गर्ने,

(ज) जोखिम व्यवस्थापनको लागि अन्य आवश्यक कार्य गर्ने, गराउने,

(झ) जोखिम व्यवस्थापनसँग सम्बन्धित सूचना गोप्य राख्नुपर्ने।

(३) जोखिम विश्लेषण समितिले कम्प्युटर प्रणालीमा प्रविष्ट जोखिम प्रोफाइललाई जुनसुकै बखत संशोधन, अध्यावधिक वा खारेज गर्न वा नयाँ जोखिम प्रोफाइल कार्यान्वयनको लागि छनौट प्रणालीमा प्रविष्ट गर्न जोखिम व्यवस्थापन इकाइलाई आदेश दिन सक्नेछ।

(४) जोखिम विश्लेषण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. **<u>जोखिम व्यवस्थापन इकाइ :</u>** (१) जोखिम विश्लेषण समिति अन्तर्गत विभागको जोखिम व्यवस्थापन शाखाका निर्देशकको संयोजकत्वमा महानिर्देशकले तोकेका शाखाका अधिकृत सदस्य रहेको एक जोखिम व्यवस्थापन इकाइ रहनेछ।

(२) जोखिम व्यवस्थापन इकाइको काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) निकासी तथा पैठारी गरिने वस्तु वा यात्रुको विवरण, घोषणा गरिएको प्रज्ञापनपत्र र सो साथ संलग्न सम्पूर्ण कागजातको निरन्तर अध्ययन, सूचना सङ्कलन र सम्भावित जोखिम पहिचान गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएको जोखिमको विश्लेषण गर्ने, सो विश्लेषणको आधारमा जोखिमका परिसूचक तयार गर्ने र जोखिमको स्तर तथा प्राथमिकता निर्धारण गरी जोखिम प्रोफाइल र जोखिम रजिस्टर तयार गर्ने,

(ग) खण्ड (ख) बमोजिमको जोखिम प्रोफाइललाई स्वीकृतिको लागि जोखिम व्यवस्थापन समितिसमक्ष पेस गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) जोखिम व्यवस्थापन समितिबाट स्वीकृत भएको जोखिम प्रोफाइललाई छनौट प्रणालीमा प्रविष्ट गर्ने,

(ङ) खण्ड (घ) बमोजिम छनौट प्रणालीमा प्रविष्ट गरिएको जोखिम प्रोफाइललाई आवश्यकता अनुसार अद्यावधिक गर्ने।

(३) जोखिम व्यवस्थापन इकाइले सङ्कलन गरेको सूचना, जोखिम प्रोफाइल, जोखिम रजिस्टर तथा सो सम्बन्धमा गरेको कारबाहीलाई गोप्य राख्नु पर्नेछ।

(४) जोखिम व्यवस्थापन सम्बन्धी आवश्यक सूचना सङ्कलन, जोखिम पहिचान तथा विश्लेषण गरी सोको नतिजा र कार्यालयमा छनौट प्रणालीको कार्यान्वयनमा देखिएका समस्या वा सुझाव सम्बन्धमा जोखिम व्यवस्थापन इकाइलाई नियमित रूपमा जानकारी दिन प्रत्येक कार्यालयमा त्यस्तो कार्यालय प्रमुखको संयोजकत्वमा कार्यालयको जोखिम हेर्ने कर्मचारी सहितको तीन सदस्यीय स्थानीय जोखिम व्यवस्थापन इकाइ रहनेछ।

## परिच्छेद-५

## <u>आधिकारिक व्यावसायिक व्यक्ति सम्बन्धी व्यवस्था</u>

**२५. <u>आधिकारिक व्यावसायिक व्यक्ति सूचीकृत गर्ने :</u>** (१) ऐनको दफा २७ को उपदफा (१) बमोजिम आधिकारिक व्यावसायिक व्यक्तिको रूपमा सूचीकृत गर्दा कम्तीमा देहायका व्यक्तिलाई गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) को हकमा विगत तीन वर्षमा,-

(१) ऐनको दफा ३३, ६३, ७०, ७१, ७२, ७३, ७४, १०३, १०९ र ११३ बमोजिमको जरिबाना वा सजाय नभएको वा त्यस्तो कारबाहीमा नपरेको,

(२) भन्सार सम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने महसुल तथा बेरुजु बाँकी नरहेको,

(३) नैतिक पतन देखिने फौजदारी मुद्दामा कसुरदार नठहरिएको।

(ख) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) को हकमा,-

(१) नियमित रूपमा वार्षिक लेखापरीक्षण गरेको,

(२) वित्तीय प्रतिवेदन चुस्त दुरुस्त राखेको,

(३) लेखा अभिलेख र प्रतिवेदन प्रणाली पारदर्शी भएको।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) को हकमा कम्प्युटर बिलिङ प्रणाली मार्फत व्यावसायिक कारोबार गरेको।

(घ) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (घ) को हकमा,-

(१) विगत तीन वर्षदेखि नियमित रूपमा निकासी वा पैठारी कारोबारमा संलग्न भएको,

(२) पछिल्लो आर्थिक वर्षको आय विवरण बुझाई कर चुक्ता प्रमाण लिएको।

(२) उपनियम (१) बमोजिम आधिकारिक व्यावसायिक व्यक्ति सूचीकृत गर्ने प्रयोजनको लागि मन्त्रालयले पैंतिस दिनको अवधि दिई अनुसूची-७ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ।

(३) आधिकारिक व्यावसायिक व्यक्तिको रूपमा सूचीकृत हुन चाहने व्यक्तिले उपनियम (२) बमोजिम जारी भएको सूचनाको अवधिभित्र अनुसूची-८ बमोजिमको ढाँचामा उपनियम (१) बमोजिमका विषय यकिन हुने कागजात संलग्न गरी मन्त्रालयमा दरखास्त दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले दरखास्त दिने व्यक्तिको उपनियम (१) बमोजिमका विषयमा आवश्यक जाँचबुझ गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा आवश्यक देखेमा मन्त्रालयले दरखास्त दिने व्यक्तिको कारोबार स्थलको निरीक्षण र कारोबारको परीक्षण गर्न वा गराउन सक्नेछ।

(६) उपनियम (३) बमोजिमको दरखास्तसाथ पेस भएका कागजातको पुस्ट्याइँको लागि थप कागजात आवश्यक पर्ने देखिएमा दरखास्त दिने अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयले सात दिनको अवधि दिई त्यस्तो कागजात माग गर्न सक्नेछ।

(७) उपनियम (१) बमोजिमको आधार पूरा नभएको वा ऐनको दफा २७ को उपदफा (३) बमोजिम सूचीबाट हटाइएको व्यक्तिको दरखास्त स्वीकृत गरिने छैन।

(८) उपनियम (३) बमोजिम दरखास्त दिने अवधि समाप्त भएको मितिले पैंतालिस दिनभित्र जाँचबुझ गर्दा आधिकारिक व्यावसायिक व्यक्तिको रूपमा सूचीकृत गर्न मनासिब देखिएको व्यक्तिको प्रारम्भिक सूची तयार गरी दाबी विरोधको लागि सात दिने सूचना प्रकाशन गर्नु पर्नेछ।

(९) उपनियम (८) बमोजिम कसैको दाबी विरोध नपरेमा वा दाबी विरोध परी छानबिन गर्दा ऐन तथा यो नियमबमोजिम आधिकारिक व्यावसायिक व्यक्तिको रूपमा सूचीकृत गर्न उपयुक्त ठहरिएको व्यक्तिलाई मन्त्रालयले आधिकारिक व्यावसायिक व्यक्तिको रूपमा सूचीकृत गरी अनुसूची-९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम प्रदान गरिएको आधिकारिक व्यावसायिक व्यक्तिको प्रमाणपत्र त्यस्तो व्यक्ति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधिकारिक व्यावसायिक व्यक्तिको सूचीबाट नहटेसम्म कायम रहनेछ।

२६. **आधिकारिक व्यावसायिक व्यक्तिलाई सूचीबाट हटाउने :** (१) ऐनको दफा २७ को उपदफा (३) को खण्ड (क) बमोजिम आधिकारिक व्यावसायिक व्यक्तिले सर्त पूरा नगरेको भनी कुनै माध्यमबाट सूचना प्राप्त भएमा मन्त्रालयले त्यस्तो सूचनाको सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा आधिकारिक व्यावसायिक व्यक्तिले पालना गर्नुपर्ने कुनै सर्त पालना नगरेको पाइएमा त्यस्तो व्यक्तिलाई आधिकारिक व्यावसायिक व्यक्तिको सूचीबाट हटाउनेछ।

तर त्यसरी सूचीबाट हटाउनुअघि सम्बन्धित व्यक्तिलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आधिकारिक व्यावसायिक व्यक्तिको सूचीबाट हटाइएको व्यक्तिले नियम २५ को उपनियम (९) बमोजिम प्राप्त गरेको सक्कल प्रमाणपत्र त्यसरी सूचीबाट हटेको जानकारी प्राप्त भएपछि तत्काल मन्त्रालयमा फिर्ता गर्नु पर्नेछ।

२७. **आधिकारिक व्यावसायिक व्यक्तिलाई दिइने सुविधा :** (१) आधिकारिक व्यावसायिक व्यक्तिलाई ऐनको दफा २७ को उपदफा (२) बमोजिमको सुविधा सहज रूपमा प्रदान गर्न विभागले देहायका व्यवस्था गर्न सक्नेछ :-

(क) निकासी वा पैठारी गर्ने वस्तुको शीघ्र जाँचपासका लागि कार्यालय परिसरमा छुट्टै (डेडिकेटेड) क्षेत्र प्रदान गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आवश्यकताअनुसार कार्यालय समय अघिपछि वा सार्वजनिक बिदाको दिनमा समेत वस्तु जाँचपास गर्ने।

(२) ऐनको दफा २७ को उपदफा (२) बमोजिमको सुविधालाई विभागले देहायको अवस्थामा स्थगन गर्न सक्नेछ :-

(क) ऐनको दफा २७ को उपदफा (१) बमोजिमको सर्त पूरा नगरेको विषयमा जाँचबुझ भएकोमा त्यस्तो जाँचबुझ समाप्त नभएसम्म,

(ख) ऐनको दफा २७ को उपदफा (३) बमोजिमको कसूरमा अनुसन्धान वा मुद्दाको कारबाही भइरहेको भन्ने जानकारी प्राप्त भएकोमा त्यस्तो अनुसन्धान वा मुद्दाको अन्तिम किनारा नभएसम्म।

## परिच्छेद-६

## कारोबार मूल्य निर्धारण र भन्सार मूल्य घोषणा सम्बन्धी व्यवस्था

२८. **कारोबार मूल्य विधि :** (१) पैठारी भएको वस्तुको भन्सार मूल्य निर्धारणको पहिलो आधार नियम ३५ बमोजिमको कारोबार मूल्य हुनेछ। त्यस्तो मूल्य निकासीकर्ताले नेपालको पैठारीकर्तालाई बिक्री गर्दा पैठारीकर्ताले वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा नियम ३४ बमोजिम समायोजन गरिएको खर्च समेत समावेश भएको मूल्य हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम कारोबार मूल्यको विधिबाट भन्सार मूल्य निर्धारण गर्नको लागि देहायका सर्त पूरा भएको हुनु पर्नेछ :-

(क) देहायका बन्देज बाहेक त्यस्ता वस्तु पैठारीकर्तालाई बेचबिखन वा प्रयोग गर्नमा कुनै बन्देज नलगाइएको,-

(अ) प्रचलित कानूनबमोजिम लगाइएको वा नेपालको सरकारी निकायले लगाएको बन्देज,

(आ) नेपालको कुनै भौगोलिक क्षेत्रमा वस्तु बिक्री गर्नको लागि लगाइएको बन्देज,

(इ) वस्तुको मूल्यमा तात्विक असर नपार्ने प्रकृतिका बन्देज।

(ख) मूल्याङ्कन गर्न लागिएको वस्तुको बिक्री मूल्य वा भुक्तानी गरिएको वा गर्नुपर्ने मूल्यमा सो वस्तुको मूल्य निर्धारण गर्न नसकिने गरी कुनै सर्त नरहेको,

(ग) बिक्रेताले पछि गरेको वस्तुको पुनर्बिक्री वा बेचबिखन वा प्रयोगबाट आर्जित रकमको कुनै अंश नियम ३४ बमोजिम समायोजन गर्न सकिने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाहेक प्रत्यक्ष वा परोक्ष कुनै किसिमले बिक्रेताले प्राप्त नगरेको,

(घ) मूल्याङ्कन गर्न लागिएको वस्तु बिक्री गर्ने समयमा क्रेता (पैठारीकर्ता) र बिक्रेता (निकासीकर्ता) एक आपसमा सम्बन्धित नभएको।

तर त्यस्तो वस्तु बिक्री गर्ने समयमा क्रेता वा बिक्रेता एक आपसमा सम्बन्धित भएकोमा,-

(अ) क्रेता वा बिक्रेताको सम्बन्धले वस्तुको मूल्यमा प्रभाव परेको हुनु हुँदैन।

(आ) वस्तुको मूल्यमा प्रभाव नपरेको विषय पैठारीकर्ताले उपनियम (३) बमोजिम कारोबार मूल्यको आवश्यकता पूरा हुने गरी प्रमाणित गर्नु पर्नेछ।

(३) मूल्याङ्कन गर्न लागिएको वस्तु बिक्री भएको परिस्थितिको परीक्षण गर्दा क्रेता र बिक्रेताबीचको सम्बन्धले वास्तविक रूपमा भुक्तानी गरिएको वा भुक्तानी गर्नुपर्ने मूल्यलाई प्रभाव नपारेको वा मूल्याङ्कन गर्न लागिएको वस्तुको कारोबार मूल्य देहायका वस्तुको कारोबार मूल्यसँग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकदमै नजिक भएमा सम्बन्धित व्यक्तिबीचको कारोबार मूल्य स्वीकार्य हुनेछ :-

(क) समरूपका वा मिल्दोजुल्दो वस्तु नेपालको असम्बन्धित पैठारीकर्तालाई निकासी गर्नको लागि बिक्री गरेको कारोबार मूल्य,

(ख) समरूपका वा मिल्दोजुल्दो वस्तुको नियम ३१ बमोजिम निर्धारण गरिएको डिडक्टिभ मूल्य,

(ग) समरूपका वा मिल्दोजुल्दो वस्तुको नियम ३२ बमोजिम निर्धारण गरिएको गणना मूल्य।

(४) उपनियम (३) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित मूल्य तुलनाको लागि प्रयोग गर्दा मूल्याङ्कन गर्न लागिएको वस्तुको व्यापारिक स्तर, परिमाणात्मक स्तर, नियम ३४ बमोजिम गर्नुपर्ने समायोजन र क्रेता र बिक्रेता एक आपसमा सम्बन्धित नभएको बिक्रीमा बिक्रेताले गरेको खर्चका आधारमा गर्नु पर्नेछ।

(५) देहायको अवस्था भएमा यस परिच्छेदको प्रयोजनको लागि क्रेता (पैठारीकर्ता) र बिक्रेता (निकासीकर्ता) एक आपसमा सम्बन्धित भएको मानिनेछ :-

(क) पक्षहरू एक अर्काको व्यवसायसँग सम्बन्धित व्यक्ति वा सञ्चालक भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पक्षहरू व्यवसायमा कानूनी मान्यता प्राप्त साझेदार भएमा,

(ग) पक्षहरू रोजगारदाता तथा कर्मचारी भएमा,

(घ) कुनै व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वामित्व भएमा, नियन्त्रण रहेमा वा उल्लेखनीय मताधिकार (आउटस्ट्याण्डिङ भोटिङ स्टक) वा शेयर वा दुवैमा पाँच प्रतिशतभन्दा बढीको स्वामित्व रहेमा,

(ङ) दुईमध्ये एउटाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अर्को पक्षलाई नियन्त्रण गरेमा,

(च) दुवै पक्ष कुनै तेस्रो व्यक्तिद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नियन्त्रित भएमा,

(छ) संयुक्त रूपमा दुवै पक्षले कुनै तेस्रो व्यक्तिलाई नियन्त्रण गरेमा, वा

(ज) पक्षहरू एकै परिवारको सदस्य भएमा।

२९. **समरूपका वस्तु (आइडेन्टिकल गुड्स) को आधारमा कारोबार मूल्य कायम गर्ने विधि :** (१) नियम ३५ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य नियम २८ बमोजिमको कारोबार मूल्य विधि अनुसार निर्धारण गर्न नसकिने भएमा त्यस्तो वस्तुको भन्सार मूल्य नेपालमा निकासीको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आपूर्तिकर्ता मुलुकबाट बिक्री गरिएको र मूल्याङ्कन गर्न लागिएको वस्तु पैठारी भएकै समय वा करिब एकै समयमा नेपालमा पैठारी भएको समरूपको वस्तु (आइडेण्टिकल गुड्स) को कारोबार मूल्यको आधारमा निर्धारण गर्नु पर्नेछ।

(२) समरूपको वस्तु बिक्री गर्दाको कमर्सियल स्तर वा परिमाण वा दुवै र मूल्याङ्कन गर्न लागिएको वस्तुको कमर्सियल स्तर वा परिमाण वा दुवै एउटै भएको अवस्थामा मात्र उपनियम (१) बमोजिमको मूल्य कायम गर्ने विधि प्रयोग गरिनेछ। एउटै कमर्सियल स्तर वा परिमाण वा दुवैमा बिक्री भएको नपाइएमा भिन्न कमर्सियल स्तर वा परिमाण वा दुवैलाई पनि लिन सकिनेछ र त्यसरी भिन्न कमर्सियल स्तर वा परिमाण वा दुवै लिइएको कारणले उत्पन्न हुने भिन्नतालाई समायोजन गरी प्रयोग गरिनेछ। त्यसरी समायोजन गर्दा मूल्यलाई बढाउने वा घटाउने जे भए तापनि उक्त समायोजनको औचित्य र विशुद्धतालाई स्पष्ट रूपमा स्थापित गर्ने प्रमाणित आधार हुनु पर्नेछ।

(३) नियम ३४ बमोजिम समायोजन गर्नुपर्ने खर्च तथा शुल्कलाई कारोबार मूल्यमा समावेश गर्दा भौगोलिक दूरी र ढुवानीको साधनको भिन्नताले मूल्याङ्कन गर्न लागिएको वस्तु र समरूपको वस्तुबीच उत्पन्न हुने उल्लेखनीय फरकलाई मनन गर्नको लागि त्यस्तो खर्च र शुल्कलाई समेत समायोजन गर्नु पर्नेछ।

(४) यस नियमबमोजिम मूल्य निर्धारण गर्दा समरूपको वस्तुको कारोबार मूल्य एकभन्दा बढी देखिएमा सबैभन्दा कम मूल्यलाई आधार लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) पैठारीकर्ताले व्यहोर्ने गरी निःशुल्क वा कम लागतमा नेपालमा गरिएका इन्जिनियरिङ, विकास, कला, डिजाइन, योजना तथा नक्सा सम्बन्धी कार्य समावेश भएको वस्तुलाई यस नियमको प्रयोजनको लागि समरूपको वस्तु (आइडेण्टिकल गुड्स) को रूपमा लिन सकिने छैन।

३०. **मिल्दोजुल्दो वस्तु (सिमिलर गुड्स) को आधारमा कारोबार मूल्य कायम गर्ने विधि :** (१) नियम ३५ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य नियम २८ र २९ बमोजिम निर्धारण गर्न नसकिने भएमा त्यस्तो वस्तुको भन्सार मूल्य नेपालमा निकासीको लागि आपूर्तिकर्ता मुलुकबाट बिक्री गरिएको र मूल्याङ्कन गर्न लागिएको वस्तु पैठारी भएकै समय वा करिब एकै समयमा नेपालमा पैठारी भएको मिल्दोजुल्दो वस्तु (सिमिलर गुड्स) को कारोबार मूल्यको आधारमा निर्धारण गर्नु पर्नेछ।

(२) मिल्दोजुल्दो वस्तु बिक्री गर्दाको कमर्सियल स्तर वा परिमाण वा दुवै र मूल्याङ्कन गर्न लागिएको वस्तुको कमर्सियल स्तर वा परिमाण वा दुवै एउटै भएको अवस्थामा मात्र उपनियम (१) बमोजिमको मूल्य कायम गर्ने विधि प्रयोग गरिनेछ। एउटै कमर्सियल स्तर वा परिमाण वा दुवैमा बिक्री भएको नपाइएमा भिन्न कमर्सियल स्तर वा परिमाण वा दुवैलाई पनि लिन सकिनेछ र यसरी भिन्न कमर्सियल स्तर वा परिमाण वा दुवै लिइएको कारणले उत्पन्न हुने भिन्नतालाई समायोजन गरी प्रयोग गरिनेछ। त्यसरी समायोजन गर्दा मूल्यलाई बढाउने वा घटाउने जे भए पनि उक्त समायोजनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औचित्य र विशुद्धतालाई स्पष्ट रूपमा स्थापित गर्ने प्रमाणित आधार हुनु पर्नेछ।

(३) नियम ३४ बमोजिम समायोजन गर्नुपर्ने खर्च तथा शुल्कलाई कारोबार मूल्यमा समावेश गर्दा भौगोलिक दूरी र ढुवानीको साधनको भिन्नताले पैठारी भएको वस्तु र मिल्दोजुल्दो वस्तुबीच उत्पन्न हुने उल्लेखनीय फरकलाई मनन् गर्नको लागि त्यस्तो खर्च र शुल्कलाई समेत समायोजन गर्नु पर्नेछ।

(४) यस नियमबमोजिम मूल्य निर्धारण गर्दा मिल्दोजुल्दो वस्तुको कारोबार मूल्य एकभन्दा बढी देखिएमा सबैभन्दा कम मूल्यलाई आधार लिनु पर्नेछ।

(५) पैठारीकर्ताले व्यहोर्ने गरी निःशुल्क वा कम लागतमा नेपालमा गरिएका इन्जिनियरिङ, विकास, कला, डिजाइन, योजना तथा नक्सा सम्बन्धी कार्य समावेश भएको वस्तुलाई यस नियमको प्रयोजनको लागि मिल्दोजल्दो वस्तु (सिमिलर गुड्स) को रूपमा लिनु हुँदैन।

३१. **घट्दो (डिडक्टिभ) मूल्यका आधारमा कारोबार मूल्य कायम गर्ने विधि :** (१) नियम ३५ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य नियम २८, २९ र ३० बमोजिम निर्धारण गर्न नसकिने भएमा र पैठारीकर्ताले नियम ३२ को उपनियम (५) बमोजिम अनुरोध गरेको अवस्थामा बाहेक पैठारी भएको वस्तुको भन्सार मूल्य सोही वस्तु वा नेपालमा सो वस्तु पैठारी भएकै समय वा करिब एकै समयमा पैठारी भएको समरूपको वस्तु वा मिल्दोजुल्दो वस्तुको सोही अवस्थामा सबैभन्दा ठूलो परिमाणमा असम्बन्धित व्यक्तिलाई गरिएको वस्तु बिक्रीबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देहायको खर्च कटाई हुन आउने इकाइ मूल्य (युनिट प्राइस) को आधारमा गरिनेछ :-

(क) नेपालमा त्यस्तै वर्ग वा किसिमको वस्तु बिक्रीको सिलसिलामा प्रायःजसो तिरेको वा तिर्न मञ्जुर गरेको कमिशन वा नाफा तथा साधारण खर्चको लागि भएको थप रकम,

(ख) नेपालभित्र लागेको सामान्य परिवहन खर्च, बीमाको लागत र अन्य सम्बद्ध खर्च,

(ग) नेपालमा वस्तु पैठारी गर्दा लागेको वा लाग्न सक्ने भन्सार महसुल, कर र दस्तुर।

(२) मूल्याङ्कन गर्न लागिएको वस्तुको भन्सार मूल्य सोही वस्तु वा नेपालमा सो वस्तु पैठारी भएकै समय वा करिब एकै समयमा पैठारी भएको समरूपको वस्तु वा मिल्दोजुल्दो वस्तुको सोही अवस्थामा सबैभन्दा ठूलो परिमाणमा असम्बन्धित व्यक्तिलाई गरिएको वस्तु बिक्री भएको नपाइएमा मूल्याङ्कन गर्न लागिएको वस्तु भन्दा पहिले पैठारी भएको नब्बे दिनभित्रको सबैभन्दा नजिकको समयमा सोही अवस्थामा बिक्री भएको वस्तुको उपनियम (१) को अधीनमा रही निर्धारण गरिने इकाइ मूल्यको आधारमा गरिनेछ।

(३) मूल्याङ्कन गर्न लागिएको वस्तुको भन्सार मूल्य सोही वस्तु वा नेपालमा सो वस्तु पैठारी भएकै समय वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करिब एकै समयमा पैठारी भएको समरूपको वस्तु वा मिल्दोजुल्दो वस्तुको सोही अवस्थामा सबैभन्दा ठूलो परिमाणमा असम्बन्धित व्यक्तिलाई गरिएको वस्तु बिक्री भएको नपाइएमा र पैठारीकर्ताले अनुरोध गरेको अवस्थामा त्यस्तो वस्तु नेपालमा पैठारी भएपछि प्रशोधन वा जोडजाड गरी बिक्रेतासँग असम्बन्धित व्यक्तिलाई बिक्री गरेको सबैभन्दा ठूलो समष्टिगत परिमाणको इकाइ मूल्यको आधारमा गरिनेछ। त्यसरी मूल्य कायम गर्दा उपनियम (१) को अतिरिक्त वस्तु प्रशोधन गर्दा वा जोडजाड गर्दा भएको मूल्य अभिवृद्धि समेत समायोजन गरिनेछ।

३२. **गणना (कम्प्युटेड) मूल्यका आधारमा कारोबार मूल्य कायम गर्ने विधि :** (१) नियम ३५ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य नियम २८, २९, ३० र ३१ बमोजिम निर्धारण गर्न नसकिएमा त्यस्तो वस्तुको भन्सार मूल्य देहायका लागत जोडी गणना गरिएको मूल्यबमोजिम हुनेछ :-

(क) पैठारी गरिएको वस्तु उत्पादन गर्न लागेको सामग्री र निर्माण तथा प्रशोधनमा लागेको लागत वा मूल्य,

(ख) मूल्याङ्कन गर्न लागिएको वस्तुसँग समान श्रेणी वा किसिमको वस्तु बिक्री गर्दा सामान्यतया प्रतिविम्बित हुने निकासी गर्ने मुलुकको उत्पादकले नेपालमा निकासी गर्न लिएको मुनाफा र सामान्य खर्च,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नियम ३४ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (आ), खण्ड (ख) को उपखण्ड (आ), (इ), (ई), खण्ड (ग) र खण्ड (घ) बमोजिमका खर्च।

(२) मूल्याङ्कन गर्न लागिएको वस्तुमा लागेको सामग्री बापतको खर्च तथा प्रशोधन र उत्पादनसँग सम्बन्धित सम्पूर्ण खर्च वा मूल्य देहायका सूचनाको आधारमा निर्धारण गरिनेछ :-

(क) मूल्याङ्कन गर्न लागिएको वस्तु उत्पादकको कमर्सियल खाता,

(ख) सामान्य स्वीकृतयोग्य लेखाका सिद्धान्त अनुकूल वस्तु उत्पादन गर्ने मुलुकमा तयार गरिएको र उत्पादक वा उत्पादकको तर्फबाट आपूर्ति गरिएको वस्तुसँग सम्बन्धित अन्य पर्याप्त सूचना।

(३) उपनियम (१) को खण्ड (ख) मा उल्लिखित मुनाफा तथा सामान्य खर्च प्रतिशतमा गणना गरिनेछ। त्यस्तो गणनाको लागि मूल्याङ्कन गर्न लागिएको वस्तु उत्पादन भएको मुलुकमा सामान्य स्वीकृतयोग्य लेखाका सिद्धान्त अनुसार तयार पारिएको र उत्पादक वा निजको तर्फबाट उपलब्ध गराइएको सूचनालाई आधार लिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम उत्पादकले मुनाफा र सामान्य खर्चको लागि आपूर्ति गरेका आफ्ना आँकडा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामान्यतया त्यस्तै श्रेणी वा किसिमको वस्तुको बिक्रीमा प्रतिविम्बित हुने नाफा वा सामान्य खर्च अनुकूल नभएमा भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा अन्य सान्दर्भिक सूचनाको आधार लिन सक्नेछ।

(५) पैठारीकर्ताले नियम ३१ बमोजिम घट्दो (डिडक्टिभ) मूल्यका आधारमा मूल्य निर्धारण गर्नु भन्दा अगावै यस नियमको प्रक्रिया अवलम्बन गरी भन्सार मूल्य निर्धारण गर्न अनुरोध गरेमा यस नियमबमोजिम मूल्य निर्धारण गरिनेछ।

३३. **मनासिब आधारमा मूल्य कायम गर्ने विधि:** (१) नियम ३५ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य नियम २८, २९, ३०, ३१ र ३२ बमोजिम निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुको भन्सार मूल्य सो नियममा उल्लिखित भन्सार विधि अनुकूल हुने गरी त्यस्ता विधिको प्रयोगमा तर्कसङ्गत लचकता अपनाई नेपालमा उपलब्ध सूचनाको आधारमा आवश्यकता अनुसार उचित समायोजन वा थपघट गरी निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिम मूल्य निर्धारण गर्दा देहायको आधार लिनु हुँदैन :-

(क) नेपालमा उत्पादन गरिएको वस्तुको नेपालको बजारमा बिक्री गरिएको मूल्य,

(ख) दुई वटा वैकल्पिक मूल्यमध्ये बढी मूल्य,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) निकासी गरेको मुलुकको आन्तरिक बजारमा भएको वस्तुको मूल्य,

(घ) नेपाल बाहेक अन्य मुलुकमा निकासीको लागि बिक्री गरेको वस्तुको मूल्य,

(ङ) नियम ३१ बमोजिम गणना मूल्यको लागि निर्धारण गरिएको समरूपका वा मिल्दोजुल्दो वस्तुको उत्पादन लागत बाहेकको अन्य अवस्थामा उत्पादन लागत,

(च) न्यूनतम भन्सार मूल्य,

(छ) स्वेच्छाचारी वा काल्पनिक मूल्य।

३४. **<u>वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश गरिने खर्च :</u>** (१) नियम २८ बमोजिम भन्सार मूल्य निर्धारण गर्दा पैठारी भएको वस्तुको लागि वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा देहायका खर्च समायोजन गरिनेछ :-

(क) पैठारीकर्ताले व्यहोरेको तर पैठारी भएको वस्तुको लागि वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश नभएको हदसम्म देहाय बमोजिमका खर्च :-

(अ) पैठारीकर्ताको विदेशमा रहेको प्रतिनिधिले खरिद गर्ने सम्बन्धमा सेवा गरे बापत प्राप्त गरेको कमिशन बाहेक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारीकर्ताले त्यस्तो वस्तुको सम्बन्धमा व्यहोरेको कमिशन र दलाली दस्तुर,

(आ) भन्सार प्रयोजनको लागि पैठारी भएको वस्तुकै रूपमा व्यवहार गरिने आधानपात्र (कन्टेनर) को लागत,

(इ) वस्तुको प्याकिङ्गको लागि लागेको सामग्री वा श्रमको लागत।

(ख) पैठारी भएको वस्तुको उत्पादन तथा निकासीको लागि पैठारीकर्ताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निःशुल्क वा घटी मूल्यमा आपूर्ति गरेको र वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश नभएको हदसम्म देहायका वस्तु तथा सेवाको मूल्य :-

(अ) पैठारी भएको वस्तुमा समावेश भएको सामग्री, सहायक सामग्री, पार्टपुर्जा जस्ता सामग्री,

(आ) पैठारी भएको वस्तुको उत्पादनमा प्रयोग गरिएको औजार, डाइ, माउल्ड तथा यस्तै सामान,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(इ) पैठारी भएको वस्तुको उत्पादनमा उपभोग भएको सामग्री,

(ई) पैठारी भएको वस्तुको लागि आवश्यक र नेपाल बाहेक अन्यत्र तयार गरिएको इन्जिनियरिङ, विकास, कला, डिजाइन, योजना तथा नक्सा।

(ग) वास्तविक तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश नगरिएको हदसम्मको मूल्याङ्कन गर्न लागिएको वस्तुसँग सम्बन्धित, पैठारीकर्ताले बिक्रीको सर्त स्वरूप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तिर्नुपर्ने पेटेन्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकारसँग सम्बन्धित रोयल्टी र इजाजत दस्तुर,

(घ) पैठारी भएको वस्तुको पुनः बिक्रीबाट आपूर्तिकर्ता (बिक्रेता) लाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त हुने मुनाफाको कुनै अंशको मूल्य,

(ङ) पैठारी गरिएको वस्तुमा निकासी भएको मुलुकदेखि नेपालको भन्सार बिन्दुसम्मको परिवहन तथा बीमाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागत, लोडिङ, अनलोडिङ तथा ह्याण्डलिङ खर्च र पैठारी गरिएको वस्तुको नेपाल बाहिर लागेको विलम्ब शुल्क (डेमरेज) लगायत परिवहनसँग सम्बन्धित अन्य खर्च।

(२) उपनियम (१) को खण्ड (ङ) मा उल्लिखित परिवहन खर्च वा बीमा खर्च (लागत) को कागजात पेस नभएको वा पेस भएको भए तापनि त्यस्तो कागजमा उल्लिखित परिवहन खर्च वा बीमा खर्च भन्सार अधिकृतलाई विश्वसनीय नलागेमा त्यस्तो वस्तुको मूल्यमा परिवहन खर्च र बीमा बापत नियम ४० बमोजिम कायम गरेको अनुमानित मूल्य समायोजन गरिनेछ।

(३) यस नियमबमोजिम मूल्य समायोजन गर्दा त्यस्तो खर्चको वस्तुगत तथा गणनायोग्य आँकडाको आधारमा मात्र गरिनेछ।

(४) यस नियममा उल्लेख नगरिएको खर्च वास्तविक तिरेको वा तिर्नुपर्ने मूल्यमा समायोजन गरिनेछ।

३५. **मूल्य घोषणा गर्नुपर्ने :** (१) घोषणाकर्ताले पैठारी गरेको वस्तुको मूल्य सम्बन्धी पूर्ण र सही विवरण खुलाई, बीजक लगायत मूल्यसँग सम्बन्धित अन्य कुनै कागजात भए त्यस्ता कागजातसमेत संलग्न गरी सम्बन्धित कार्यालयमा मूल्य निर्धारण गर्ने प्रणालीमा घोषणा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम घोषणा गरेको मूल्य नियम २८ बमोजिमको कारोबार मूल्य भएको पाइएमा भन्सार अधिकृतले त्यस्तो कारोबार मूल्य स्वीकार गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम घोषणा गरेको मूल्यमा नियम ३४ बमोजिम समायोजन गर्नु पर्ने रकम समावेश भएको नदेखिएमा भन्सार अधिकृतले त्यस्तो रकम जोडी मूल्य निर्धारण गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम वस्तुको मूल्य घोषणा गर्दा वास्तविक तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश नभएको तर नियम ३४ बमोजिम जोड्नु पर्ने रकमको वस्तुगत, गणनायोग्य तथा विश्वसनीय आँकडा घोषणाकर्ताले पेस गर्न नसकेमा महानिदर्शेकले ऐनको दफा ३१ को अधीनमा रही तोकिदिएको आधारबमोजिम हुने रकम जोडी भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्नु पर्नेछ।

**३६. बन्देज लगाएको नमानिने :** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि घोषणाकर्ताले नियम ३५ को उपनियम (१) बमोजिम घोषणा गरेको मूल्य र पेस गरेका कागजात वा विवरणको सत्यता तथा यथार्थता (एक्युरेसी) का सम्बन्धमा यकीन हुन पाउने भन्सार अधिकृतको अधिकारमा बन्देज लगाएको मानिने छैन।

**३७. घोषणा गरिएको मूल्य अस्वीकार गर्ने :** (१) नियम ३५ बमोजिम घोषणा गरेको मूल्य शङ्कास्पद भएको विश्वास गर्नुपर्ने मनासिब आधार र कारण भएमा भन्सार अधिकृतले घोषणाकर्तालाई त्यस्तो मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप प्रमाण वा कागजात पेस गर्न कम्तीमा सात दिनको अवधि दिई लिखित सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि घोषणाकर्ताले घोषित मूल्यलाई प्रमाणित गर्ने थप प्रमाण वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कागजात सूचनामा दिइएको अवधिभित्र पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम भन्सार अधिकृतले पेस गर्न सूचित गरे बमोजिमको थप प्रमाण वा कागजात घोषणाकर्ताले पेस गर्न नसकेमा वा नगरेमा वा पेस गरेको प्रमाण वा कागजातबाट पनि नियम ३५ बमोजिम घोषित मूल्यको सत्यता वा यथार्थता सम्बन्धमा शङ्का गर्नुपर्ने मनासिब कारण भएमा भन्सार अधिकृतले नियम २८ को उपनियम (१) बमोजिम मूल्य निर्धारण गर्न अस्वीकार गर्नेछ।

(४) घोषणाकर्ताले अनुरोध गरेमा भन्सार अधिकृतले घोषित मूल्यको सत्यता वा परिशुद्धता सम्बन्धमा शङ्का गर्नुपर्ने मनासिब कारण सहितको सूचना दिई उपनियम (३) बमोजिमको निर्णय गर्नुभन्दा पहिले घोषणाकर्तालाई सुनुवाइको मनासिब मौका दिनु पर्नेछ।

(५) घोषित मूल्यलाई उपनियम (३) बमोजिम अस्वीकृत गरेपछि भन्सार अधिकृतले नियम २८, २९, ३०, ३१, ३२ र ३३ मा उल्लिखित विधिको क्रमबद्धताको आधारमा मूल्य निर्धारण गर्नेछ।

(६) यस नियमको प्रयोजनको लागि अन्य कुराको अतिरिक्त देहायका विषयमा भन्सार अधिकृतलाई घोषित मूल्यको सत्यता वा परिशुद्धतामा शङ्का गर्ने आधार हुनेछ :-

(क) वस्तुको बिक्रीमा असामान्य छुट दिइएको वा असामान्य घटी मूल्यमा बिक्री गरिएको,

(ख) कुनै व्यक्ति वा प्रतिनिधि विशेषलाई मात्र सीमित गरी विशेष छुट दिएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) वस्तुको विवरण, गुण, परिमाण, उत्पत्तिको मुलुक, उत्पादन गरिएको वा निर्माण गरिएको वर्ष जस्ता विषयको गलत घोषणा गरेको,

(घ) वस्तुको मूल्यलाई प्रभाव पार्न सक्ने ब्राण्ड, स्तर (ग्रेड) तथा विशेष विवरण (स्पेसिफिकेशन) स्पष्ट रूपमा घोषणा नगरेको,

(ङ) घोषित मूल्य सोही समयमा वा करिब एकै समयमा तुलनायोग्य कमर्सियल कारोबारमा तुलनायोग्य परिमाणमा आयात भएको समरूपका वा मिल्दोजुल्दो वस्तुको निर्धारित मूल्यभन्दा अस्वाभाविक रूपमा बढी देखिएको,

(च) नक्कली वा जालसाजी कागजात पेस गरेको।

३८. **<u>भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौताको प्रयोग :</u>** नियम २८, २९, ३०, ३१, ३२ र ३३ को व्याख्यामा विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन टेरिफ्स एण्ड ट्रेड), १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौताको अनुसूची-१ को व्याख्यात्मक द्रष्टव्य (इन्टरप्रिटेटिभ नोटस्) को आवश्यक परिवर्तन सहित (मुटाटिस मुटान्डिस) प्रयोग गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. **अस्थायी रूपमा भन्सार मूल्य निर्धारण गर्नसक्ने :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा भन्सार अधिकृतले पैठारी भएको वस्तुको यस परिच्छेदको अधीनमा रही अस्थायी भन्सार मूल्य निर्धारण गर्न सक्नेछ :-

(क) पैठारीकर्ताले मनासिब कारण देखाई वस्तुको मूल्याङ्कनको लागि आवश्यक पर्ने कागजात तथा अन्य जानकारी तत्काल उपलब्ध गराउन नसक्ने व्यहोराको निवेदन दिएमा,

(ख) वस्तुको प्रयोगशाला परीक्षण वा अन्य जाँच गरेपछि मात्र भन्सार मूल्य निर्धारण गर्नुपर्ने वा गर्न सकिने भएमा वा पैठारीकर्ताले उपलब्ध गराएको कागजात र जानकारीको सम्बन्धमा थप जाँचबुझ गर्नुपर्ने देखिएमा।

(२) उपनियम (१) बमोजिम अस्थायी भन्सार मूल्य निर्धारण भएपछि पैठारीकर्ताले त्यस्तो वस्तुमा लाग्ने महसुल धरौटीमा राखी वस्तु छुटाउन चाहेमा भन्सार अधिकृतले त्यस्तो वस्तु जाँचपास गरी दिनेछ।

(३) उपनियम (१) बमोजिम अस्थायी मूल्य निर्धारण भएको मितिले सामान्यतया तिस दिनभित्र भन्सार अधिकृतले सो वस्तुको भन्सार मूल्य यस परिच्छेदबमोजिम निर्धारण गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम निर्धारण भएको भन्सार मूल्य उपनियम (१) बमोजिम निर्धारण भएको अस्थायी भन्सार मूल्यभन्दा बढी भएमा कार्यालयले त्यसरी बढी भएजति मूल्यमा लाग्ने महसुल त्यस्तो पैठारीकर्ताबाट असुल उपर गर्नु पर्नेछ र घटी भएमा बढी असुल भएको महसुल निजलाई फिर्ता दिनु पर्नेछ।

४०. **<u>अनुमानित रकम कायम गर्ने :</u>** (१) कुनै पैठारीकर्ताले वस्तु पैठारी गर्दा लागेको भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको कागजात काबुबाहिरको परिस्थिति परी तत्काल पेस गर्न नसक्ने अवस्था भएमा सोको कारण खुलाई त्यस्तो भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम गर्नको लागि भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुको कारोबार मूल्यमा समावेश हुनसक्ने भाडा, बीमा वा अन्य सम्बद्ध खर्च बापतको अनुमानित रकम कायम गरिदिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम भएको मितिले नब्बे दिनभित्र सम्बन्धित पैठारीकर्ताले सो वस्तुको वास्तविक भाडा, बीमा र अन्य सम्बद्ध खर्च प्रमाणित गर्ने कागजात पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस गरेको कागजातमा उल्लेख भएको रकम उपनियम (२) बमोजिम कायम भएको अनुमानित रकमभन्दा बढी भएमा त्यस्तो बढी रकममा लाग्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसुल निजले बुझाउनु पर्नेछ र घटी भएमा लाग्ने महसुल कटाई बाँकी रकम भन्सार अधिकृतले निजलाई फिर्ता गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिमको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले प्रमाण कागजात पेस नगरेमा वा अन्यथा प्रमाणित भएमा भन्सार अधिकृतबाट उपनियम (२) बमोजिम कायम भएको अनुमानित रकमलाई त्यस्तो भाडा, बीमा र अन्य सम्बद्ध खर्चको अन्तिम रकम कायम भएको मानिनेछ।

४१. **<u>पैठारी हुने वस्तुको भन्सार मूल्य सम्बन्धी डाटावेशको विकास र प्रयोग :</u>** (१) पैठारीकर्ताले घोषणा गरेको मूल्यको सत्यता र यथार्थता जाँच गर्न विभागले विद्युतीय डाटावेश विकास गरी प्रयोग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम डाटावेश तयार गर्दा देहायका स्रोत प्रयोग गर्न सकिनेछ :-

(क) पहिले पैठारी भएको वस्तुको भन्सार अधिकृतले कायम गरेको भन्सार मूल्य,

(ख) उत्पादक तथा निजको आधिकारिक वितरक लगायतको वेबसाइटमा उल्लिखित मूल्य,

(ग) विभागले कुनै वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशन गर्नुपर्ने गरी तोकिएको भए उक्त मूल्य,

(घ) उत्पादक तथा वितरकको मान्यता प्राप्त संस्था तथा निकायले वस्तुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यापारिक प्रयोजनको लागि आवधिक रूपमा प्रकाशन गर्ने मूल्य,

(ङ) विभागले आवश्यक ठानेका अन्य स्रोत।

(३) डाटावेश प्रयोग सम्बन्धी अन्य विधि, प्रक्रिया र गोपनीयता विभागले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-७

## भन्सार वेयरहाउस सम्बन्धी व्यवस्था

४२. **भन्सार वेयरहाउस सञ्चालनको स्वीकृति :** (१) ऐनको दफा ५७ को उपदफा (२) बमोजिम सरकारी स्वामित्वमा स्थापना भएको वेयरहाउस वा उपदफा (४) बमोजिम निजी वेयरहाउस सञ्चालन गर्न चाहने व्यक्तिले देहायका विवरण तथा कागजात संलग्न गरी स्वीकृतिको लागि अनुसूची-१० बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ :-

(क) वेयरहाउस सञ्चालन गर्न चाहने फर्म, कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्र,

(ख) त्यस्तो फर्म, कम्पनी वा संस्थाको सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बर,

(घ) वेयरहाउसको क्षमता अनुसारको बीमा गर्ने कबुलियतनामा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) भन्सार वेयरहाउसमा राखिएको वस्तु चोरिएमा, हराएमा, आगलागी भएमा वा अन्य कुनै कारणले हानि नोक्सानी भएमा महसुल बुझाउने र वस्तुधनीलाई क्षतिपूर्ति बुझाउने सम्बन्धमा गरेको कबुलियतनामा,

(च) सम्बन्धित सरकारी निकाय र वेयरहाउस सञ्चालन गर्न चाहने व्यक्तिबीच वेयरहाउस सञ्चालनको सम्बन्धमा भएको सम्झौतापत्र।

तर ऐनको दफा ५७ को उपदफा (४) बमोजिम स्वीकृति लिँदा त्यस्तो सम्झौतापत्र आवश्यक पर्ने छैन।

(२) ऐनको दफा ५७ को उपदफा (४) बमोजिम स्वीकृतिको लागि निवेदन दिँदा उपनियम (१) बमोजिमका विवरण तथा कागजातको अतिरिक्त देहायका विवरण तथा कागजात समेत संलग्न गर्नु पर्नेछ :-

(क) वेयरहाउसको क्षमता अनुसारको बीमालेख,

(ख) वेयरहाउस सञ्चालनको लागि सम्बन्धित निकायबाट प्राप्त गरेको इजाजतपत्र।

(३) उपनियम (१) र (२) बमोजिम वेयरहाउस सञ्चालनको स्वीकृतिको लागि निवेदन प्राप्त भएमा विभागले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देहायका विषयमा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेस गर्न कर्मचारी खटाउनु पर्नेछ :-

(क) वेयरहाउसको बनावट, क्षमता, झ्याल ढोका, ताल्चा लगाउने (लक गर्ने), अग्नि नियन्त्रण लगायत वस्तु सुरक्षाको लागि अपनाइएको व्यवस्था,

(ख) वस्तुलाई सुरक्षित रूपमा लोड वा अनलोड गर्न आवश्यक शेडघर तथा पार्किङको व्यवस्था,

(ग) वेयरहाउस सञ्चालनको लागि पर्याप्त जनशक्ति,

(घ) वस्तु लोड वा अनलोड गर्न र वेयरहाउसमा वस्तु राख्न वा निकाल्नको लागि पर्याप्त आवश्यक उपकरण,

(ङ) वेयरहाउसमा राख्नको लागि प्राप्त हुने वस्तुको अभिलेख, भण्डारण तथा जाँचपास भएर जाने वस्तुको उचित व्यवस्थापनको लागि उपयुक्त कम्प्युटर प्रणाली।

(४) उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा र उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनबाट वेयरहाउस सञ्चालनको लागि आवश्यक पूर्वाधार रहेको पाइएमा महानिर्देशकले नियम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३ बमोजिमको सर्त र दायित्व पालन गर्ने गरी निवेदकलाई वेयरहाउस सञ्चालनको स्वीकृति दिन सक्नेछ।

४३. **<u>वेयरहाउस सञ्चालकले पालन गर्नुपर्ने सर्त र दायित्व :</u>** (१) नियम ४२ बमोजिम स्वीकृति प्राप्त गर्ने भन्सार वेयरहाउस सञ्चालकले देहायका सर्त र दायित्वको पालना गर्नु पर्नेछ :-

(क) कार्यालयले नराख्न आदेश दिएको वस्तु वेयरहाउसमा नराख्ने,

(ख) वेयरहाउसमा वस्तु राख्दा वस्तुधनीको स्पष्ट नाम, ठेगाना र उपलब्ध भएसम्म टेलिफोन नम्बर र इमेल ठेगाना समेतको अभिलेख राख्ने,

(ग) वेयरहाउसमा रहेको वस्तुको नाम, परिमाण, अदत सहितको अद्यावधिक अभिलेख अनुसूची-११ बमोजिमको ढाँचामा राख्ने,

(घ) वेयरहाउसमा रहेको वस्तुको सुरक्षाको व्यवस्था गर्ने,

(ङ) कार्यालयको पूर्वस्वीकृति बिना वेयरहाउसबाट वस्तु नझिक्ने,

(च) जाँचपासका लागि एक पटक झिकिसकेको वस्तु भन्सार अधिकृतको स्वीकृति लिएर मात्र वेयरहाउसमा राख्ने,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कार्यालयको आदेश बिना वेयरहाउसमा रहेको वा रहन आउने वस्तु नखोल्ने र खोल्न नपाउने व्यवस्था गर्ने,

(ज) वेयरहाउसमा रहेको वस्तु हराए, नासिए वा कुनै प्रकारले नोक्सानी भएमा तत्काल कार्यालयलाई जानकारी दिने,

(झ) वेयरहाउसमा पैंतालिस दिनभन्दा बढी अवधि वस्तु रहेकोमा त्यस्तो अवधि समाप्त भएपछि सोको जानकारी कार्यालयलाई दिने,

(ञ) भन्सार अधिकृतले चाहेको बखत वेयरहाउसको निरीक्षण गर्न दिने र निजले मागेको जानकारी तथा विवरण तत्काल उपलब्ध गराउने,

(ट) वेयरहाउसमा रहेको वस्तुको विवरण दैनिक रूपमा कार्यालयलाई उपलब्ध गराउने,

(ठ) कार्यालयबाट ढुवानीको साधनमा भन्सारको सिल लगाई पठाएकोमा त्यस्तो सिल दुरुस्त भए वा नभएको जाँच गर्ने,

(ड) ढुवानीको साधनमा कार्यालयले लगाएको सिल दुरुस्त भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नपाइएमा तत्काल भन्सार अधिकृतलाई जानकारी दिने,

(ढ) ढुवानीको साधनमा कार्यालयले लगाएको सिल दुरुस्त भएको पाइएमा त्यस्तो वस्तु अनलोड गर्न लगाई कार्यालयमा वस्तु वेयरहाउसमा राख्नको लागि गरेको घोषणा फाराम अनुसार वस्तुको विवरण र परिमाण भिडाउने,

(ण) वस्तु भिडाउँदा घोषणा फाराम अनुसार नमिलेमा चौबिस घण्टाभित्र भन्सार अधिकृतलाई जानकारी दिने,

(त) वस्तु भिडाउँदा घोषणा फाराम अनुसार दुरुस्त भएको पाइएमा त्यस्तो वस्तुको घोषणा फाराममा जनाई एक प्रति वेयरहाउस प्रयोजनको लागि दर्ता गरी राख्ने र वस्तुको विवरण कम्प्युटर प्रणालीमा सिलसिलाबद्ध अभिलेख गरी वस्तुलाई सुरक्षित रूपमा वेयरहाउसमा राख्ने,

(थ) वाहनको चालकलाई वस्तु प्राप्त भएको जानकारीको लागि ढुवानीको कागजमा जनाउने,

(द) भन्सार कर्मचारीको लागि वेयरहाउसमा आवश्यक पर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

कार्यकक्ष, फर्निचर तथा उपकरणको व्यवस्था गर्ने।

(२) भन्सार वेयरहाउसमा वस्तु प्राप्त भई अभिलेख राखेपछि वेयरहाउस सञ्चालकले सोको जानकारी अनुसूची-१२ बमोजिमको ढाँचामा भन्सार अधिकृतलाई चौबिस घण्टाभित्र दिनु पर्नेछ।

(३) कार्यालयले सञ्चालन गरेको भन्सार वेयरहाउसमा कुनै वस्तु राख्न ल्याएमा वेयरहाउसमा खटिएको कर्मचारीले उपनियम (१) को खण्ड (ग) बमोजिमको ढाँचामा भए वा नभएको यकिन गरी सोही उपनियमको खण्ड (ङ), (च) र (छ) बमोजिमको सर्त पालना गर्नु पर्नेछ।

४४. **<u>जाँचपास नभएको वस्तु भन्सार वेयरहाउसमा राख्ने :</u>** (१) कुनै वस्तुधनीले कार्यालयमा आइपुगेको वस्तु तत्काल जाँचपास नगराई भन्सार वेयरहाउसमा राख्न चाहेमा त्यस्तो वस्तु कार्यालयमा आइपुगेको मितिले सात दिनभित्र अनुसूची-१३ बमोजिमको ढाँचामा भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा उल्लिखित वस्तु भन्सार वेयरहाउसमा राख्न दिन मिल्ने प्रकृतिको भए वा नभएको सम्बन्धमा भन्सार अधिकृतले जाँच गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा भन्सार वेयरहाउसमा राख्न दिन मिल्ने प्रकृतिको वस्तु देखिएमा महानिर्देशकले कुनै वस्तुको सम्बन्धमा कुनै सर्त र अवधि तोकेको अवस्थामा बाहेक भन्सार अधिकृतले बढीमा पैँतालिस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनसम्म त्यस्तो वस्तुलाई भन्सार वेयरहाउसमा राख्ने अनुमति दिन सक्नेछ।

(४) उपनियम (२) बमोजिम जाँच गर्दा भन्सार वेयरहाउसमा राख्न नमिल्ने प्रकृतिको वस्तु देखिएमा भन्सार वेयरहाउसमा राख्न दिन नसकिने जानकारी वस्तुधनीलाई तत्काल दिनु पर्नेछ।

(५) वस्तुधनीले भन्सार क्षेत्र वा कार्यालय परिसर वा भन्सार वेयरहाउसमा राखिएको वस्तु पैंतालिस दिनभित्र जाँचपास गराई लैजानु पर्नेछ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तु स्वास्थ्यका लागि हानिकारक, छिटो नास हुने, भन्सार वेयरहाउसमा राखिरहन उपयुक्त नहुने वा स्थानको अभावले गर्दा सो म्यादसम्म राखिरहन नसकिने अवस्था भएमा कार्यालय प्रमुखले त्यस्तो म्याद समाप्त हुनु अगावै मनासिब समय दिई वस्तु जाँचपास गराई लैजान वस्तुधनीलाई सूचना दिन सक्नेछ।

(७) उपनियम (५) वा (६) बमोजिमको अवधिभित्र वस्तुधनीले वस्तु जाँचपास गराई नलगेमा कार्यालय प्रमुखले ऐनको दफा ५२ बमोजिम जफतको प्रक्रिया सुरु गर्नु पर्नेछ।

४५. **<u>वेयरहाउसमा रहेको वस्तुको क्षतिपूर्ति :</u>** (१) ऐनको दफा ६० को उपदफा (२) बमोजिम क्षतिपूर्ति भराई लिन पाउने व्यक्तिले क्षति भएको वस्तु उपर आफ्नो हक स्थापित भएको प्रमाण सहित वेयरहाउस सञ्चालकसमक्ष क्षतिपूर्ति पाउनु पर्ने स्पष्ट आधार र कारण खुलाई निवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा क्षतिपूर्ति दिनु पर्ने मनासिब कारण देखिएमा वेयरहाउस सञ्चालकले वास्तविक क्षति बापत मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

(३) ऐनको दफा ६० को उपदफा (३) बमोजिम वेयरहाउस सञ्चालकको लापरबाहीको कारणले चोरी भएको, हराएको, आगलागी भएको वा अन्य कुनै कारणले क्षति वा हानि नोक्सानी भएको पुष्टि भएमा भन्सार अधिकृतले वेयरहाउस सञ्चालकलाई सात दिनभित्र सोही उपदफा बमोजिम असुल गर्नुपर्ने महसुल कार्यालयमा दाखिला गर्न लगाउनु पर्नेछ।

४६. **वेयरहाउसको भाडा भुक्तानी गर्ने :** (१) नियम ४२ बमोजिम स्वीकृति लिई वेयरहाउस सञ्चालन गर्ने व्यक्तिले त्यस्तो वेयरहाउसमा वस्तु राख्ने वस्तु धनीबाट नेपाल सरकारले निर्धारण गरेबमोजिम भाडा असुल गर्न सक्नेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रले सञ्चालन गरेको वेयरहाउस वा कार्यालय परिसर वा टर्मिनल व्यवस्थापन कम्पनीको स्वामित्वमा रहेको वेयरहाउस वा स्थलमा राखिएको वस्तु लिलाम बिक्री गर्दा सोबाट प्राप्त हुने रकमको दश प्रतिशत वा गोदाम भाडा बापतको रकममध्ये जुन घटी हुन्छ सो रकम त्यस्तो वेयरहाउस सञ्चालक वा टर्मिनल व्यवस्थापन कम्पनीलाई दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-८
## बण्डेड वेयरहाउस सञ्चालन सम्बन्धी व्यवस्था

**४७. बण्डेड वेयरहाउसको इजाजतपत्र दिने व्यवस्था :** (१) ऐनको दफा ६१ बमोजिम कुनै उद्योगले बण्डेड वेयरहाउस सञ्चालन गर्न इजाजतपत्र लिन चाहेमा अनुसूची-१४ बमोजिमको ढाँचामा महानिर्देशकसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा देहायका विषयमा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेस गर्न महानिर्देशकले विभागको कुनै कर्मचारीलाई खटाउन सक्नेछ :-

(क) वेयरहाउसको बनावट, क्षमता र सुरक्षाको व्यवस्था,

(ख) वस्तु राख्ने स्थान र उत्पादन वा निर्माण स्थलको अवस्था,

(ग) प्रशोधन, उत्पादन वा निर्माणको लागि आवश्यक यन्त्र वा उपकरण,

(घ) प्रशोधन, उत्पादन वा निर्माणको लागि आवश्यक जनशक्तिको व्यवस्था।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनबाट बण्डेड वेयरहाउसको इजाजतपत्र दिन मनासिब देखिएमा इजाजतपत्र दस्तुर बापत छ हजार रुपैयाँ लिई महानिर्देशकले निवेदकलाई अनुसूची-१५ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिमको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ।

(५) उपनियम (३) बमोजिम प्राप्त इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले त्यस्तो इजाजतपत्रको मान्य अवधि सकिनु अगावै प्रत्येक आर्थिक वर्षको लागि नवीकरण दस्तुर बापत तीन हजार रुपैयाँ बुझाई विभागबाट नवीकरण गराउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले सो अवधि सकिएपछि नवीकरणको लागि निवेदन दिएमा त्यस्तो इजाजतपत्रवालासँग प्रत्येक आर्थिक वर्षका लागि पाँच हजार रुपैयाँ दस्तुर लिई विभागले उपनियम (४) बमोजिमको म्याद समाप्त भएको मितिले तीन वर्षसम्म इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ।

(७) उपनियम (६) बमोजिमको अवधिभित्र समेत नवीकरण नगरेको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(८) इजाजतपत्र नवीकरण नगरेको अवधिभर इजाजतपत्रवालाले बण्डेड वेयरहाउसको सुविधा उपभोग गर्न पाउने छैन।

४८. **<u>बण्डेड वेयरहाउसको इजाजतपत्र प्राप्त उद्योगले पालना गर्नुपर्ने सर्त :</u>** बण्डेड वेयरहाउसको इजाजतपत्र प्राप्त उद्योगले अनुसूची-१५ बमोजिम इजाजतपत्रमा तोकिएको सर्तको पालना गर्नु पर्नेछ।

४९. **<u>बण्डेड वेयरहाउसको इजाजतपत्र निलम्बन वा खारेजी :</u>** (१) बण्डेड वेयरहाउसको इजाजतपत्र प्राप्त उद्योगले ऐनको दफा ६२ र नियम ४८ बमोजिम इजाजतपत्रमा तोकिएको कुनै सर्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पालना नगरेको भनी कुनै स्रोतबाट सूचना प्राप्त भएमा र त्यस्तो सूचनाबाट सर्त पालना नगरेको भन्ने विश्वसनीय आधार देखिएमा महानिर्देशकले बण्डेड वेयरहाउसको इजाजतपत्र बढीमा एक महिनासम्म निलम्बन गरी छानबिन गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम छानबिन गर्दा उद्योगले तयारी वस्तुलाई कच्चा पदार्थ भनी घोषणा गरेको, बण्डेड वेयरहाउसको लागि प्राप्त सुविधाको दुरूपयोग गरेको वा इजाजतपत्रमा तोकिएको सर्त पालना नगरेको प्रमाणित भएमा महानिर्देशकले त्यस्तो उद्योगको बण्डेड वेयरहाउसको इजाजतपत्र तत्काल खारेज गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि त्यस्तो उद्योगलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम इजाजतपत्र निलम्बन गरिएको अवधिमा उद्योगले बण्डेड वेयरहाउसको सुविधा प्रयोग गर्न पाउने छैन।

(५) उपनियम (२) बमोजिम इजाजतपत्र खारेज भएकोमा खारेज भएको उद्योगले खारेज भएको मितिले एक महिनाभित्र मौज्दात रहेको कच्चा पदार्थ र सहायक कच्चा पदार्थ तथा रीतपूर्वक निकासी नभएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लाग्ने महसुल र ऐन तथा भन्सार सम्बन्धी प्रचलित कानूनबमोजिम लाग्ने जरिबाना सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (२) बमोजिम इजाजतपत्र खारेज भएको उद्योगले रीतपूर्वक तयारी वस्तु बनाई निकासी गरिसकेको वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरेको र प्रचलित भन्सार कानूनमा तोकिएका सर्त पूरा गरेको भए त्यस्तो कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा राखेको महसुल बापतको बैङ्क जमानत एक महिनाभित्र फुकुवा गरिदिनु पर्नेछ।

## परिच्छेद-९

## करमुक्त पसल सञ्चालन सम्बन्धी व्यवस्था

**५०.** **करमुक्त पसलको इजाजतपत्र दिनसक्ने :** देहायका कुनै वा सबै वस्तु बिक्री गर्ने प्रयोजनका लागि ऐनको दफा ६३ बमोजिम महानिर्देशकले कुनै व्यक्तिलाई प्रतिस्पर्धाका आधारमा करमुक्त पसल सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछः-

(क) टिन प्याक विविध खाद्य परिकार,

(ख) चिउइङ गम, बिस्कुट वा वेफर,

(ग) चकलेट वा मिठाई,

(घ) श्रृङ्गार, शरीर सफाइ तथा सुगन्ध सम्बन्धी वस्तु।

**५१.** **सिलबन्दी बोलपत्र आह्वान गर्नुपर्ने :** नियम ५० बमोजिम करमुक्त पसल सञ्चालनको इजाजतपत्र दिने प्रयोजनको लागि विभागले एक्काईस दिनको म्याद दिई देहायका विषय खुलाई राष्ट्रियस्तरको दैनिक समाचारपत्र र विभागको वेबसाइटमा सूचना प्रकाशन गरी प्रत्येक करमुक्त पसलको लागि छुट्टाछुट्टै सिलबन्दी बोलपत्र आव्हान गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) न्यूनतम इजाजत शुल्क,

(ख) बोलपत्र प्राप्त गर्ने स्थान, बोलपत्र पठाउने तरिका र बोलपत्र बापत लाग्ने दस्तुर,

(ग) बोलपत्र खोल्ने समय, मिति र स्थान,

(घ) बोलपत्रसाथ आफूले कबोल गरेको अङ्कको दश प्रतिशतले हुने रकम दाखिला गर्नुपर्ने बैङ्क खाताको विवरण र सो खातामा रकम दाखिला गरेको सक्कल भौचर,

(ङ) करमुक्त पसल सञ्चालन गर्नुपर्ने क्षेत्र वा इलाका,

(च) अन्य आवश्यक विषय।

**५२. <u>बोलपत्र पेस गर्नसक्ने :</u>** नियम ५१ बमोजिम बोलपत्र आह्वान गरिएको सूचनाको म्यादभित्र देहायको योग्यता पुगेको व्यक्तिले न्यूनतम शुल्कमा नघट्ने गरी आफूले बुझाउन कबोल गरेको रकम उल्लेख गरी बोलपत्र पेस गर्न सक्नेछ :-

(क) नेपाली नागरिकको पूर्ण स्वामित्व रहेको फर्म वा कम्पनी,

(ख) निकासी वा पैठारी सङ्केत नम्बर प्राप्त गरेको,

(ग) नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने कुनै रकम बाँकी बक्यौता र बेरुजु नभएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) करमुक्त पसलबाट बिक्री गर्न चाहेको वस्तुको कारोबार गर्नको लागि प्रचलित कानूनबमोजिम इजाजत वा अनुमति आवश्यक पर्नेमा त्यस्तो इजाजत वा अनुमति प्राप्त गरेको,

(ङ) वस्तु भण्डारण गर्ने भवन वा स्थान भएको, र

(च) प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको।

**५३. <u>बोलपत्रको स्वीकृति :</u>** (१) विभागले नियम ५१ को सूचना बमोजिम पेस भएका बोलपत्र सूचनामा उल्लिखित स्थान र समयमा खोली कबोल रकमको तुलनात्मक विवरण तयार गर्नु वा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको तुलनात्मक विवरणमा रहेका बोलपत्रवालाले बोलपत्रमा उल्लेख गरेको स्थानमा करमुक्त पसलको लागि पैठारी गरेको वस्तु भण्डारण गर्ने र करमुक्त पसल सञ्चालन गर्ने स्थानको निरीक्षण गरी प्रतिवेदन पेस गर्न महानिर्देशकले विभागको कुनै अधिकृतस्तरको कर्मचारी खटाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम पेस भएको प्रतिवेदनअनुसार वस्तु भण्डारण गर्ने भवन र करमुक्त पसल सञ्चालन गर्ने स्थान सन्तोषजनक देखिएमा सबैभन्दा बढी रकम कबोल गर्ने नियम ५२ बमोजिमको योग्यता पुगेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिको बोलपत्र महानिर्देशकले स्वीकृत गरी अन्य बोलपत्रदाताको धरौटी रकम फिर्ता दिनु पर्नेछ।

(४) नियम ५१ बमोजिम सूचना प्रकाशन गर्दा बोलपत्र नपरेमा वा परेका बोलपत्र उपनियम (३) बमोजिम स्वीकृत नभएमा विभागले सात दिनको म्याद दिई पुनः बोलपत्र आह्वान गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम बोलपत्र आह्वान गर्दा पुनः यस परिच्छेद बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ।

**५४. <u>करमुक्त पसल सञ्चालनको इजाजतपत्र दिने :</u>** नियम ५३ को उपनियम (३) बमोजिम बोलपत्र स्वीकृत भएमा महानिर्देशकले बोलपत्रमा कबुल गरे बमोजिमको इजाजत शुल्क दाखिला गर्न लगाई अनुसूची-१६ बमोजिमको ढाँचामा करमुक्त पसल सञ्चालनको लागि इजाजतपत्र दिनेछ।

**५५. <u>पैठारी गर्ने वस्तुको परिमाण स्वीकृत गराउनुपर्ने :</u>** (१) करमुक्त पसल सञ्चालनको लागि इजाजतपत्र प्राप्त व्यक्तिले करमुक्त पसलबाट बिक्री गर्ने वस्तु पैठारी गर्नु परेमा आफूले पैठारी गर्न चाहेको वस्तुको प्रोफर्मा इन्भ्वाइस संलग्न गरी प्रत्येक आर्थिक वर्षका लागि कुन वस्तु कति परिमाणमा पैठारी गर्न चाहेको हो सो उल्लेख गरी अनुसूची-१७ बमोजिमको ढाँचामा देहायका विवरण तथा कागजात संलग्न गरी स्वीकृतिको लागि महानिर्देशकसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) करमुक्त पसल सञ्चालनको इजाजतपत्र,

(ख) पैठारी गर्न चाहेको वस्तुको विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अघिल्लो आर्थिक वर्षका लागि स्वीकृति प्राप्त गरेको वस्तुको पैठारी, बिक्री तथा मौज्दात र वस्तु बिक्री गरी प्राप्त भएको विदेशी मुद्रा बैङ्क दाखिला गरेको विवरण,

तर पहिलो पटक वस्तु पैठारी गर्ने स्वीकृति माग गर्दा त्यस्तो विवरण पेस गर्नुपर्ने छैन।

(घ) पछिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी वा गराई अघिल्लो आर्थिक वर्षको बिक्री परिमाणको आधारमा माग गरिएको आर्थिक वर्षका लागि बिक्री हुनसक्ने वस्तुको अनुमानित परिमाण बैङ्क जमानतमा पैठारी गर्न पाउने गरी स्वीकृति दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बैङ्क जमानतमा पैठारी गर्ने वस्तुमा लाग्ने महसुल र भन्सार महसुल वा कृषि सुधार शुल्कको पन्ध्र प्रतिशतले हुने थप रकम बराबरको बैङ्क जमानत राख्नु पर्नेछ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आर्थिक वर्षको लागि स्वीकृत गरिएको परिमाण बमोजिमको अधिकांश वस्तु पैठारी तथा बिक्री गरी सो आर्थिक वर्षको बाँकी अवधिका लागि थप वस्तु आवश्यक पर्ने भएमा यस नियम बमोजिमको प्रक्रिया पूरा गरी थप परिमाण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारी गर्न अनुमति माग गरी निवेदन दिएमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी वा गराई मनासिब परिमाणमा त्यस्तो वस्तु पैठारी गर्न स्वीकृति दिन सक्नेछ।

५६. **<u>वस्तु बिक्री गर्नुपर्ने अवधि :</u>** (१) करमुक्त पसलबाट बिक्री गर्न पैठारी गरिएको वस्तु पैठारी गरेको मितिले एक वर्षभित्र बिक्री गरिसक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र वस्तु बिक्री गर्न नसकेको तर इजाजतपत्रको म्याद बाँकी भएको अवस्थामा सो व्यहोरा खुलाई म्याद थपको लागि सम्बन्धित कार्यालय प्रमुखसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा कार्यालय प्रमुखले बढीमा छ महिनासम्मको लागि करमुक्त पसल सञ्चालनको इजाजतपत्रको अवधि थप गर्न सक्नेछ।

(४) उपनियम (१) बमोजिम बिक्री गरेको वस्तुको विवरण अनुसूची-१८ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम पेस भएको विवरण सम्बन्धित कार्यालयले जाँचबुझ गरी यथार्थ देखिएमा प्रमाणित गरिदिने र त्यस्तो विवरण प्रमाणित गर्न नमिल्ने देखिएमा सोही व्यहोराको लिखित जानकारी करमुक्त पसलको सञ्चालकलाई दिनु पर्नेछ।

(६) उपनियम (१) र (३) बमोजिमको अवधिभित्र बिक्री गर्न नसकेको वस्तुमा लाग्ने महसुल र सोको अतिरिक्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसुल वा कृषि सुधार शुल्कको पन्ध्र प्रतिशतले हुने थप रकम तत्काल बुझाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम बुझाउनु पर्ने महसुल तथा थप रकम त्यस्तो करमुक्त पसल सञ्चालकले नबुझाएमा बैङ्क जमानत दिने बैङ्कसँग दाबी गरी तत्काल असुल गरिनेछ।

५७. **बैङ्क जमानत फुकुवा :** (१) नियम ५६ बमोजिमको अवधिमा वस्तु बिक्री गर्ने करमुक्त पसल सञ्चालकले त्यसरी बिक्री गर्नुपर्ने अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र देहायका कागजात संलग्न गरी बैङ्क जमानत फुकुवाको लागि सम्बन्धित कार्यालयमा अनुसूची-१९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) वस्तु पैठारीको लागि विभागले दिएको स्वीकृति,

(ख) वस्तु पैठारी गरेको प्रज्ञापनपत्र,

(ग) कार्यालयबाट प्रमाणित गरिएको वस्तु बिक्री सम्बन्धी विवरण,

(घ) वस्तु बिक्रीबाट प्राप्त विदेशी मुद्राको रकम बैङ्क दाखिला गरेको विवरण,

(ङ) फुकुवा गर्न माग गरेको बैङ्क जमानतको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमको निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा सम्बन्धित कार्यालयले त्यस्तो निवेदन प्राप्त भएको मितिले एक महिनाभित्र बैङ्क जमानत फुकुवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी इजाजतपत्र प्राप्त व्यक्ति र सम्बन्धित बैङ्कलाई जानकारी दिनु पर्नेछ।

५८. **इजाजतपत्रको अवधि :** (१) नियम ५४ बमोजिम दिइएको इजाजतपत्रको अवधि पाँच आर्थिक वर्षको हुनेछ र त्यस्तो अवधि गणना गर्दा स्वीकृति दिइएको आर्थिक वर्षलाई पहिलो एक आर्थिक वर्ष मानी गणना गरिनेछ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा छ महिना अगावै करमुक्त पसलको छनौट प्रक्रिया सुरु गरिनेछ।

(३) उपनियम (२) बमोजिमको छनौट प्रक्रिया सम्पन्न नहुँदासम्म कायम रहेको इजाजतपत्रवालाले म्याद थप गराई त्यस्तो पसल सञ्चालन गर्न चाहेमा विभागले इजाजतपत्रको म्याद सकिएको छ महिनासम्म म्याद थप गर्न सक्नेछ।

५९. **करमुक्त पसल सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिको दायित्व :** करमुक्त पसल सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिको दायित्व देहायबमोजिम हुनेछ :-

(क) विभागबाट स्वीकृत भए बमोजिमको परिमाणको वस्तु बैङ्क जमानतमा पैठारी गर्ने,

(ख) पैठारी, बिक्री र मौज्दात परिमाणको स्पष्ट विवरण राख्ने,

(ग) ऐन, यस नियमावली र इजाजतपत्रमा उल्लिखित प्रावधानको अधीनमा रही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वस्तु भण्डारण र पसल सञ्चालन गर्ने,

(घ) विभागबाट माग गरेको विवरण तत्काल उपलब्ध गराउने,

(ङ) विभागबाट अनुगमन वा निरीक्षणका लागि खटिएको अधिकृतलाई अनुगमन वा निरीक्षणमा सहयोग गर्ने,

(च) पसलबाट बिक्री गर्ने वस्तु परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने र प्राप्त भएको विदेशी मुद्रा त्यस्तो वस्तु बिक्री गरेको भोलिपल्ट नै बैङ्कमा जम्मा गर्ने।

६०. **करमुक्त पसलको अनुगमन वा निरीक्षण :** (१) महानिर्देशकले वर्षको कम्तीमा एक पटक करमुक्त पसलको अनुगमन वा निरीक्षण गरी प्रतिवेदन पेस गर्न विभागको अधिकृतस्तरको कर्मचारीलाई खटाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम खटिएको अधिकृतले देहायका विषय जाँच गरी महानिर्देशकसमक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ :-

(क) पैठारी सम्बन्धी अभिलेख,

(ख) बिक्री सम्बन्धी अभिलेख,

(ग) मौज्दातको भौतिक परीक्षण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पैठारी तथा बिक्री विवरणका आधारमा मौज्दात दुरूस्त भए वा नभएको,

(ङ) नियम ५९ बमोजिमको दायित्व पूरा गरे वा नगरेको।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र प्राप्त व्यक्तिले करमुक्त पसल सञ्चालन गर्दा यस नियम बमोजिमको कर्तव्य पालना नगरेको वा ऐन वा यस नियमावली विपरीत कुनै काम गरेको सूचना प्राप्त भएमा महानिर्देशकले जुनसुकै बखत करमुक्त पसलको आकस्मिक निरीक्षण गरी प्रतिवेदन लिन सक्नेछ।

**६१. <u>इजाजतपत्र खारेज गर्ने :</u>** ऐनको दफा ६३ को उपदफा (३) बमोजिम करमुक्त पसल सञ्चालन गर्न दिइएको इजाजतपत्र खारेज गर्नुअघि कम्तीमा पन्ध्र दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद-१०

## <u>वस्तुको आन्तरिक परिवहन सम्बन्धी व्यवस्था</u>

**६२. <u>पैठारी हुने वस्तुको आन्तरिक परिवहन :</u>** (१) ऐनको दफा ६४ बमोजिम आन्तरिक परिवहनको सुविधा लिई जाँचपास गराउन चाहने पैठारीकर्ताले वस्तु आइपुगेको कार्यालयको भन्सार अधिकृतसमक्ष अनुसूची-२० बमोजिमको ढाँचामा निवेदन दिई कम्प्युटर प्रणालीको ट्रान्जिट प्रक्रिया अन्तर्गत घोषणा गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन र घोषणा जाँचबुझ गर्दा देहायका सर्त पूरा गरेको पाइएमा भन्सार अधिकृतले प्रणालीबाटै त्यस्तो वस्तु आन्तरिक परिवहन गरी जाँचपास गराउन चाहेको कार्यालयसम्म लैजान अनुमति दिन सक्नेछ :-

(क) प्रचलित बैङ्किङ्ग प्रणाली मार्फत भुक्तानी हुने गरी पैठारी भएको,

(ख) चलान भएको स्थानबाट जाँचपास गर्ने कार्यालयसम्म सिपिङ्ग कम्पनीबाट सञ्चालित स्तरीय सिपिङ्ग कन्टेनरबाट कन्टेनर परिवर्तन नगरी ढुवानी हुने, र

(ग) वस्तु चलान भएको स्थानमा लगाइएको सिल दुरुस्त भएको।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त गरेको वाहनमा प्रवेश गरेको कार्यालयबाट जाँचपास गर्ने कार्यालयसम्म भूमण्डलीय स्थिति निर्धारण प्रणाली (जीपीएस) जडित विद्युतीय ट्र्याकिङ् प्रणाली भएको ताला लगाउनु पर्नेछ।

तर गुडाएर लैजाने नयाँ सवारी साधन तथा चेसिसको हकमा त्यस्तो ताला आवश्यक पर्ने छैन।

(४) काबुबाहिरको परिस्थिति परेको अवस्थामा बाहेक प्रवेश गरेको कार्यालयबाट वस्तु ढुवानीको साधन बढीमा बहत्तर घण्टाभित्र जाँचपास गर्ने कार्यालयमा पुऱ्याउनु पर्नेछ।

(५) उपनियम (२) बमोजिम अनुमति प्राप्त गरेको ट्रान्जिट फाराम त्यस्तो वस्तु घोषणा नगरेसम्म परिवहन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधनको चालकले आफ्नो साथमा सुरक्षित राखी घोषणा गर्दा प्रज्ञापनपत्रसाथ संलग्न गर्नु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक परिवहनको लागि घोषणा गरिएको वस्तु गलत घोषणा गरेको भन्ने सूचना प्राप्त भएमा महानिर्देशकले वस्तु आइपुगेको कार्यालयलाई त्यस्तो वस्तुमा आन्तरिक परिवहनको सुविधा नदिने गरी आदेश दिन सक्नेछ।

(७) यस नियमबमोजिम आन्तरिक परिवहनको सुविधा लिई जाँचपास गरिने वस्तु प्रवेश गर्ने कार्यालय, जाँचपास गर्न लैजाने कार्यालय र ढुवानी गर्दा प्रयोग गर्नुपर्ने सडकमार्ग महानिर्देशकले निर्धारण गरेबमोजिम हुनेछ।

तर यो नियमावली प्रारम्भ हुनुअघि वस्तु प्रवेश गर्ने कार्यालय, वस्तु जाँचपास गर्ने कार्यालय र ढुवानी गर्दा प्रयोग गर्नुपर्ने सडकमार्ग तोकिएको हकमा सोहीबमोजिम गर्न बाधा पर्ने छैन।

६३. **ढुवानी साधन जाँच तथा वस्तु जाँचपास गर्नुपर्ने :** आन्तरिक परिवहन भई आएको वस्तु बोकेको ढुवानी साधन जाँचपास गर्ने कार्यालयमा प्रवेश गरेपछि भन्सार अधिकृतले नियम ६२ को उपनियम (२) को खण्ड (ग) बमोजिमको सिल र उपनियम (३) बमोजिमको ताला तथा ढुवानी साधनको नम्बर दुरूस्त भए वा नभएको जाँच गरी दुरुस्त भएको पाइएमा सो व्यहोरा प्रणालीमा जनाई वस्तु जाँचपास गर्नु पर्नेछ।

६४. **ढुवानी साधन दुर्घटना परेमा वा बिग्रेमा जानकारी दिनुपर्ने :** (१) पैठारी हुने वस्तुको आन्तरिक परिवहनको ढुवानी साधन दुर्घटनामा परेमा, बिग्रेमा वा अन्य कुनै काबुबाहिरको परिस्थिति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परी जाँचपास गर्ने कार्यालयसम्म ढुवानी गर्न नसक्ने अवस्था सिर्जना भएमा पैठारीकर्ताले जाँचपास गर्ने कार्यालयका प्रमुखलाई तत्काल लिखित जानकारी दिनु पर्नेछ।

तर दुर्घटना परेको अवस्थामा सोको जानकारी तत्काल नजिकको प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएमा जाँचपास गर्ने कार्यालय प्रमुखले भन्सार अधिकृत सहित कम्तीमा दुई जना कर्मचारीलाई स्थलगत जाँचबुझको लागि खटाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम खटिएको टोलीले स्थलगत जाँचबुझ गरी त्यस्तो जाँचबुझ सम्पन्न गरेको तीन दिनभित्र कार्यालय प्रमुखसमक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस हुन आएको प्रतिवेदनको आधारमा कार्यालय प्रमुखले महानिर्देशकको पूर्वस्वीकृति लिई देहायको कुनै आदेश दिन सक्नेछ :-

(क) त्यस्तो वस्तु लोड भएको कन्टेनरबाट ढुवानी हुनसक्ने अवस्था भएमा त्यस्तो कन्टेनरलाई ढुवानी गर्ने अर्को साधन (ट्रक, ट्रेलर) मा राखी जाँचपास गर्ने कार्यालयसम्म ढुवानी गर्ने,

(ख) वस्तु लोड भएको कन्टेनरमा ढुवानी हुनसक्ने अवस्था नभएमा भन्सार अधिकृतबाट वस्तुको लगत तयार गर्न लगाई अर्को कुनै कन्टेनर, ट्रेलर वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ट्रकमा राखी जाँचपास गर्ने कार्यालयसम्म ढुवानी गर्ने,

(ग) त्यस्तो वस्तु भौतिक रूपमा परीक्षण गर्नसक्ने अवस्था नदेखिएमा प्रवेश गरेको कार्यालयमा गरेको घोषणाको आधारमा लाग्ने महसुल लिई छाडिदिने,

(घ) महानिर्देशकले दिएको निर्देशनबमोजिम अन्य व्यवस्था गर्ने।

**६५. <u>जीपीएस ताला :</u>** (१) नियम ६२ को उपनियम (३) बमोजिमको जीपीएस ताला उपलब्ध गराउने तथा कन्टेनरमा लगाएको ताला सङ्कलन गर्ने सम्बन्धी अन्य व्यवस्था जाँचपास गर्ने कार्यालयको निर्देशन र नियन्त्रणमा रही यार्ड सञ्चालकले गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तालाको व्यवस्थापन गरे बापत लाग्ने शुल्क सम्बन्धित निकायले निर्धारण गरेबमोजिम यार्ड सञ्चालकले सम्बन्धित पैठारीकर्ताबाट लिन सक्नेछ।

(३) वस्तु आइपुगेको कार्यालयबाट जाँचपास गर्ने कार्यालयसम्म आन्तरिक परिवहन गर्दा नियम ६२ को उपनियम (३) बमोजिम प्रयोग भएको जीपीएस तालाको सूचना, तथ्याङ्क लगायतका प्रणालीको नियन्त्रण विभागले गर्नेछ।

**६६. <u>बाटोमा खोल्न, हेर्न र जाँच गर्न नपाइने :</u>** यस परिच्छेदबमोजिम आन्तरिक परिवहन गरिएको वस्तु जाँचपास गर्ने कार्यालयमा प्रवेश नगरेसम्म महानिर्देशकको स्वीकृति बिना कुनै व्यक्ति वा निकायले बाटोमा खोल्न, रोक्न, हेर्न वा जाँच गर्न पाउने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-११

## हुलाक र कुरियर कम्पनीद्वारा निकासी वा पैठारी गरिने वस्तु सम्बन्धी व्यवस्था

६७. **द्रुत सेवा वा कुरियर कम्पनीले हवाईमार्गबाट निकासी वा पैठारी गर्ने वस्तुमा महसुल छुट :** (१) निजी क्षेत्रबाट सञ्चालित द्रुत सेवा वा कुरियर कम्पनीले हवाईमार्गबाट पैठारी गर्ने देहायका वस्तुमा ऐनको दफा ६६ को उपदफा (३) बमोजिम नेपाल सरकारले महसुल छुट दिन सक्नेछ :-

(क) चिठ्ठीपत्र, कुनै व्यक्तिसँग सम्बन्धित लिखत वा कागजात,

(ख) नेपालको उद्योगले आफ्नो उत्पादनको लागि बिना मूल्य (फ्री अफ कस्ट) पैठारी गरेको जम्मा एक हजार रुपैयाँ मूल्यसम्मको औद्योगिक नमुनाको वस्तु,

(ग) विदेशमा बस्ने नेपाली नागरिकले नेपालमा रहेको व्यक्तिलाई उपहार स्वरूप पठाएको एक हजार रुपैयाँसम्मको वस्तु,

(घ) खण्ड (क), (ख) वा (ग) बाहेकको जम्मा एक हजार रुपैयाँ मूल्यसम्मको वस्तु।

(२) निजी क्षेत्रबाट सञ्चालित द्रुत सेवा वा कुरियर कम्पनीले हवाईमार्गबाट निकासी गर्ने देहायका वस्तुमा ऐनको दफा ६६ को उपदफा (३) बमोजिम महसुल छुट हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) चिठ्ठीपत्र, कुनै व्यक्तिसँग सम्बन्धित लिखत वा मुद्रित कागजात (डकुमेन्ट),

(ख) नेपालको उद्योगले बिना मूल्य (फ्री अफ कस्ट) मा निकासी गर्ने जम्मा पाँच हजार रुपैयाँ मूल्यसम्मको औद्योगिक नमुनाको वस्तु,

(ग) विदेशमा बस्ने नेपाली नागरिकलाई उपहार स्वरूप पठाएको पाँच हजार रुपैयाँसम्मको वस्तु,

(घ) खण्ड (क), (ख) वा (ग) बाहेकको नेपाली बजारमा खरिद गरेको जम्मा पाँच हजार रुपैयाँ मूल्यसम्मको वस्तु।

(३) यस नियमको प्रयोजनको लागि मूल्य गणना गर्दा वस्तुको मूल्यमा हवाई भाडा र बीमा समावेश गरिने छैन।

६८. **हुलाक पुलिन्दाबाट पैठारी वा निकासी हुने वस्तुमा महसुल छुट :** (१) हुलाक पुलिन्दाबाट पैठारी हुने देहायको वस्तुमा महसुल छुट हुनेछ :-

(क) चिठ्ठीपत्र, कुनै व्यक्तिसँग सम्बन्धित लिखत वा कागजात,

(ख) नेपालको उद्योगले आफ्नो उत्पादनको लागि बिना मूल्य (फ्री अफ कस्ट) पैठारी गरेको जम्मा दुई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हजार रुपैयाँ मूल्यसम्मको औद्योगिक नमुनाको वस्तु,

(ग) विदेशमा बस्ने नेपाली नागरिकले नेपालमा रहेको व्यक्तिलाई उपहारस्वरूप पठाएको दुई हजार रुपैयाँसम्मको वस्तु,

(घ) खण्ड (क), (ख) वा (ग) बाहेकको जम्मा दुई हजार रुपैयाँ मूल्यसम्मको वस्तु।

(२) हुलाक पुलिन्दाबाट निकासी हुने देहायका वस्तुमा महसुल छुट हुनेछ :-

(क) चिठ्ठीपत्र, कुनै व्यक्तिसँग सम्बन्धित लिखत वा कागजात,

(ख) नेपालको उद्योगले बिना मूल्य (फ्री अफ कस्ट) मा निकासी गर्ने जम्मा पाँच हजार मूल्यसम्मको औद्योगिक नमुनाको वस्तु,

(ग) विदेशमा बस्ने नेपाली नागरिकलाई उपहारस्वरूप पठाएको पाँच हजार रुपैयाँसम्मको वस्तु,

(घ) खण्ड (क), (ख) वा (ग) बाहेकको नेपाली बजारमा खरिद गरेको पाँच हजार रुपैयाँ मूल्यसम्मको वस्तु।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस नियमको प्रयोजनको लागि मूल्य गणना गर्दा वस्तुको मूल्यमा हवाई भाडा, बीमा र हुलाक दस्तुर समावेश गरिने छैन।

## परिच्छेद-१२

## पूर्वादेश सम्बन्धी व्यवस्था

६९. **पूर्वादेशको लागि निवेदन दिनुपर्ने :** (१) ऐनको दफा ६८ बमोजिम आफूले पैठारी गर्ने वस्तुको वर्गीकरण वा उत्पत्तिको विषयमा पूर्वादेश प्राप्त गर्न चाहने पैठारीकर्ताले वस्तुको वर्गीकरणको हकमा अनुसूची-२१ बमोजिम र वस्तुको उत्पत्तिको हकमा अनुसूची-२२ बमोजिमको ढाँचामा महानिर्देशकसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा एउटा निवेदनमा एउटा वस्तुको मात्र पूर्वादेश माग गर्न सकिनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पैठारी गर्ने वस्तु एकआपसमा मिल्दोजुल्दो भएको र वस्तुको रङ्ग, आकार जस्ता सामान्य भिन्नताको कारण वर्गीकरणमा असर नहुने तथा त्यस्तो वस्तुको वर्गीकरणको निर्णय अर्को वस्तुको वर्गीकरणमा पनि लागू हुनसक्ने व्यहोरा खुलाई निवेदन गर्न सकिनेछ।

(४) उपनियम (१) बमोजिमको निवेदन पैठारी गरिने वस्तु कार्यालयमा आइपुग्नुभन्दा कम्तीमा पैंतालिस दिन अगावै दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) निवेदनमा उल्लेख भएको वा निवेदनसाथ प्राप्त भएको वस्तुको विवरण अपूर्ण वा अपर्याप्त देखिएमा महानिर्देशकले निवेदकसँग थप विवरण माग गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम माग भएको विवरण निवेदकले पन्ध्र दिनभित्र उपलब्ध गराउनु पर्नेछ।

**७०. <u>पूर्वादेश जारी गर्ने :</u>** (१) नियम ६९ बमोजिमको निवेदनमा माग भए बमोजिमको वस्तुको पूर्ण विवरण उपलब्ध भएमा महानिर्देशकले निवेदन प्राप्त भएको मितिले पैंतालिस दिनभित्र वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा ऐनको दफा ६८ बमोजिम पूर्वादेश जारी गर्नु पर्नेछ।

तर कुनै वस्तुको उत्पत्ति वा वर्गीकरणको विषयमा विश्व भन्सार सङ्गठनमा रायको लागि लेखी पठाइएकोमा विश्व भन्सार सङ्गठनबाट राय प्राप्त भएको तिस दिनभित्र पूर्वादेश जारी गर्नु पर्नेछ।

(२) महानिर्देशकले पूर्वादेश माग भएको वस्तुको प्रयोगशाला परीक्षणको लागि निवेदकसँग नमुना माग गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम नमुना माग भएको समयदेखि प्राप्त भएको समयसम्मको अवधि उपनियम (१) बमोजिमको समयावधिमा गणना गरिने छैन।

(४) पूर्वादेशको निर्णयको जानकारी निवेदकलाई लिखित रूपमा दिनु पर्नेछ।

(५) निवेदकसँग थप जानकारी माग भएको अवस्थामा पूर्वादेश जारी गर्नुपर्ने समयावधि थप जानकारी प्राप्त भएको मितिदेखि गणना गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**७१. <u>पूर्वादेश जारी नहुने :</u>** देहायको अवस्थामा पूर्वादेश जारी हुने छैन :-

(क) पूर्वादेश माग गरिएको वस्तु नेपालमा पैठारी गर्न निषेधित भएको,

(ख) निवेदकले पेस गरेका कागजात वा उपलब्ध गराएको सूचना पूर्वादेश जारी गर्न पर्याप्त नभएको,

(ग) निवेदनमा उल्लेख भएको वस्तु ऐनको दफा ३७ बमोजिम वस्तुको वर्गीकरण प्रक्रिया र नियम १२५ बमोजिम प्रशासकीय पुनरावलोकनको प्रक्रियामा रहेको,

(घ) वस्तुको वर्गीकरण वा उत्पत्तिको विषयमा अदालतमा मुद्दा विचाराधीन रहेको।

**७२. <u>पूर्वादेशको लागि दिएको निवेदन फिर्ता लिन सक्ने :</u>** (१) नियम ७० मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले नियम ६९ बमोजिम दिएको निवेदन फिर्ता लिन चाहेमा वर्गीकरण वा उत्पत्तिको सम्बन्धमा निर्णय हुनु अगावै महानिर्देशकसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा नियम ६९ बमोजिमको निवेदन फिर्ता गरेको अभिलेख जनाई निवेदनसाथ वस्तुको नमुना पेस गरेको भए त्यस्तो नमुना समेत निवेदकलाई फिर्ता दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**७३. पूर्वादेश लागु हुने :** (१) महानिर्देशकद्वारा जारी भएको पूर्वादेश तुरुन्त लागु हुनेछ र महानिर्देशकबाट खारेज वा परिमार्जन भएको अवस्थामा बाहेक त्यस्तो पूर्वादेश दुई वर्षसम्म मान्य हुनेछ।

तर वर्गीकरणको सम्बन्धमा पूर्वादेश जारी गरिएको वस्तुको उपशीर्षक विश्व भन्सार सङ्गठनद्वारा हार्मोनाइज्ड प्रणालीमा संशोधन हुँदा परिवर्तन भएमा वा विश्व भन्सार सङ्गठनले त्यस्तो वस्तुको उपशीर्षक संशोधन हुने गरी व्याख्या गरेमा त्यसरी संशोधन तथा व्याख्या गरेको मितिदेखि पूर्वादेशमा तोकिएको उपशीर्षक लागू हुने छैन।

(२) महानिर्देशकले पूर्वादेश सम्बन्धी निवेदनमा उल्लिखित वस्तुको प्रकृति हेरी उपनियम (१) बमोजिमको अवधिमा नबढ्ने गरी त्यस्तो पूर्वादेश निश्चित समयको लागि मात्र लागू हुने गरी तोक्न सक्नेछ र त्यसरी तोकिएकोमा पूर्वादेशमा समयावधि उल्लेख गर्नु पर्नेछ।

(३) नियम ७० बमोजिम जारी गरिएको पूर्वादेश सोसँग सम्बन्धित वस्तु पैठारीको हकमा मात्र लागु हुनेछ।

**७४. पूर्वादेश मान्य रहने :** महानिर्देशकबाट जारी भएको पूर्वादेश सम्बन्धित वस्तुको हकमा देहायको अवस्थामा मात्र मान्य हुनेछ :-

(क) पूर्वादेशमा उल्लिखित सर्त पालना भएमा र पूर्वादेश रद्द वा परिमार्जन नभएको अवस्थामा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पूर्वादेश जारी गर्दा आधार मानेको तथ्य, परिस्थिति वा सम्बन्धित कानूनमा परिवर्तन नभएको भएमा,

(ग) निवेदनमा पेस भएको वस्तु सम्बन्धी विवरण सही र पूर्ण भएको तथा वर्गीकरण वा उत्पत्ति सम्बन्धी तथ्य फरक नरहेमा,

(घ) पूर्वादेश जारी गरिएको वस्तु सम्बन्धित निवेदकद्वारा पैठारी गरिएको भएमा।

**७५. पूर्वादेश खारेज गर्नसक्ने :** (१) नियम ७० बमोजिम जारी गरिएको पूर्वादेश देहायको अवस्थामा महानिर्देशकले जुनसुकै बखत संशोधन वा खारेज गर्न सक्नेछ :-

(क) पूर्वादेशको लागि निवेदकद्वारा पेस गरिएको कागजात वा सूचना गलत वा भ्रामक तथ्यमा आधारित भएको र सोही आधारमा वस्तुको वर्गीकरण वा उत्पत्तिको पूर्वादेश जारी भएकोमा,

(ख) पूर्वादेशमा कानूनी त्रुटि भएकोमा, वा

(ग) पूर्वादेश जारी गर्दा लिएको आधार परिवर्तन भएमा।

(२) उपनियम (१) बमोजिम पूर्वादेश संशोधन वा खारेज गरेमा सोको लिखित जानकारी निवेदक तथा कार्यालयलाई तत्काल उपलब्ध गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) को खण्ड (क) बमोजिमको अवस्थामा पूर्वादेश खारेज गर्दा त्यस्तो पूर्वादेश जारी भएको मितिदेखि नै लागु हुने गरी खारेज गर्नु पर्नेछ।

७६. **पूर्वादेशको भूतप्रभावी प्रयोग :** निवेदकले दिएको अपूरो, गलत वा भ्रामक तथ्यमा आधारित कागजात वा सूचनाको आधारमा पूर्वादेश संशोधन वा खारेज भएमा मात्र त्यस्तो संशोधन वा खारेजी भूतप्रभावी रूपमा लागु गर्न सकिनेछ।

७७. **पूर्वादेशको प्रकाशन र गोपनीयता :** (१) जारी गरेका पूर्वादेशको सूचना सार्वजनिक जानकारीका लागि विभागले प्रकाशन गर्नेछ।

(२) पूर्वादेशको लागि दिएको निवेदनमा समावेश निवेदकसँग सम्बन्धित संवेदनशील निजी वा निजको व्यवसायसँग सम्बन्धित जानकारी गोप्य राखिनेछ।

## परिच्छेद-१३

## मुद्दाको अनुसन्धान तथा निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

७८. **अनुसन्धान अधिकृत तोक्नुपर्ने :** ऐनबमोजिम कैद सजाय हुन सक्ने कसुरको अनुसन्धान वा ऐनबमोजिम पक्राउ परी भन्सार अधिकृतसमक्ष पेस गरिएको व्यक्ति वा भन्सार अधिकृतले जारी गरेको सूचनाको म्यादभित्र उपस्थित भएको व्यक्ति वा कारबाहीको लागि नियन्त्रणमा लिई बुझाइएको दश लाख रुपैयाँभन्दा बढी बिगो भएको वस्तुको सम्बन्धमा अनुसन्धान तहकिकात गरी कारबाही गर्नुपर्ने देखिएमा त्यस्तो कसुरको अनुसन्धान तहकिकात गर्नको लागि भन्सार अधिकृतले ऐनको दफा ७७ बमोजिम अनुसन्धान अधिकृत तोक्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७९. **अनुसन्धान गरी मुद्दा दायर गर्ने :** नियम ७८ बमोजिमको अनुसन्धान अधिकृतले मुद्दाको अनुसन्धान गरी ऐनको दफा ७९ बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

८०. **मुद्दाको अनुसन्धान तथा किनारा सम्बन्धी अन्य कार्यविधि :** ऐन बमोजिम नेपाल सरकार वादी भई दायर गरिने मुद्दाको अनुसन्धान, तहकिकात तथा कारबाही, सुनुवाइ र किनारा सम्बन्धी अन्य कार्यविधि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम हुनेछ।

८१. **निर्णयमा खुलाउनु पर्ने कुरा र निर्णयको ढाँचा :** (१) ऐनको दफा ९१ बमोजिम भन्सार अधिकृतले मुद्दाको निर्णय गर्दा देहायका कुरा खुलाई अनुसूची-२३ बमोजिमको ढाँचामा निर्णय गर्नु पर्नेछ :-

(क) मुद्दाको संक्षिप्त व्यहोरा र सोसँग सम्बन्धित अन्य विषय,

(ख) मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको वा बहस नोट पेस गरेको भएमा त्यस्तो बहसको मुख्य मुख्य बुँदा,

(ग) मुद्दामा पक्षले पेस गरेका प्रमाण, ती प्रमाणको विश्वसनीयता, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता,

(घ) कसुर ठहर हुने वा नहुने आधार तथा सोको कारण,



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) पुनरावेदन गर्न पाउने वा नपाउने विषय र पुनरावेदन दिन सकिने निकाय,

(च) खुलाउन आवश्यक देखिएका अन्य विषय।

(२) भन्सार अधिकृतले मुद्दाको निर्णय गर्दा निर्णयको संक्षिप्त विवरण निर्णय किताबमा लेखी दस्तखत गरी उपस्थित पक्षलाई सुनाई निजको सहीछाप समेत गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निर्णय किताबमा लेखेको संक्षिप्त विवरणको विपरीत नहुने गरी निर्णयको पूर्णपाठ तयार गरी मिसिल संलग्न गर्नु पर्नेछ र त्यसरी पूर्णपाठ तयार गर्दा निर्णय गरेकै दिन तयार गर्न नसकिने भएमा निर्णय गरेको सात कार्यदिनभित्र तयार गर्नु पर्नेछ।

८२. **लगत तयार गर्ने :** (१) कार्यालयबाट कुनै मुद्दाको निर्णय भएपछि सम्बन्धित कार्यालयले त्यस्तो निर्णयबमोजिम लागेको दण्ड, जरिबाना वा ठहरेको बिगो वा क्षतिपूर्तिको लगत अनुसूची-२४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) कार्यालयले मुद्दामा पुर्पक्षका लागि थुनामा रहेको अभियुक्तको अनुसूची-२५ बमोजिमको ढाँचामा र मुद्दाको निर्णयबमोजिम कैद ठेकी कारागार पठाएको अभियुक्तको अनुसूची-२६ बमोजिमको ढाँचामा छुट्टा छुट्टै लगत किताब तयार गरी राख्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको लगत किताब प्रत्येक आर्थिक वर्षमा अध्यावधिक गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१४

## वस्तु लिलाम बिक्री सम्बन्धी व्यवस्था

८३. **लिखित आदेश गर्नुपर्ने :** (१) ऐनको दफा ९२ बमोजिम कुनै वस्तु लिलाम बिक्री गर्नको लागि भन्सार अधिकृतले लिखित आदेश गर्नु पर्नेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम इजाजत लिएर मात्र बिक्री गर्न पाउने वस्तु लिलाम बिक्री गर्दा त्यस्तो इजाजत प्राप्त व्यक्तिलाई मात्र लिलाम बिक्री गर्नु पर्नेछ।

८४. **न्यूनतम मूल्य कायम गर्नुपर्ने :** (१) ऐनबमोजिम कुनै वस्तु लिलाम बिक्री गर्नुपर्ने भएमा सो प्रयोजनको लागि भन्सार अधिकृतले त्यस्तो वस्तुको न्यूनतम मूल्य कायम गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम न्यूनतम मूल्य कायम गर्दा सवारी साधन, भारी यन्त्र वा उपकरणको हकमा नियम ९४ बमोजिमको मूल्याङ्कन समितिले कायम गरेको न्यूनतम मूल्यलाई र सो बाहेक अन्य वस्तुको हकमा कार्यालयमा वस्तु दाखिला हुँदाका बखत प्रतिवेदनमा उल्लेख भएको बिगो मूल्यलाई न्यूनतम मूल्य कायम गर्नु पर्नेछ।

(३) उपनियम (२) मा जनुसुकै कुरा लेखिएको भए तापनि कार्यालयमा दाखिला हुँदाका बखत प्रतिवेदनमा उल्लिखित मूल्य अस्वाभाविक घटी वा बढी भएको लागेमा नियम ९४ बमोजिमको मूल्याङ्कन समितिबाट मूल्य कायम गराई सो मूल्यलाई नै न्यूनतम बिगो मूल्य कायम गरी लिलाम लगायतका कारबाही अघि बढाउन सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**८५. <u>बोलपत्र आह्वान गर्नुपर्ने :</u>** (१) ऐन, यो नियमावली वा अन्य प्रचलित कानूनबमोजिम जफत गरिएको वा ऐनको दफा ३३ को उपदफा (४) बमोजिम खरिद गरिएका वस्तुमध्ये एक लाख रुपैयाँभन्दा बढी न्यूनतम मूल्य भएको सवारी साधन वा भारी यन्त्र वा उपकरण लिलाम बिक्री गर्न कार्यालयले पन्ध्र दिनको म्याद दिई देहायका विवरण खुलाई राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ :-

(क) सवारी साधनको विवरण, इन्जिन नम्बर, चेसिस नम्बर र उत्पादन वर्ष,

(ख) उत्पादन भएको मितिले दश वर्ष नाघेका सवारी साधन वा इन्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेको वा अधिकांश पार्टपुर्जा झिकिएको वा भौतिक अवस्था कमजोर भई मर्मत तथा सञ्चालन गर्न लागतका दृष्टिकोणले उपयुक्त नदेखिएको सवारी साधनका सम्बन्धमा लिलाम पश्चात पुनः सवारी साधनको रूपमा दर्ता हुन नसक्ने,

(ग) न्यूनतम मूल्य,

(घ) बोलपत्र पठाउने तरिका, बोलपत्र बापत लाग्ने दस्तुर, बोलपत्र खोल्ने समय, मिति र स्थान, बोलपत्र साथ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफूले कबुल गरेको अङ्कको दश प्रतिशतले हुने रकम दाखिला गर्नुपर्ने बैङ्क खाताको विवरण र सो खातामा रकम दाखिला गरेको सक्कल भौचर संलग्न हुनु पर्ने,

(ङ) लिलाम अङ्कमा कुनै कर, शुल्क आदि लाग्ने भए सो,

(च) लिलाम सकार गरेको वस्तु उठाई लैजानु पर्ने अवधि,

(छ) इच्छुक व्यक्तिले लिलाम बिक्री हुने वस्तु हेर्न वा अवलोकन गर्नसक्ने स्थान र समय,

(ज) अन्य आवश्यक विवरण।

(२) उपनियम (१) मा उल्लिखित वस्तु र नियम ८७ बमोजिम हुनेमा बाहेक अन्य वस्तु लिलाम बिक्री गर्न पन्ध्र दिनको म्याद दिई देहायका विवरण समेत खुलाई सम्बन्धित कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्र वा खुला बोलकबोल आह्वान गर्नु पर्नेछ :-

(क) उपनियम (१) बमोजिम खुलाउनुपर्ने विवरण,

(ख) वस्तुको विवरण,

(ग) सिलबन्दी दरभाउपत्र आह्वान गरेकोमा त्यस्तो सिलबन्दी दरभाउपत्र पठाउने तरिका, सिलबन्दी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरभाउपत्र बापत लाग्ने दस्तुर, सिलबन्दी दरभाउपत्र खोल्ने स्थान, समय र मिति,

(घ) खुला बोलकबोल आह्वान गरेकोमा बोलकबोलद्वारा लिलाम बढाबढ हुने स्थान तथा सुरु र अन्त्य हुने समय र मिति,

(ङ) न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ सुरु हुने विषय,

(च) लिलाम सकार गर्न बोलकबोल सुरु गर्नुअघि नै न्यूनतम मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्ने र कबोल अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने।

(३) उपनियम (२) बमोजिमको सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, सम्बन्धित गाउँपालिका वा नगरपालिका कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य सङ्घको कार्यालयमा समेत टाँस गर्न पठाउनु पर्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिम बोलपत्र वा सिलबन्दी दरभाउपत्र माग गर्दा बोलपत्र वा सिलबन्दी दरभाउपत्र खरिद र दाखिला सम्बन्धी कार्य सम्बन्धित कार्यालयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (१) वा (२) बमोजिम प्रकाशित सूचनाबमोजिम बोलपत्र वा दरभाउपत्र पेस गर्ने व्यक्तिले न्यूनतम मूल्यमा नघट्ने गरी आफूले कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम कार्यालयले तोकेको बैङ्क खातामा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ।

(६) चोरी निकासी वा चोरी पैठारी भएको वा सो कार्यमा प्रयोग भएको कसुरमा कार्यालयमा दाखिला हुन आएको सवारी साधन स्थानको अभाव वा संरक्षण गर्न नसकिने कारणबाट सो कार्यालयमा राखी रहन उपयुक्त नदेखिई ऐनको दफा ९२ को उपदफा (३) बमोजिम लिलाम बिक्री गर्नु परेमा भन्सार अधिकृतले नियम ९४ बमोजिमको मूल्याङ्कन समितिबाट त्यस्तो सवारी साधनको मूल्य कायम गराई यस परिच्छेद बमोजिमको प्रक्रिया अपनाई लिलाम बिक्री गर्न वा गराउन सक्नेछ।

८६. **लिलाम स्वीकृत गर्ने वा पुनः लिलाम बिक्री गर्ने :** (१) नियम ८५ बमोजिम पेस हुन आएको बोलपत्र वा सिलबन्दी दरभाउपत्र सोही सूचनामा उल्लिखित स्थान र समयमा खोली सम्बन्धित भन्सार अधिकृतले कबोल रकमको तुलनात्मक विवरण र खुला बोलकबोलद्वारा डाँक बढाबढ भएकोमा सोको मुचुल्का तयार गर्नु वा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको तुलनात्मक विवरण वा मुचुल्काका आधारमा रीत पुगेको मध्ये न्यूनतम मूल्य वा सोभन्दा बढी रकम कबोल गर्ने व्यक्तिको कबोल अङ्क स्वीकृत गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम बोलकबोल अङ्क स्वीकृत गर्दा रीतपूर्वक भएको र न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने व्यक्ति एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कबोल गर्नेको कबोल अङ्क स्वीकृत गर्नु पर्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम कबोल अङ्क स्वीकृत भएपछि लिलाम सकार गर्ने व्यक्तिलाई सात दिनभित्र कबोल अङ्क र प्रचलित कानून बमोजिम लाग्ने कर, शुल्क, दस्तुर समेतको रकम भुक्तानी गरी वस्तु उठाई लैजाने सूचना दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र कबोल अङ्क र प्रचलित कानूनबमोजिम लाग्ने सक्ने कर, शुल्क, दस्तुर समेतको रकम भुक्तान गरी वस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने र रीतपूर्वकको भएको क्रमशः दोस्रो, तेस्रो वा चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ।

(६) उपनियम (५) बमोजिम घटीवालाको कबोल अङ्क स्वीकृत गर्दा पनि लिलाम बिक्री हुन नसकेमा धरौटी जफत गरी पुनः लिलाम गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम पुनः लिलाम बिक्री गर्नुपर्ने भएमा दोस्रो पटक बोलपत्र, सिलबन्दी दरभाउपत्र वा बोलकबोलको सूचना प्रकाशन गर्दा सात दिनको म्याद दिई सूचना प्रकाशन गर्न सकिनेछ।

(८) उपनियम (७) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि न्यूनतम मूल्यमा कसैले लिलाम सकार गर्न नआएमा नियम ९४ बमोजिमको मूल्याङ्कन समितिबाट पुनः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

न्यूनतम मूल्य कायम गराई नियम ८५ तथा उपनियम (५) बमोजिमको प्रक्रिया पूरा गरी लिलाम बढाबढ गराउनु पर्नेछ।

(९) उपनियम (८) बमोजिम पुनः कायम गरिएको मूल्यमा समेत लिलाम बढाबढ हुन नसकेमा भन्सार अधिकृतले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहवरमा मूल्याङ्कन गरी सिधै बिक्री गर्न सक्नेछ।

(१०) उपनियम (९) बमोजिम समेत बिक्री हुन नसकेको वस्तुको हकमा महानिर्देशकको स्वीकृति लिई त्यस्तो वस्तुको लगत कट्टा गरी नियम ९२ बमोजिम नष्ट गर्नु पर्नेछ।

(११) उत्पादन भएको मितिले दश वर्ष नाघेको सवारी साधन वा इन्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेको वा अधिकांश पार्टपुर्जा झिकिएको वा भौतिक अवस्था कमजोर भई मर्मत तथा सञ्चालन गर्न लागतका दृष्टिकोणले उपयुक्त नदेखिएको सवारी साधन लिलाम गर्दा लिलाम सकार गर्ने व्यक्तिकै खर्चमा पुनः सवारी साधनको रूपमा प्रयोगमा आउन नसक्ने गरी पत्रु बनाई सो व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी लिलाम गर्नु पर्नेछ।

८७. **<u>सुन, चाँदी, जवाहिरात वा बहुमूल्य खनिज पदार्थको लिलाम बिक्री :</u>** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जफत भई वा कार्यालयबाट नछुटाई नेपाल सरकारको नाममा दाखिल हुन आएको सुन, चाँदी, जुहारत वा बहुमूल्य खनिज पदार्थ वा यसबाट बनेका गहना तथा अन्य वस्तु नेपाल राष्ट्र बैङ्कले खरिद गर्ने भएमा त्यस्तो वस्तुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शुद्ध तौल वा क्यारेट नेपाल राष्ट्र बैङ्कद्वारा यकीन गराई सो बैङ्कले निर्धारण गरेको मूल्यमा बिक्री गर्नु पर्नेछ।

तर चाँदीका गरगहना र चाँदीका अन्य तयारी वस्तु उपनियम (२) बमोजिमको प्रक्रिया अपनाई सिधै लिलाम बिक्री गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नेपाल राष्ट्र बैङ्कले खरिद नगरेमा वा आंशिक रूपमा मात्र खरिद गरी बाँकी रहेको वस्तु यस नियमावलीबमोजिम मूल्य कायम गरी एक लाख रुपैयाँसम्म मूल्यको वस्तु भएमा डाँक बढाबढ र एक लाख रुपैयाँभन्दा बढी मूल्यको वस्तु भएमा बोलपत्रको माध्यमद्वारा यस नियमावलीबमोजिम लिलाम गर्नु पर्नेछ।

८८. **वार्ताद्वारा बिक्री गर्नसक्ने :** (१) कार्यालयमा दाखिला भएको कुनै वस्तुको कारोबारको एकाधिकार नेपाल सरकारले कुनै सार्वजनिक संस्थालाई दिएको भएमा त्यस्तो वस्तुको मूल्य वार्ताद्वारा कायम गरी त्यस्तो संस्थालाई सिधै बिक्री गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मूल्य कायम भएको वस्तु अनुसन्धान अधिकृतले खरिद गरी लैजान सम्बन्धित सार्वजनिक संस्थालाई आदेश दिएमा त्यस्तो वस्तु खरिद गरी लैजानु पर्नेछ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावलीबमोजिम कुनै कार्यालयबाट लिलाम बिक्री गर्न लागिएको कुनै वस्तु कुनै सरकारी कार्यालयले आफ्नो प्रयोगको लागि खरिद गर्न चाहेमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकांश स्वामित्वमा रहेको सार्वजनिक संस्था वा निकायले खरिद गरी उपभोक्तालाई सिधै खुद्रा बिक्री गर्न चाहेमा यस नियमबमोजिम कायम भएको न्यूनतम मूल्यमा कम नहुने गरी वार्ताद्वारा न्यूनतम् मूल्य वा सोभन्दा बढी मूल्यमा भन्सार अधिकृतले सिधै बिक्री गर्न सक्नेछ।

८९. **तत्काल लिलाम गर्नसक्ने :** (१) ऐनको दफा ७८ को उपदफा (३) बमोजिम अनुसन्धानको सिलसिलामा पेस हुन आएका वस्तुमध्ये जीवित जनावर, पशुपक्षी वा छिटो नाश हुन सक्ने वस्तु वा गुणस्तर कायम राख्न वा स्थानको अभावले वा सुरक्षाको दृष्टिले कार्यालय वा भन्सार वेयरहाउसमा राख्न नमिल्ने वा नसकिने वस्तु अनुसन्धान अधिकृतले कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी त्यस्तो वस्तु दाखिला भएको दिन वा भोलिपल्ट डाँक बढाबढबाट लिलाम गर्न सक्नेछ। त्यसरी वस्तु लिलाम गर्दा अधिकतम मूल्य कबोल गर्ने व्यक्तिको डाँक स्वीकृत गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढमा खरिद गर्न कबोल गरिएको मूल्य कार्यालयमा दाखिला हुँदाका बखत प्रतिवेदनमा उल्लिखित मूल्यभन्दा कम भएमा सो लिलाम रद्द गरी सोही दिन वा भोलिपल्ट पुनः लिलाम गर्न सकिनेछ र त्यसरी लिलाम बढाबढ गर्दा सबैभन्दा बढी मूल्य कबोल गर्ने व्यक्तिको डाँक स्वीकृत गर्नु पर्नेछ।

९०. **मुद्दाको निर्णय गर्नु अगावै लिलाम बिक्री गर्नसक्ने :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनबमोजिम नियन्त्रणमा लिइएको कुनै वस्तु सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा भन्सार वेयरहाउस वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानको अभावले राख्न कठिनाइ भएमा वा सुरक्षित राख्न जोखिम भएमा भन्सार अधिकृतले त्यस्तो वस्तु ऐनको दफा ९२ को उपदफा (३) बमोजिम मुद्दाको निर्णय गर्नु अगावै यस परिच्छेदबमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

९१. **आफ्नो कार्यालयको वस्तु लिलाम बिक्री गर्नसक्ने :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय प्रमुख वा निजको अनुपस्थितिमा निजको निमित्त भै काम गर्ने निज मातहतको कर्मचारीले आफ्नो कार्यालयमा रहेको लिलाम बिक्री गर्ने वस्तु यस नियमावलीबमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

## परिच्छेद-१५

## वस्तु हटाउने वा नष्ट गर्ने सम्बन्धी व्यवस्था

९२. **वस्तु हटाउने वा नष्ट गर्नुपर्ने :** (१) देहायका वस्तु कार्यालयबाट हटाउन वा नष्ट गर्नु परेमा कार्यालयको प्रमुखले सोको कारण र हटाउने वा नष्ट गर्ने तरिका समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ :-

(क) ऐनको दफा ५५ बमोजिम कुनै पैठारीकर्ताले आफूले पैठारी गरी कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी कार्यालयमा छोडेको प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्री समेत हुन नसक्ने अवस्थाको वस्तु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) ऐनको दफा २५ को उपदफा (७) बमोजिम जफत गरी सडाउन पर्ने वा नष्ट गर्नु पर्ने वस्तु,

(ग) लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको वस्तु,

(घ) ऐनको दफा ११३ को उपदफा (८) बमोजिम नक्कली पाइएको भई जफत भएको वस्तु।

(२) उपनियम (१) बमोजिमका वस्तु कार्यालयबाट हटाई सडाउन, गलाउन वा नष्ट गर्दा लाग्ने खर्च कार्यालयले सम्बन्धित वस्तु धनीबाट असुल गर्नु पर्नेछ।

९३. **<u>मुचुल्का खडा गर्नुपर्ने :</u>** (१) नियम ९२ बमोजिम निर्णय भएपछि सम्बन्धित कार्यालयले जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा नजिकको सरकारी कार्यालय मध्ये कुनै दुई वटा कार्यालयका प्रतिनिधि, उपलब्ध भएसम्म स्थानीय उद्योग वाणिज्य सङ्घको प्रतिनिधि र भन्सार अधिकृतको रोहवरमा मुचुल्का खडा गरी सार्वजनिक रूपले त्यस्तो वस्तु कार्यालयबाट हटाई सडाउने, गलाउने वा नष्ट गर्ने कार्य गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम त्यस्तो वस्तु हटाउने वा नष्ट गर्ने कार्य पूरा भएपछि कार्यालयको प्रमुखले सो व्यहोरा प्रमाणित गरी त्यस्तो वस्तुलाई कार्यालयको लगतबाट कट्टा गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१६
## मूल्याङ्कन समिति सम्बन्धी व्यवस्था

**९४. मूल्याङ्कन समिति :** (१) ऐनबमोजिम नियन्त्रणमा लिइएको वा जफत भएको सवारी साधन, ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (क) बमोजिम कुनै सरकारी निकायलाई हस्तान्तरण गरिने वस्तु तथा ऐन वा यस नियमावलीबमोजिम लिलाम बिक्री गर्नुपर्ने वस्तुको मूल्याङ्कन गर्न देहायबमोजिमको एक मूल्याङ्कन समिति रहनेछ :-

(क) सम्बन्धित कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको कर्मचारी - संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित उद्योग वाणिज्य सङ्घको प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि - सदस्य

(ङ) सवारी साधनको हकमा मेकानिकल प्राविधिक - सदस्य

(२) मूल्याङ्कन समितिले पैठारीमा लाग्ने महसुल नतिरिएको वस्तुको मूल्य कायम गर्दा सो वस्तुको खरिद मूल्य, नेपालको भन्सार बिन्दुसम्मको भाडा, बीमा र सो मूल्यमा वस्तु पैठारी गर्दा लाग्ने महसुल समेत जोडी मूल्य कायम गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मूल्याङ्कन समितिले वस्तुको मूल्य कायम गर्दा वस्तुको भौतिक अवस्था, स्थानीय माग, उपयोगिता, प्रयोग गर्न सकिने अवधि, ह्रास कट्टी, अवशेष मूल्य र बजार मूल्य समेत विचार गरी गर्नु पर्नेछ।

(४) कुनै वस्तु कार्यालयमा दाखिला गर्दा उल्लेख गरेको प्रतिवेदन मूल्य अस्वाभाविक रूपमा बढी भएको भन्ने भन्सार अधिकृतलाई लागेमा मूल्याङ्कन समितिबाट मूल्य कायम गरी त्यस्तो वस्तुको लिलाम बिक्री गर्न सकिनेछ। यसरी कायम भएको मूल्यलाई सुरु अवस्थाको मूल्य मानिनेछ।

(५) मूल्याङ्कन समितिले कुनै वस्तुको सम्बन्धमा जानकार व्यक्तिसँग राय लिई मूल्य कायम गर्न आवश्यक ठानेमा त्यस्तो व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) मूल्याङ्कन समितिको बैठकमा संयोजक र अन्य दुई जना सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णय मान्य हुनेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयमा दाखिला भएको लिलाम बिक्री गर्नुपर्ने सवारी साधन बाहेक दुई लाख रुपैयाँ मूल्यसम्मको वस्तु लिलाम बिक्री गर्ने प्रयोजनको लागि भन्सार अधिकृतले उपनियम (२) र (३) बमोजिमको प्रक्रिया अपनाई मूल्य कायम गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१७

## भन्सार जाँचपास प्रतिनिधि सम्बन्धी व्यवस्था

**९५. भन्सार जाँचपास प्रतिनिधिको नियुक्ति :** (१) ऐनको दफा ९६ बमोजिम भन्सार जाँचपास प्रतिनिधि नियुक्त गर्ने नियुक्तिपत्रको ढाँचा अनुसूची-२७ बमोजिम हुनेछ।

(२) वस्तुधनीले देहायका कागजात संलग्न गरी उपनियम (१) बमोजिम भन्सार जाँचपास प्रतिनिधि नियुक्त गरेको जानकारी त्यस्तो प्रतिनिधि मार्फत वस्तु निकासी वा पैठारी गर्ने कार्यालय प्रमुखलाई उपलब्ध गराउनु पर्नेछ :-

(क) नियुक्तिपत्रको सक्कल प्रति,

(ख) भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र,

(ग) वस्तुधनी भएको पुष्टि हुने प्रमाण,

(घ) निकासी वा पैठारी सङ्केत नम्बर प्रमाणपत्र,

(ङ) फर्म, कम्पनी, सङ्गठित संस्था वा निकायको हकमा दर्ताको प्रमाणपत्र र प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वस्तुधनीले सोही कार्यालयमा सोही भन्सार जाँचपास प्रतिनिधिलाई पुनः नियुक्त गर्नु परेमा यस नियममा उल्लिखित कागजातमध्ये नवीकरण गर्नु नपर्ने प्रकृतिका कागजात पुनः पेस गर्नुपर्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (२) बमोजिम पेस गरिएका कागजातको आधिकारिकता जाँच गर्न आवश्यक देखेमा कार्यालय प्रमुखले सक्कल प्रमाणपत्र माग गर्न सक्नेछ।

(५) उपनियम (२) बमोजिम पेस हुन आएका कागजात जाँचबुझ गर्दा भन्सार सम्बन्धी काम गर्न दिन मनासिब देखिएमा कार्यालय प्रमुखले नियुक्तिपत्रको अभिलेख राखी त्यस्तो काम गर्न अनुमति दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम जाँचबुझ गर्दा भन्सार जाँचपास प्रतिनिधिलाई भन्सार सम्बन्धी काम गर्न दिन मनासिब हुने नदेखिएमा कार्यालय प्रमुखले त्यस्तो नियुक्तिलाई मान्यता नदिई सोको लिखित जानकारी सोही भन्सार प्रतिनिधिमार्फत सम्बन्धित वस्तुधनीलाई दिनु पर्नेछ।

९६. **भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र दिने व्यवस्था :** (१) ऐनको दफा ९७ बमोजिम भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र लिन इच्छुक व्यक्तिको लागि विभागले एक्काईस दिनको सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र ऐनको दफा ९७ को उपदफा (२) बमोजिमको योग्यता पुगेको व्यक्तिले दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दिइने दरखास्तको ढाँचा र सो बापत लाग्ने दस्तुर विभागले निर्धारण गरेबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) भन्सार जाँचपास प्रतिनिधिको छनौट गर्दा लिखित, मौखिक परीक्षा तथा परीक्षणका अन्य विधि अवलम्बन गरिनेछ।

(५) ऐनको दफा ९७ को उपदफा (३) बमोजिमको परीक्षा सञ्चालन गर्न विभागले परीक्षा सञ्चालन सम्बन्धी काम गर्ने कुनै सरकारी निकायलाई अनुरोध गर्न सक्नेछ।

(६) उपनियम (४) बमोजिम छनौट भएको व्यक्तिले छनौट भएको सूचना प्राप्त भएको मितिले साठी दिनभित्र इजाजतपत्र लिने प्रयोजनको लागि सात लाख रुपैयाँ नगद धरौटी वा सो बराबरको बैङ्क जमानत र इजाजतपत्र दस्तुर बापत बिस हजार रुपैयाँ राजस्व दाखिला गरेको प्रमाण सहित विभागमा निवेदन दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम निवेदन प्राप्त भएमा तिस दिनभित्र विभागले अनुसूची-२८ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

(८) उपनियम (६) बमोजिमको अवधिभित्र निवेदन नदिने व्यक्तिलाई इजाजतपत्र प्रदान गरिने छैन।

(९) उपनियम (७) बमोजिम दिइएको इजाजतपत्रको अवधि त्यस्तो इजाजतपत्र जारी भएको मितिले तीन आर्थिक वर्षसम्म कायम रहनेछ।

(१०) उपनियम (७) बमोजिमको इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले इजाजतपत्रको अवधि समाप्त हुनु अगावै नवीकरण दस्तुर बापत बिस हजार रुपैयाँ बुझाई देहायका कागजात सहित विभागमा निवेदन दिनु पर्नेछ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कर चुक्ताको प्रमाणपत्र,

(ख) बैङ्क जमानत राखी भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र लिएको भए त्यस्तो इजाजतपत्र नवीकरण गरिने अवधिसम्म म्याद भएको बैङ्क जमानत।

(११) उपनियम (१०) बमोजिमको इजाजतपत्रको अवधि समाप्त हुन अगावै इजाजतपत्र नवीकरण गराउन नसकेको इजाजतपत्रवालाले इजाजतपत्रको अवधि समाप्त भएको मितिले एक वर्षभित्र उपनियम (१०) बमोजिम लाग्ने दस्तुरको अतिरिक्त थप दश हजार रुपैयाँ दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

(१२) उपनियम (११) बमोजिमको अवधिभित्र समेत नवीकरण नगराउने भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र स्वतः रद्द हुनेछ।

(१३) उपनियम (१०) र (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार जाँचपास प्रतिनिधिको इजाजतपत्र नवीकरण नगरेको अवधिमा त्यस्तो व्यक्तिले भन्सार जाँचपास प्रतिनिधिको हैसियतले कुनै काम गर्न पाउने छैन।

(१४) वस्तु जाँचपास वा कार्यालयसँग सम्बन्धित काम भन्सार जाँचपास प्रतिनिधि आफैं उपस्थित भई गर्नु पर्नेछ।

(१५) विभाग वा कार्यालयले भन्सार जाँचपास प्रतिनिधिको लागि भन्सार जाँचपास प्रक्रिया, प्रयोगमा ल्याइएको सूचना प्रविधि तथा निकासी वा पैठारीसँग सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानून लगायतका विषयमा आवश्यकताअनुसार तालिम प्रदान गर्न सक्नेछ।

(१६) ऐन तथा यस नियमावली विपरीत नहुने गरी भन्सार जाँचपास प्रतिनिधि छनौट सम्बन्धी पाठ्यक्रम, परीक्षा सञ्चालन, तालिम, आचारसंहिता र अन्य विषयका सम्बन्धमा विभागले आवश्यक व्यवस्था गर्न सक्नेछ।

९७. **वस्तुधनीले आफैं जाँचपास गराउनसक्ने :** यस परिच्छेदबमोजिम भन्सार जाँचपास प्रतिनिधि नियुक्त भएको अवस्थामा समेत वस्तुधनी कार्यालयमा आफैं उपस्थित भई वस्तु जाँचपास गराउन वा कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ।

## परिच्छेद-१८

## जाँचपासपछिको परीक्षण सम्बन्धी व्यवस्था

९८. **जाँचपासपछिको परीक्षणको लागि छनौट गर्ने :** (१) ऐनको दफा १०२ बमोजिम जाँचपासपछिको परीक्षणको लागि प्रमुख भन्सार परीक्षण प्रशासकले ऐनको दफा १४ को खण्ड (ख) बमोजिम छनौट गर्दा देहायका आधारमा जोखिम विश्लेषण गरी छनौट गर्न सक्नेछ :-

(क) वस्तुको घोषणा, भुक्तानी गरिएको राजस्व र वस्तु पैठारी वा निकासी गरिएको परिमाण,

(ख) वस्तुको घोषणा गरिएको मूल्य र समरूपका वा उस्तै प्रकारका वस्तुको घोषणासँगको तादात्म्यता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) वस्तुको वर्गीकरण,

(घ) वस्तु उत्पत्तिको मुलुक र वस्तु चलान भएको स्थान,

(ङ) महसुल छुट वा सहुलियत दरमा जाँचपास भएको वस्तु,

(च) वस्तु ढुवानी गरिएको साधन र प्रकार,

(छ) घोषणाकर्ताको विश्वसनीयता र कानून अनुपालनको पूर्व अभिलेख,

(ज) उच्च तथा न्यून महसुल दर भएको वस्तु,

(झ) विभाग वा कार्यालय वा अन्य निकायबाट प्राप्त सूचना,

(ञ) सुविधामा पैठारी गरिएको वस्तु र त्यसको प्रयोग,

(ट) बजारको प्रवृत्ति र अन्य संवेदनशील देखिएको वस्तु,

(ठ) पूर्व परीक्षण प्रतिवेदन,

(ड) परीक्षणको लागि छनौट गर्न आवश्यक देखेका अन्य जोखिमयुक्त व्यक्ति तथा वस्तु।

(२) उपनियम (१) बमोजिम छनौट गर्दा ऐनको दफा २३ को उपदफा (१) बमोजिम जाँचपास भएको वस्तु मध्ये जोखिम विश्लेषणको आधारमा जुनसुकै वस्तु परीक्षणका लागि छनौट गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम छनौट गर्दा देहायको प्रक्रियामध्ये कुनै एक प्रक्रिया अपनाई जाँचपासपछिको परीक्षण गर्ने गरी निर्धारण गर्न सक्नेछ :-

(क) घोषणाकर्ताको निकासी वा पैठारीसँग सम्बन्धित समग्र कारोबारको परीक्षण,

(ख) निकासी वा पैठारी गरिएको वस्तुको कुनै एउटा खेपको सम्पूर्ण वस्तुको परीक्षण,

(ग) कुनै निश्चित अवधि तोकी सो अवधिमा निकासी वा पैठारी गरिएका सम्पूर्ण वस्तुको परीक्षण,

(घ) कुनै वस्तु वा कुनै वस्तुको निश्चित विषयमा केन्द्रित भई गरिने परीक्षण।

९९. **कागजात र अभिलेख सुरक्षित राख्नुपर्ने :** ऐनको दफा १०२ बमोजिम जाँचपासपछिको परीक्षण गर्ने प्रयोजनको लागि निकासीकर्ता वा पैठारीकर्ताले आफूले निकासी वा पैठारी गरेको वस्तुसँग सम्बन्धित देहायका विवरण तथा कागजात तयार गरी त्यस्तो वस्तु जाँचपास भएको मितिले चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछ :-

(क) निकासी वा पैठारी प्रज्ञापनपत्र, महसुल तिरेको रसिद र खरिद खाता,

(ख) बिक्री बीजक तथा बिक्री खाता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) परिमाण समेत खुलेको मौज्दात विवरण,

(घ) वस्तुको निकासी वा पैठारी र बिक्रीसँग सम्बन्धित बैङ्किङ्ग अभिलेख,

(ङ) वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अन्य विवरण,

(च) आफ्नो कारोबारको विवरण कम्प्युटर प्रणालीमा राखेको भए सो प्रणाली,

(छ) निकासी वा पैठारी, सञ्चय र बिक्रीसँग सम्बन्धित अन्य कागजात र विवरण।

**१००. <u>कारोबार स्थलमा प्रवेश तथा निरीक्षण गर्नसक्ने :</u>** ऐनको दफा १०२ बमोजिम जाँचपासपछिको परीक्षण गर्दा महानिर्देशक, भन्सार परीक्षक वा महानिर्देशकले तोकेको भन्सार अधिकृतले निकासी वा पैठारी भएको वस्तुसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित सबै व्यक्ति वा कम्पनीको कारोबार स्थलमा प्रवेश गर्न, सम्बन्धित कागजात नियन्त्रणमा लिन, निरीक्षण गर्न, वस्तुको नमुना सङ्कलन गर्न र वस्तु धनीको गोदाम वा परिसरमा मौज्दात देखाइएको वस्तुको भौतिक परीक्षण समेत गर्न सक्नेछ।

**१०१. <u>अभिलेखको परीक्षण गर्नसक्ने :</u>** (१) ऐनको दफा १०२ बमोजिम जाँचपासपछिको परीक्षण गर्दा महानिर्देशक, भन्सार परीक्षक वा महानिर्देशकले तोकेको भन्सार अधिकृतले सम्बन्धित स्टोरेज एजेन्ट, ढुवानीकर्ता (ट्रान्सपोर्टर),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घोषणाकर्ता लगायत वस्तुको निकासी, पैठारी र व्यापारसँग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्धित व्यक्ति वा कम्पनीको अभिलेख समेत परीक्षण गर्न सक्नेछ।

(२) भन्सार जाँचपासपछिको परीक्षणको क्रममा बहुराष्ट्रिय कम्पनीको अभिलेख तथा कागजात समेत परीक्षण गर्नुपर्ने भएमा त्यस्तो अभिलेख तथा कागजात सम्बन्धित परीक्षकले माग गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम माग भएको विवरण उपलब्ध गराउने दायित्व सम्बन्धित व्यक्ति वा कम्पनीको हुनेछ।

**१०२. <u>वस्तु बिक्रीको खुद्रा तहसम्मको कारोबार परीक्षण गर्न सक्ने :</u>** सम्बन्धित परीक्षकले पैठारीकर्ताले वस्तु पैठारी गर्दा कार्यालयमा घोषणा गरेको मूल्यको आधिकारिकता परीक्षण गर्ने प्रयोजनको लागि पैठारी गरी बिक्री गरेको वस्तुको खुद्रा तहसम्मको कारोबारको अभिलेख परीक्षण गर्न सक्नेछ।

**१०३. <u>परीक्षणको अग्रिम सूचना दिनुपर्ने :</u>** ऐनको दफा १०२ बमोजिम जाँचपासपछिको परीक्षण गर्दा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सम्भव भएसम्म परीक्षण गर्ने मिति र समय तोकी अग्रिम सूचना दिनु पर्नेछ।

**१०४. <u>कागजात र सूचना गोप्य राख्नुपर्ने :</u>** भन्सार परीक्षकले परीक्षणको सिलसिलामा प्राप्त गरेका कागजात र सूचना ऐनको दफा ११८ बमोजिम गोप्य राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१०५. <u>स्वीकृत लेखा प्रणाली अनुरूप लेखा राख्नुपर्ने :</u>** सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी भएको वस्तुको कारोबार स्वीकृत लेखा प्रणाली अनुरूप राख्नु पर्नेछ।

## परिच्छेद-१९

## <u>बैङ्क जमानत र भुक्तानी सम्बन्धी व्यवस्था</u>

**१०६. <u>सर्त रहितको बैङ्क जमानत दिनु पर्ने :</u>** ऐन वा यस नियमावलीबमोजिम विभाग वा कार्यालयमा दिइने बैङ्क जमानतमा उल्लिखित रकम मागेका बखत तत्काल भुक्तानी दिइने व्यहोरा उल्लेख भएको सर्त रहितको बैङ्क जमानत दिनु पर्नेछ।

**१०७. <u>एकल बैङ्क जमानत स्वीकृत गर्नसक्ने :</u>** (१) एकभन्दा बढी कार्यालयबाट नियमित रूपमा वस्तु पैठारी गर्ने पैठारीकर्ताले बैङ्क जमानतमा पैठारी गर्न सुविधा प्रदान गरेको कुनै वस्तु एकल बैङ्क जमानतमा पैठारी गर्नको लागि देहायको एकल बैङ्क जमानत संलग्न गरी भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ :-

(क) वस्तु पैठारी गरिने सम्बन्धित प्रत्येक कार्यालयको नाम र प्रत्येक कार्यालयको लागि दिइएको जमानतको रकम,

(ख) कार्यालयले माग गरेका बखत जमानतमा उल्लेख भए बमोजिमको रकम भुक्तानी गर्ने व्यहोरा उल्लेख



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको र अन्य कुनै सर्त नराखिएको।

(२) उपनियम (१) बमोजिमको निवेदन र बैङ्क जमानत प्राप्त भएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी एकल बैङ्क जमानतमा पैठारी गर्न दिन मिल्ने देखेमा एकल बैङ्क जमानतमा पैठारी गर्ने स्वीकृति दिनेछ।

(३) उपनियम (२) बमोजिम दिएको बैङ्क जमानत फुकुवा गर्दा वा जमानत दिने बैङ्कसँग रकम दाबी गर्दा भन्सार अधिकृतले आफ्नो कार्यालयको लागि दिएको बैङ्क जमानतको रकम मात्र फुकुवा वा दाबी गर्नु पर्नेछ।

१०८. **बैङ्क जमानतको रकम भुक्तानी गर्नुपर्ने :** (१) विभाग वा कार्यालयको नाममा जारी भएको बैङ्क जमानतको रकम सम्बन्धित विभाग वा कार्यालयले माग गरेमा त्यस्तो बैङ्क जमानत जारी गर्ने बैङ्कले सात दिनभित्र सम्बन्धित विभाग वा कार्यालयको नाममा भुक्तानी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र विभाग वा कार्यालयले भुक्तानी माग गरे बमोजिमको बैङ्क जमानतमा उल्लिखित रकम भुक्तानी गर्न नसकेमा आठौं दिनदेखि प्रतिदिन शून्य दशमलव शून्य चार दुई प्रतिशतका दरले व्याजसहित भुक्तानी गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको जमानत रकम र उपनियम (२) बमोजिमको व्याज रकम तिस दिनसम्म भुक्तानी नगर्ने बैङ्कको कारोबार रोक्का राखी प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असुल गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र रकम भुक्तानी नगर्ने बैङ्कबाट जारी भएको कुनै पनि बैङ्क जमानत त्यस्तो भुक्तानी प्राप्त नभएसम्म विभाग वा कुनै पनि कार्यालयबाट स्वीकार गरिने छैन।

(५) विभाग वा कार्यालयको नाममा जारी गरिएको बैङ्क जमानत सम्बन्धित विभाग वा कार्यालयबाट फुकुवा भएको लिखित जानकारी प्राप्त नभएसम्म त्यस्तो बैङ्क जमानत बमोजिमको रकम विभाग वा सम्बन्धित कार्यालयलाई बुझाउने दायित्वबाट बैङ्क जमानत जारी गर्ने बैङ्कले उन्मुक्ति पाएको मानिने छैन।

## परिच्छेद-२०

## निकासी वा पैठारी सङ्केत नम्बर सम्बन्धी व्यवस्था

**१०९. निकासी वा पैठारी सङ्केत नम्बर दिनु पर्ने :** कुनै निकासी वा पैठारीकर्ताले प्रचलित कानून बमोजिम माग गरेमा कार्यालयले त्यस्तो निकासीकर्ता वा पैठारीकर्तालाई निकासी वा पैठारी सङ्केत नम्बर दिनु पर्नेछ।

**११०. निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक नपर्ने :** (१) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगको वस्तु सम्बन्धमा जारी भएको सूचना बमोजिमको वस्तु ल्याउन वा लैजान, एक पटकमा दश हजार रुपैयाँ मूल्यसम्मको वस्तु पैठारी गर्न वा दश लाख रुपैयाँ मूल्यसम्मको वस्तु निकासी गर्नको लागि निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक पर्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निकासी वा पैठारी सङ्केत नम्बर लिइसकेको व्यक्तिले जतिसुकै मूल्यको वस्तु निकासी वा पैठारी गर्दा अनिवार्य रूपमा निकासी वा पैठारी सङ्केत नम्बर उल्लेख गर्नु पर्नेछ।

१११. **निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गराउनु पर्ने :** (१) निकासीकर्ता वा पैठारीकर्ताले ऐनको दफा ११४ बमोजिम लिएको निकासी वा पैठारी सङ्केत नम्बर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरु हुनु अगावै कार्यालयमा निवेदन दिई नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगले एकैपटक पाँच आर्थिक वर्षको लागि निकासी वा पैठारी सङ्केत नम्बरको नवीकरण गराउन चाहेमा पाँच वर्षको लागि लाग्ने दस्तुर एकमुष्ठ तिरी नवीकरण गराउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम निवेदन दिंदा निवेदनसाथ कर चुक्ताको प्रमाणपत्र सहित एक हजार रुपैयाँ दस्तुर तिरेको निस्सा पेस गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम आर्थिक वर्ष सुरु हुनुअगावै नवीकरण गराउन नसकेमा देहायको अवधिभित्र उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहायको थप दस्तुर तिरी सोही आर्थिक वर्षभित्र नवीकरण गराउन सकिनेछ :-

(क) असोज मसान्तभित्र भए पचास प्रतिशत,

(ख) असार मसान्तभित्र भए शत प्रतिशत।

(५) उपनियम (४) बमोजिम नवीकरण नगराएमा प्रत्येक आर्थिक वर्षको लागि उपनियम (२) बमोजिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तुरमा थप दश हजार रुपैयाँ दस्तुर तिरी पाँच वर्षसम्म नवीकरण गराउन सकिनेछ।

(६) उपनियम (५) बमोजिमको अवधिभित्र नवीकरण नगरेको निकासी वा पैठारी सङ्केत नम्बर स्वतः रद्द हुनेछ।

**११२. <u>निकासी पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्नसक्ने :</u>** (१) कार्यालयले देहायको वस्तु निकासी वा पैठारी गर्ने प्रयोजनको लागि देहायका निकायलाई निकासी पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछ :-

(क) सरकारी निकाय, सार्वजनिक संस्थान, सरकारी आयोजना, कूटनीतिक नियोग वा गैरसरकारी सङ्घ संस्थाले गैरव्यापारिक प्रयोजनको लागि गर्ने निकासी वा पैठारी,

(ख) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएको लघु, घरेलु तथा साना उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, यन्त्र उपकरण र सोको पार्टपुर्जाको पैठारी,

(ग) खण्ड (ख) बमोजिम बाहेकको अन्य उद्योगले त्यस्तो उद्योग स्थापना गर्न आवश्यक पर्ने यन्त्र उपकरण वा सोको पार्टपुर्जा एक पटकको लागि गर्ने पैठारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विभागले तोकेका अन्य निकासी वा पैठारी।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दान, उपहार वा राहतको लागि पटके रूपमा वस्तु निकासी वा पैठारी गर्ने व्यक्तिलाई सम्बन्धित कार्यालयले निकासी पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिम प्रदान गरिएको निकासी पैठारी विशेष सङ्केत नम्बर त्यस्तो वस्तु पैठारी भएपछि स्वतः खारेज हुनेछ।

## परिच्छेद-२१

## पुरस्कार सम्बन्धी व्यवस्था

**११३. पुरस्कार दिइने :** (१) ऐनको दफा ११६ बमोजिम कसैले कुनै वस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वा गरेको सम्बन्धमा सुराकी दिने वा त्यस्तो वस्तु नियन्त्रणमा लिई कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा त्यस्तो वस्तु लिलाम वा बिक्री गरी प्राप्त हुन आएको रकमबाट देहायबमोजिम पुरस्कार दिइनेछ :-

(क) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिनेलाई पन्ध्र प्रतिशत,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वस्तु मात्र नियन्त्रणमा लिई पेस गर्नेलाई बिस प्रतिशत,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वस्तु व्यक्ति सहित नियन्त्रणमा लिई पेस गर्नेलाई तिस प्रतिशत।

**स्पष्टीकरण** : यस नियमको प्रयोजनको लागि "वस्तु लिलाम वा बिक्री गरी प्राप्त हुन आएको रकम" भन्नाले वस्तु लिलाम वा बिक्री गर्दा लिलामी मूल्य वा बिक्री मूल्यमा प्रचलित कानूनबमोजिम जोडिने अन्य कर शुल्क आदि समावेश नभएको वस्तुको लिलामी मूल्य वा बिक्री मूल्य बापतको रकम सम्झनु पर्छ।

(२) उपनियम (१) बमोजिम दाखिला भएको वस्तु लिलाम वा बिक्री नगरी नेपाल सरकारले कुनै सरकारी निकायलाई प्रयोग गर्न दिने निर्णय गरेमा नियम ९४ बमोजिमको मूल्याङ्कन समितिबाट सो वस्तुको मूल्य निर्धारण गराई सो मूल्यको आधारमा उपनियम (१) बमोजिम हुन आउने पुरस्कारको रकम सम्बन्धित निकायले कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र कार्यालयले सो रकम सुराकी र वस्तु नियन्त्रणमा लिई दाखिला गर्ने सम्बन्धित व्यक्ति वा कर्मचारीलाई उपलब्ध गराउनेछ।

(३) यस नियमबमोजिम कुनै कर्मचारीलाई सुराकी बापतको पुरस्कार दिँदा कार्यालयले भुक्तानी गरेको भरपाईको साथमा निजको परिचयपत्रको प्रतिलिपि राख्नु पर्नेछ र त्यस्तो सुराकी बापतको पुस्कार प्राप्त गर्ने व्यक्ति कर्मचारी नभई अन्य व्यक्ति भएमा भरपाईको साथमा निजको परिचय खुल्ने प्रमाणको प्रतिलिपि राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा यस नियमावलीबमोजिम पुरस्कार बापत पाउने रकम दामासाहीले दिइनेछ।

(५) यस नियमावली विपरीत प्राप्त हुन आएको सुराकीलाई पुरस्कार दिइने छैन।

(६) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुन, चाँदी वा जवाहिरात सम्बन्धी मुद्दामा सुराकी दिने र त्यस्तो वस्तु नियन्त्रणमा लिई कार्यालयमा पेस गर्ने व्यक्तिलाई पुरस्कार दिँदा त्यस्तो वस्तु लिलाम वा बिक्री गरी प्राप्त हुन आएको रकमबाट सुराकी दिनेलाई दश प्रतिशत र वस्तु नियन्त्रणमा लिई पेस गर्ने व्यक्तिलाई दश प्रतिशत रकम पुरस्कार दिइनेछ।

(७) यस नियमावलीबमोजिम प्रदान गरिने पुरस्कार अधिकार नभई सहुलियत मात्र भएकोले त्यस्तो पुरस्कार माग गरी कुनै निकाय वा अदालतसमक्ष उजुरी गर्न पाइने छैन।

(८) यस नियमावलीबमोजिम सुराकी पुरस्कार पाउने व्यक्तिको त्यस्तो पुरस्कार रकम बुझ्नु अगावै मृत्यु भएमा निजले प्रतिवेदनमा इच्छाएको व्यक्तिलाई सो पुरस्कार रकम दिन सकिने छ।

(९) यस नियमावलीबमोजिम दिइने पुरस्कार बापतको रकम र सुराकी खर्चको भुक्तानी सम्बन्धित व्यक्तिको बैङ्क खातामा गरिनेछ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चोरी निकासी वा चोरी पैठारीको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागले निर्धारण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको कार्यविधिबमोजिम महानिर्देशकले तत्काल दश हजार रुपैयाँसम्म सुराकी खर्च दिन सक्नेछ।

**११४. <u>सुराकी प्रतिवेदन :</u>** (१) चोरी निकासी वा चोरी पैठारीको सुराकी दिने व्यक्तिले सुराकी सम्बन्धी प्रतिवेदन त्यस्तो वस्तु नियन्त्रणमा लिनु अगावै अनुसूची-२९ बमोजिमको ढाँचामा भौतिक रूपमा वा विद्युतीय माध्ममबाट सम्बन्धित कार्यालयको प्रमुख वा महानिर्देशकलाई दिनु पर्नेछ र वस्तु नियन्त्रणमा लिइसकेपछि प्राप्त हुने सुराकी प्रतिवेदनलाई मान्यता दिइने छैन।

(२) उपनियम (१) बमोजिम सुराकी प्रतिवेदन दिँदा सुरुमा आफ्नो वास्तविक नाम नदिई काल्पनिक नामबाट पनि दिन सकिनेछ।

(३) उपनियम (१) बमोजिम सुराकी प्रतिवेदन प्राप्त हुन आएमा महानिर्देशकले तत्काल सम्बन्धित कार्यालयको प्रमुखलाई जानकारी दिनु पर्नेछ। कार्यालयको प्रमुखले आफूले प्राप्त गरेको वा महानिर्देशकबाट प्राप्त गरेको सुराकी प्रतिवेदन अनुसूची-३० बमोजिमको दर्ता किताबमा दर्ता गरी गोप्य रूपमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(४) वस्तु नियन्त्रणमा लिनु अगावै एउटै विषयमा दुई वा दुईभन्दा बढी सुराकी प्रतिवेदन प्राप्त भएमा पहिले प्राप्त भएको प्रतिवेदनलाई मान्यता दिई त्यसपछि प्राप्त प्रतिवेदनलाई महानिर्देशक वा कार्यालयको प्रमुखले कैफियत जनाई राख्नु पर्नेछ।

(५) सुराकी दिने व्यक्तिले विद्युतीय माध्यमबाट वा काल्पनिक नामबाट सुराकी प्रतिवेदन दिएकोमा त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुराकीले आफ्नो वास्तविक नाम तथा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा राहदानीको प्रतिलिपि सहित उपनियम (१) बमोजिमको सुराकी प्रतिवेदन कार्यालयको प्रमुखलाई यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ र कार्यालयको प्रमुखले त्यस्तो विवरण प्रमाणित गरी सुराकी प्रतिवेदन दर्ता किताबमा जनाई गोप्य राख्नु पर्नेछ।

**११५. <u>सुराकी दिँदा खुलाउनुपर्ने विवरण</u> :** (१) हवाईजहाजबाट हुने चोरी निकासी वा चोरी पैठारीको सुराकी दिँदा हवाईजहाजको उडान नम्बर र समय, वस्तुको नाम, लुकाई छिपाई ल्याउने वा लैजाने तरिका तथा चोरी निकासी वा चोरी पैठारी गर्ने व्यक्तिको सम्भव भएसम्म नाम वा राहदानी नम्बर वा हुलिया समेत खुलाउनु पर्नेछ।

(२) स्थलमार्गबाट हुने चोरी निकासी वा चोरी पैठारीको सम्बन्धमा चोरी निकासी वा चोरी पैठारी हुन लागेको वस्तुको नाम, चोरी निकासी वा चोरी पैठारी हुन लागेको स्थान र समय, प्रयोग भएको सवारी साधनको किसिम र नम्बर, लुकाई छिपाई ल्याउने वा लैजाने तरिका तथा चोरी निकासी वा चोरी पैठारी गर्ने व्यक्तिको सम्भव भएसम्म नाम वा हुलिया समेत खुलाउनु पर्नेछ।

(३) चोरी पैठारी वा चोरी निकासी गरेको वा गर्न लागेको वस्तु कुनै घर, गोदाम वा स्थानमा लुकाई राखेको भएमा त्यस्तो घर, गोदाम वा स्थानको स्पष्ट ठेगाना र सम्भव भएसम्म घरधनीको नाम तथा ठेगाना समेत खुलाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**११६. सुराकीको विवरण गोप्य राख्नुपर्ने :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले नियम ११४ बमोजिम चोरी निकासी वा चोरी पैठारीको सुराक दिने सुराकीको नाम, थर र विवरण गोप्य राख्नु पर्नेछ।

(२) प्रचलित कानूनबमोजिम अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा वा अदालतबाट माग भएकोमा बाहेक कुनै व्यक्ति वा निकायलाई सुराकीको नाम, थर वा विवरण उपलब्ध गराउन भन्सार अधिकृत बाध्य हुने छैन र सुराकी दिएको कारणले मात्र निजलाई कुनै अदालत, निकाय वा कार्यालयमा उपस्थित हुन बाध्य पारिने छैन।

## परिच्छेद-२२

## व्यापार सहजीकरण सम्बन्धी व्यवस्था

**११७. व्यापार सहजीकरण समन्वय समिति :** (१) निकासी पैठारी व्यापारलाई सहजीकरण तथा सरलीकरण गरी समन्वयात्मक रूपमा भन्सार व्यवस्थापन गर्न, सरकारी तथा निजी क्षेत्रका सरोकारवालालाई भन्सार सम्बन्धी कानून र प्रकियाका सम्बन्धमा समसामयिक सूचना प्रवाह गर्न र निजी क्षेत्रका सरोकारवालाको गुनासो सुनी त्यस्ता गुनासोको यथासम्भव सम्बोधन गर्न विभागमा व्यापार सहजीकरण केन्द्रीय समन्वय समिति र कार्यालय रहेको सम्बन्धित जिल्लामा व्यापार सहजीकरण जिल्ला समन्वय समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको व्यापार सहजीकरण केन्द्रीय समन्वय समितिको गठन देहायबमोजिम हुनेछ :-

(क) महानिर्देशक, विभाग -संयोजक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) महानिर्देशक, राजस्व अनुसन्धान विभाग - सदस्य

(ग) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(घ) महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग - सदस्य

(ङ) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग - सदस्य

(च) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य

(छ) महानिर्देशक, पशु सेवा विभाग - सदस्य

(ज) महानिर्देशक, कृषि विभाग - सदस्य

(झ) प्रमुख, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र - सदस्य

(ञ) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क - सदस्य

(ट) सशस्त्र प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल - सदस्य

(ठ) प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(ड) कार्यकारी निर्देशक, नेपाल इन्टरमोडल यातायात विकास समिति - सदस्य

(ढ) संयोजकले आमन्त्रण गरेका नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध अन्य निकायका प्रमुख



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा प्रतिनिधि - सदस्य

(ण) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य

(त) प्रतिनिधि, नेपाल उद्योग परिसङ्घ - सदस्य

(थ) प्रतिनिधि, नेपाल च्याम्बर अफ कमर्श - सदस्य

(द) प्रतिनिधि, राष्ट्रिय उद्योग व्यापार सङ्घ - सदस्य

(ध) प्रतिनिधि, भन्सार एजेन्ट महासङ्घ - सदस्य

(न) प्रतिनिधि, नेपाल फ्रेट फरवार्ड एसोसिएसन - सदस्य

(प) निर्देशक, व्यापार तथा सेवाग्राही सहजीकरण हेर्ने शाखा, विभाग - सदस्य-सचिव

(३) उपनियम (२) बमोजिमको व्यापार सहजीकरण केन्द्रीय समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(४) उपनियम (२) बमोजिमको व्यापार सहजीकरण केन्द्रीय समन्वय समितिको संयोजकले आवश्यकता अनुसार अन्य निकायका पदाधिकारी तथा व्यक्तिलाई व्यापार सहजीकरण केन्द्रीय समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (२) बमोजिमको व्यापार सहजीकरण केन्द्रीय समन्वय समितिले बैठक र निर्णय सम्बन्धी आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

(६) उपनियम (१) बमोजिमको व्यापार सहजीकरण जिल्ला समन्वय समितिको गठन देहायबमोजिम हुनेछ :-

(क) प्रमुख, कार्यालय - संयोजक

(ख) प्रतिनिधि, आन्तरिक राजस्व कार्यालय - सदस्य

(ग) प्रतिनिधि, राजस्व अनुसन्धान कार्यालय - सदस्य

(घ) प्रतिनिधि, नेपाल प्रहरी - सदस्य

(ङ) प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपाल - सदस्य

(च) प्रतिनिधि, पशु क्वारेन्टिन कार्यालय - सदस्य

(छ) प्रतिनिधि, प्लान्ट क्वारेन्टिन कार्यालय - सदस्य

(ज) प्रतिनिधि, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय - सदस्य

(झ) प्रतिनिधि, वेयरहाउस, आईसीडी वा आईसीपी सञ्चालक - सदस्य

(ञ) प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ- सदस्य

(ट) प्रतिनिधि, भन्सार एजेन्ट सङ्घ - सदस्य

(ठ) प्रतिनिधि, कार्यालय परिसरमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रहेको बैङ्क - सदस्य

(ड) प्रतिनिधि, टर्मिनल व्यवस्थापक - सदस्य

(ढ) कार्यालय प्रमुखले तोकेको भन्सार अधिकृत वा कार्यालयको कर्मचारी -सदस्य-सचिव

(७) उपनियम (६) बमोजिमको व्यापार सहजीकरण जिल्ला समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(८) उपनियम (६) बमोजिमको व्यापार सहजीकरण जिल्ला समन्वय समितिको संयोजकले आवश्यकता अनुसार अन्य निकायका पदाधिकारी तथा व्यक्तिलाई व्यापार सहजीकरण जिल्ला समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) उपनियम (१) बमोजिमको व्यापार सहजीकरण जिल्ला समन्वय समितिले बैठक र निर्णय सम्बन्धी आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-२३

## विविध

**११८. मुद्रा वा धारक विनिमेय अधिकारपत्र घोषणा गर्नुपर्ने :** (१) नेपाल राष्ट्र बैङ्कले तोकेको भन्दा बढी मूल्यको नेपाली वा सो बराबरको विदेशी मुद्रा वा धारक विनिमेय अधिकारपत्र नेपालबाट विदेश लैजाने वा विदेशबाट नेपालमा ल्याउने व्यक्तिले सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानूनबमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयमा घोषणा गरी भन्सार अधिकृतबाट प्रमाणित गराई ल्याउनु वा लैजानु पर्नेछ।

(२) मुद्रा वा धारक विनिमेय अधिकारपत्रको घोषणा सम्बन्धी अन्य व्यवस्था सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।

**११९. सफाइ पेस गर्न मनासिब मौका दिनुपर्ने :** ऐनको दफा ७१ बमोजिम घोषणाकर्तालाई जरिबाना वा कारबाही गर्नुअघि निजलाई आफ्नो सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

**१२०. प्रतिलिपि उपलब्ध गराउने व्यवस्था :** (१) घोषणाकर्ताले कार्यालयमा भएका कुनै कागजातको प्रतिलिपि आवश्यक भएमा भन्सार अधिकृतसमक्ष निवेदन दिई माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा आफूले माग गरेको कागजातको स्पष्ट पहिचान हुने विवरण र प्रयोजन खुलाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदनको व्यहोरा मनासिब देखिएमा दस्तुर बापत प्रतिपृष्ठ दश रुपैयाँको दरले हुन आउने रकम बैङ्क दाखिला गर्न लगाई त्यस्तो कागजातको प्रमाणित प्रतिलिपि निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

**१२१. हकदाबीको सूचना जारी गर्नुपर्ने :** (१) वस्तुको धनी पत्ता लाग्न नसकेको कुनै वस्तु ऐनबमोजिम कारबाहीको लागि दाखिला भएमा त्यस्तो वस्तु जफत गर्नुअघि त्यस्तो वस्तुमा कसैको हक लाग्ने भए प्रमाण सहित दाबी गर्न आउनु भनी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पन्ध्र दिनको म्याद दिई अनुसूची-३१ बमोजिमको ढाँचामा भन्सार अधिकृतले वा अनुसन्धान अधिकृत तोकिएकोमा अनुसन्धान अधिकृतले दस्तखत गरी सूचना जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जारी गरिएको सूचनाको एक प्रति कार्यालयले सूचना पाटीमा टाँस गरी सो सूचना सोही मितिमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य सङ्घको कार्यालयमा टाँस गर्नको लागि प्रत्येक कार्यालयको लागि दुई प्रतिका दरले पठाउनु पर्नेछ र त्यस्तो सूचना सम्भव भएसम्म कार्यालयको वेबसाइटमा समेत सर्वसाधारणको पहुँच हुने गरी राख्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सूचनाको एक प्रति सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य सङ्घले आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यथाशीघ्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको सूचना टाँस गरिएको लिखित जानकारी प्राप्त भएपछि त्यस्तो सूचना रीतपूर्वक तामेल भएको मानिनेछ।

**१२२. <u>राष्ट्रिय एकद्वार प्रणाली :</u>** (१) ऐनको दफा १२३ बमोजिम राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध निकासी वा पैठारीसँग सम्बन्धित निकायले भन्सार जाँचपाससँग सम्बन्धित आफूले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पादन गर्नुपर्ने कार्यको सूचना राष्ट्रिय एकद्वार प्रणालीबाट प्राप्त गरी कार्य सम्पादन गर्ने र सरोकारवाला व्यक्ति वा निकायलाई दिनु पर्ने इजाजतपत्र, अनुमतिपत्र, प्रमाणपत्र, सिफारिस, वस्तु जाँच गरेको प्रतिवेदन वा अन्य सूचना त्यस्तो प्रणालीबाट उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रणालीबाट जारी भएका इजाजतपत्र, अनुमतिपत्र, प्रमाणपत्र, सिफारिस, प्रतिवेदन वा अन्य सूचना प्रचलित कानूनबमोजिम जारी भए सरह मान्य हुनेछ।

(३) राष्ट्रिय एकद्वार प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ग) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(घ) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क - सदस्य

(ङ) महानिर्देशक, विभाग - सदस्य

(च) महानिर्देशक, औषधि व्यवस्था विभाग - सदस्य

(छ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य

(ज) महानिर्देशक, वाणिज्य, आपूर्ति तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपभोक्ता संरक्षण विभाग -सदस्य

(झ) महानिर्देशक, पशु सेवा विभाग - सदस्य

(ञ) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग - सदस्य

(ट) महानिर्देशक, कृषि विभाग - सदस्य

(ठ) कार्यकारी निर्देशक, नेपाल इन्टरमोडल यातायात विकास समिति - सदस्य

(ड) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य

(ढ) प्रतिनिधि, नेपाल उद्योग परिसङ्घ - सदस्य

(ण) प्रतिनिधि, नेपाल च्याम्बर अफ कमर्श - सदस्य

(त) सहसचिव, राजस्व व्यवस्थापन महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(४) उपनियम (३) बमोजिमको समन्वय समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(५) उपनियम (३) बमोजिमको समन्वय समितिको संयोजकले आवश्यक ठानेमा अन्य निकायका पदाधिकारी तथा व्यक्तिलाई समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपनियम (३) बमोजिमको समन्वय समितिले आफ्नो बैठक र निर्णय सम्बन्धी अन्य कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२३. **<u>धरौटी व्यवस्थापन :</u>** (१) ऐन तथा यस नियमावलीबमोजिम कुनै व्यक्तिले कार्यालयमा राखेको धरौटीको अभिलेख त्यस्तो धरौटीको प्रयोजन, धरौटी राख्ने व्यक्तिको नाम र धरौटी राखेको मिति स्पष्ट रूपमा उल्लेख गरी छुट्टै किताब खडा गरी लेखा प्रमुख र कार्यालय प्रमुखले प्रमाणित गरी राख्नु पर्नेछ।

(२) ऐन तथा यस नियमावलीबमोजिम कुनै व्यक्तिले कार्यालयमा राखेको धरौटी फिर्ता लिनको लागि त्यस्तो धरौटीको प्रयोजन समाप्त भएको मितिले एक वर्षभित्र धरौटी फिर्ता पाउनु पर्ने रकम, कार्यालयमा धरौटी राखेको निस्सा, फिर्ता पाउनु पर्ने कारण र कुनै आधार प्रमाण भए सो समेत संलग्न गरी भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सात दिनभित्र निवेदकको मागबमोजिम धरौटी रकम फिर्ता दिनुपर्ने वा नपर्ने सम्बन्धमा निर्णय गरी धरौटी फिर्ता दिनुपर्ने देखिएमा नियमअनुसार फिर्ता दिनु पर्नेछ। त्यस्तो धरौटी रकम फिर्ता दिनु नपर्ने देखिएमा निवेदकलाई कारण सहितको लिखित जानकारी दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको समयावधिभित्र धरौटी फिर्ताको लागि निवेदन नपरेको धरौटी रकमको फेहरिस्त तयार गरी कार्यालय प्रमुखले निर्णय गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा त्यस्तो धरौटी रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१२४. <u>कागजात धुल्याउनु पर्ने</u> :** (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेका देहायका कागजात देहायको अवधि पुगेपछि निर्णय गरी प्रचलित कानूनबमोजिम धुल्याउनु पर्नेछ :-

(क) मुद्दाको अन्तिम किनारा भएको पाँच वर्षपछि सो मुद्दाको मिसिलमा रहेका देहायका लिखत बाहेकका अन्य लिखत :-

(१) मुद्दाको जाहेरी प्रतिवेदन, अभियोगपत्र,

(२) अभियुक्तको बयान,

(३) प्रमाणका सक्कल लिखत तथा कागजात,

(४) पुनरावेदन परेको भए पुनरावेदनपत्र,

(५) मुद्दा दोहोऱ्याउने वा पुनरावलोकनको लागि दिइएको निवेदनपत्र,

(६) मुद्दाको फैसला वा अन्तिम निर्णय,

(७) कुनै सम्पत्ति रोक्का राखिएको भएमा त्यस्तो सम्पत्ति रोक्का राख्न दिइएको आदेश र तत्सम्बन्धी लिखत,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) संरक्षण गर्न आवश्यक देखिएका अन्य कुनै लिखत।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "मुद्दाको अन्तिम किनारा" भन्नाले पुनरावेदन परेको मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट भएको निर्णय र उक्त निर्णयउपर पुनरावेदनको अनुमतिको लागि निवेदन परेकोमा पुनरावेदनको अनुमति प्राप्त नभएको वा पुनरावेदनको अनुमति प्राप्त भएकोमा पुनरावेदन सुन्ने अदालतबाट भएको निर्णय र पुनरावेदन नपरेको मुद्दामा पुनरावेदन गर्नसक्ने अवधि नाघेको भनी भन्सार अधिकृतबाट भएको निर्णय सम्झनु पर्छ।

(ख) वस्तु निकासी वा पैठारीसँग सम्बन्धित प्रज्ञापनपत्र र प्रज्ञापनपत्रसाथ संलग्न रहेका नगदी रसिद लगायतका अन्य कागजात मुद्दाको अन्तिम किनारा भएको पाँच वर्षपछि,

तर मुद्दा परेको प्रज्ञापनपत्र मुद्दाको अन्तिम निर्णय भएपछि र बेरुजुमा परेको प्रज्ञापनपत्र त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बेरुजु फछ्र्यौट भएपछि मात्र धुल्याउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बाहेकका अन्य कागजात धुल्याउने व्यवस्था र प्रक्रिया कागजात धुल्याउने सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।

**१२५. प्रशासकीय पुनरावलोकनको लागि दिइने निवेदनको ढाँचा :** ऐनको दफा ९३ को उपदफा (१) बमोजिम पुनरावलोकनको लागि भन्सार मूल्य निर्धारणको सम्बन्धमा दिइने निवेदनको ढाँचा अनुसूची-३२ बमोजिम र वस्तु वर्गीकरणको सम्बन्धमा दिइने निवेदनको ढाँचा अनुसूची-३३ बमोजिम हुनेछ।

**१२६. विद्युतीय अभिलेख सुरक्षित राख्ने :** विभागले भन्सार जाँचपाससँग सम्बन्धित कम्प्युटर प्रणालीबाट प्रशोधन भएको अभिलेख र अन्तर्राष्ट्रिय व्यापार तथ्याङ्क अद्यावधिक गरी सोको डिजिटल अभिलेख सुरक्षित राख्नु पर्नेछ।

**१२७. अन्तर्राष्ट्रिय व्यापार तथ्याङ्क प्रकाशन गर्ने :** विभागले नेपालमा पैठारी भएको र नेपालबाट निकासी भएको वस्तुको तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण गरी सोको विवरण मासिक तथा वार्षिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

**१२८. निरीक्षण गर्नुपर्ने :** महानिर्देशकले गरेको काम कारबाहीका सम्बन्धमा मन्त्रालयले र भन्सार अधिकृतले गरेको काम कारबाहीका सम्बन्धमा विभागले कम्तीमा वर्षमा एक पटक निरीक्षण गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१२९. <u>अनुसूचीमा हेरफेर गर्नसक्ने :</u>** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**१३०. <u>खारेजी र बचाउ :</u>** (१) भन्सार नियमावली, २०६४ खारेज गरिएको छ।

(२) भन्सार नियमावली, २०६४ बमोजिम भए गरेका काम कारबाही यसै नियमावलीबमोजिम भए गरेको मानिनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

**छोटी भन्सार कार्यालय**

१. मानेभञ्ज्याङ (पशुपतिनगर)
२. गौरीगञ्ज (मेची)
३. मायागञ्ज (विराटनगर)
४. लौकही (सुनसरी)
५. लग्मा जटही (जनकपुर)
६. इनरवा (जनकपुर)
७. सम्सी (जलेश्वर)
८. मटिहानी (जलेश्वर)
९. त्रिभुवननगर (सर्लाही)
१०. बंकुल (गौर)
११. भिश्वा (वीरगञ्ज)
१२. मटिअर्वा (वीरगञ्ज)
१३. ठोरी (वीरगञ्ज)
१४. लुम्बिनी (भैरहवा)
१५. नरैनापुर (नेपालगञ्ज)
१६. गुलरिया (राजापुर)
१७. बेलौरी (कैलाली)
१८. टिङ्कर (दार्चुला)

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२
(नियम ५ सँग सम्बन्धित)

**वाहन र वस्तुको विवरण (मेनिफेष्ट) दिने ढाँचा**

१. हवाई सेवा र उडान नम्बर (हवाईमार्गबाट पैठारी गर्ने वस्तुको लागि) :

२. सिपिङ्ग कम्पनी वा रेलवे वा ट्रान्सपोर्टको नाम (स्थलमार्गबाट पैठारी गर्ने वस्तुको लागि) :

३. वाहनको किसिम र नम्बर (कन्टेनर नम्बर सहित) :

४. आगमन भएको वा प्रवेश गर्ने मिति र समय :

५. क्याप्टेन वा चालकको नाम :

६. पैठारीकर्ताको नाम :

| वस्तुको विवरण | एयर वे बिल नम्बर/बिल अफ लेडिङ्ग नम्बर | अदत सङ्ख्या | वस्तुको परिमाण तथा तौल | चलान भएको मुलुक र स्थान |
|---|---|---|---|---|
| | | | | |

सञ्चालक वा अधिकारप्राप्त व्यक्तिको,-
दस्तखत :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-३

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

## <u>प्रज्ञापनपत्रको ढाँचा</u>

GOVERNMENT OF NEPAL, MOF, DEPARTMENT OF CUSTOMS
BHANSAR PRAGYAPAN PATRA

1 DECLARATION FORM
A CUSTOMS OFFICE
Customs Reference
Na.Le.Pa.Fa.No.89
Manifest

GENERAL INFORMATION SEGMENT

2 Exporter No.
3 Forms
4 CTDno
5 Items
6 Tot pack.
7 Declarant Reference number
8 Importer No.
9 Invoice/Transport document No.
10 Cty f. dest of
11 Trading cty.
13 WHSDays
14 Declarant/Agent/Representative No.
15 Country of export
15 C.E. Code a b
17 C.D. Code a b
16 Country of origin
17 Country of destination
18 Flight or Vehicle Number
19 Ctr.
20 Delivery terms & Place
21 More Vehicle number
22 Currency & total amount invoiced
23 Exch. rate
24 Nature of transac.
25 Mode transport at border
26 Inland mode Transport
27 Place of destination
28 Banking information Bank Code
Terms of payment
29 Office of entry/exit
30 Location of goods

31 Packages and description of goods
Number & Packages.
Number of packages and kind
System H.S Description:
Declared Name:
32 Item No
33 Commodity code(Harmonized Code)
34 Cty. orig. Code a b
35 Gross mass (kg)
36 Prefer.
37 PROCEDURE
38 Net mass (kg)
39 Quota
40 Summary declaration / Previous document B/L
41 Supplementary units
43 V.M.

44 Add. info Documents Produced Certificates and autho-rization
Licence No D.Val D.Qty
A.D.
A.I. Code
45 Adjustment
46 Statistical value

47 Calcul-ation of taxes

| Type | Tax base | Rate | Amount | MP |
|---|---|---|---|---|
| | | | | |
| Cash Deposit | | Total | | |

48 Deferred payment
49 Identification of warehouse

B ACCOUNTING DETAILS
Mode of payment
Assessment number / Date
Receipt number Date
Guarantee Date
Total fees
Total declaration

50 Principal No. Signature
Represented by
Place and date

C I/We hereby certify that the information contained in all pages of this document submitted are true and correct and I/we know that any untrue and discrepancy submitted would be sufficient for legal section against me.
Sign. Date:
Name:
Address:

51 Intended offices of transit and country
Clearance Through:
- Green

52 Guarantee not valid for
Code
53 Office of destination and country

D CONTROL BY OFFICE OF DESTINATION
54 Place and date
Inspector's Name and Signature
Stamp:
Customs Officer Name and Signature



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

GOVERNMENT OF NEPAL, MOF, DEPARTMENT OF CUSTOMS

BHANSAR PRAGYAPAN PATRA

1 DECLARATION

A CUSTOMS OFFICE

Manifest

Customs Reference

3 Forms

7 Declarant Reference

31 Packages and, description of goods

Numbers & Packages

Number of packages and kind

System H.S Description:

Declared Name:

32 Item No

33 Commodity code (Harmonized Code)

34 Cty. orig. Code a| b|

35 Gross mass (kg)

36 Prefer.

37 PROCEDURE

38 Net mass (kg)

39 Quota

40 Summary declaration / Previous document S/L

41 Supplementary units

43 V.M.

44 Add. Info Documents Produced Certificates and autho-rization

Licence No D.Val D.Qty

A.D.

A.I. Code

46 Statistical value

31 Packages and, description of goods

Numbers & Packages

Number of packages and kind

System H.S Description:

Declared Name:

32 Item No

33 Commodity code (Harmonized Code)

34 Cty. orig. Code a| b|

35 Gross mass (kg)

36 Prefer.

37 PROCEDURE

38 Net mass (kg)

39 Quota

40 Summary declaration / Previous document S/L

41 Supplementary units

43 V.M.

44 Add. Info Documents Produced Certificates and autho-rization

Licence No D.Val D.Qty

A.D.

A.I. Code

46 Statistical value

31 Packages and, description of goods

Numbers & Packages

Number of packages and kind

System H.S Description:

Declared Name:

32 Item No

33 Commodity code (Harmonized Code)

34 Cty. orig. Code a| b|

35 Gross mass (kg)

36 Prefer.

37 PROCEDURE

38 Net mass (kg)

39 Quota

40 Summary declaration / Previous document S/L

41 Supplementary units

43 V.M.

44 Add. Info Docume Produce Certificat and rization

Licence No D.Val D.Qty

A.D.

A.I. Code

46 Statistical value

47 ation of taxes

| Type | Tax base | Rate | Amount | M | Type | Tax base | Rate | Amount | M |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

Cash Deposit — Total First Item

| Type | Tax base | Rate | Amount | MP |
|---|---|---|---|---|
| | | | | |

Total Third

Total Second

| Type | Amount |
|---|---|
| | |

Total

D CONTROL BY OFFICE OF DESTINATION

Inspector's Name and Signature

Stamp:

Customs Officer Name and Signature

मुद्रण विभाग, सिंहदरबार



